# अध्याय-एक
# अध्ययन परिचय

## १.१ विषय परिचय

लोक साहित्य समाजको ऐना हो । यसमा समाज र व्यक्तिको मानोभावना प्रतिविम्बित भएका हुन्छन् । मौखिक परम्परामा नै विकसित हुँदै आएका लोकसाहित्यले लिखित रूप प्राप्त गरेको र त्यस सम्बन्धी अध्ययन अनुसन्धान हुन थालेको इतिहास त्यति पुरानो छैन । मौखिक परम्परामा सीमित लोकसाहित्य यसका प्रतिभासँगै मरेर जाने हुनाले यसको अभ्ययन अनुसन्धान गरी संरक्षण प्रदान नगरिँदा यसको मूल रूप कस्तो थियो भन्ने कुराको जानकारी पाउन सकिँदैन । त्यसैले लोकसाहित्यलाई जीवित राख्न यसको सङ्कलन गर्नु आवश्यक छ ।

नेपाल सामाजिक, साँस्कृतिक एवम् भौगोलिक हिसाबले विविधतायुक्त देश हो । यहाँको यही विविधता नै आज नेपाललाई चिनाउने परिचायक बनेको छ । यस आधारमा पनि हाम्रो संस्कृति हाम्रो परिचय हो । यसरी हाम्रो परिचय बोकेको संस्कृतिको संरक्षण र विकासमा लोकसाहित्यले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । लोकसाहित्य लोकजीवनको ऐना हो जसमा स्थानीयताको प्रतिविम्ब देखिन्छ । लोकसाहित्यभित्रका विभिन्न विधाहरूका आआफ्ना विशेषताहरू रहेका हुन्छन् । जसमा पर्ने लोककथा पनि अति नै प्रचलित र लोकप्रिय विधाभित्र पर्दछ । लोककथाका माध्यमबाट समाजलाई सकारात्मक सन्देश दिँदै सुधारको मार्गमा डोऱ्याउन सकिने हुँदा यसको प्रभावकारिता र महत्वलाई उच्च ठानिएको छ । लोककथामा स्थानीय मूल्य र मान्यताहरूको चित्र पाइन्छ । यद्यपि यसमा स्वैर कल्पनाको पनि उत्तिकै प्रयोग देखिन्छ तर पनि स्वैर कल्पनाको माध्यमबाट पनि अन्ततः समाजलाई सकारात्मक सन्देश दिन लोककथाहरू सफल देखिन्छन् ।

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । संसारका सबै भाषा, जात, जाति र क्षेत्रमा लोककथाको अस्तितत्व पाइन्छ । कथा भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृत्तिका रूपमा देखापर्छ । यसरी लोककथा आदिम प्रवृत्तिसँग गाँसिएर संरक्षित र संवर्द्धित भई वयापक हुँदै आएको प्राचीन विधाका रूपमा देखिन्छ । भन्ने र सुन्नेका बीचमा अगाध सम्बन्ध रहने पस्थितिका कारण यसको गतिशीलतामा कुनै बाधा उपस्थित नभई निरन्तर रहेको

पाइन्छ । यसलाई वेदभन्दा पूर्ववर्ती मानिन्छ । (प्रा.मोहनराज शर्मा. डा.खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य) ।

लोकसाहित्य अन्तर्गतका विधाहरू लोकगीत, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान टुक्का, आदि मध्ये सङ्कलन र संरक्षण त्यति हुन नसकेको विधा लोककथा पनि हो । त्यसैले मकवानपुर जिल्लाको चुरियामाई क्षेत्रमा के कस्ता नेपाली लोककथा प्रचलित छन् ? तिनका अभिप्राय के हुन् ? तिनको वर्गीकरण र विश्लेषण कुन कुन आधारमा गर्ने ? त्यस क्षेत्रका नेपाली लोककथाका मूलभूत विषेशता के-के हुन सक्छन् ? नेपाली लोककथाले मकवानपुरको जनजीवनमा के कस्तो भूमिका खेलेको छ ? आदि कुराहरूलाई ध्यानमा राखेर प्रस्तुत अध्ययनको शीर्षक छनोट गरिएको हो र यस कार्यमा मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स.मा प्रचलित लोककथालाई सङ्कलन गरी कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

निम्न लिखित समस्याहरूले यस शोधकार्यतिर अभिप्रेरित गरेका छन् :-

क) मकवानपुरको चुरियामाई गा.वि.स.मा केकस्ता लोककथाहरू प्रचलनमा छन् ?

ख) लोककथालाई केकस्तो पद्धतिबाट विश्लेषण गर्न सकिन्छ ?

## १.३ उद्देश्य कथन

प्रस्तुत अध्ययनकार्यका निम्न उद्देश्य राखिएका छन् :-

क) मकवानपुरको चुरियामाई गाविसमा प्रचलित लोककथालाई सङ्कलन गर्नु,

ख) मकवानपुरको चुरियामाई गाविसबाट सङ्कलन गरिएका लोककथालाई कथा तत्त्वका आधारमा विश्लेषण गर्ने ।

यिनै उद्देश्यमा केन्द्रित रहेर प्रस्तुत अध्ययनपत्र तयार गरिएको छ र अध्ययनमा उल्लेखित उद्देश्यलाई पूर्ण गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा हो । श्रुतिस्मृति परम्परामा आधारित यो विधा लोकभावना, लोकविश्वास, लोकसंस्कृति र सामाजिक चालचलनबाट प्रभावित हुन्छ ।

नेपाली लोककथा सङ्कलन परम्पराको थालनी नेपाली साहित्यको माध्यमिक कालको प्रारम्भदेखि नै भएको देखिन्छ तापनि नेपाली लोकजीवनमा प्रचलित मौलिक लोककथाहरूलाई सङ्कलन र प्रकाशन गर्ने कार्यको थालनी बोधविक्रम अधिकारीको 'नेपाली दन्त्य कथा' वि.सं. १९९६ नै भएको मानिन्छ ।

लोककथा सङ्कलन गरी पुस्तकाकार कृतिका रूपमा प्रकाशित उक्त कृतिबाट एकपछि अर्को गर्दै ललितजङ्ग सिजापतिको 'दन्त्यकथा माला' २००३, र 'नेपालका लोककथा' २०२४ सुवर्ण शमशेर जबराको 'दन्त्यकथा' २००५, ललितजङ्ग सिजापतिकै 'नेपाली ऐतिहासिक कथासङ्ग्रह' २००८, अमरमणि प्रधानको 'कथा कहानी' २०११, इमान सिं चेमजोङ् को 'किराँती दन्त्यकथा' २०२१, पासाङ गोपर्माको 'बुहारी' २०२४ हुँदै २०४७ सालमा शिवकुमार श्रेष्ठको 'किराँती लोककथाहरू' प्रकाशित हुन गयो । त्यस्तै २०४८ सालमा रामविक्रम सिंजापतिको 'नेपाली लोककथा सँगालो' प्रकाशित भयो । यस केयरसिंह गुरुङ्गद्वारा सङ्कलित 'नेपाली लोककथा सङ्ग्रह' (२०५३) प्रकाशित भएको पाइन्छ । यस बाहेक प्रदिप रिमाल , हंसपुरे सुवेदी, धर्मराज थापा, विजय चालिसे आदिले पनि नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परालाई गति दिएका छन् । मधुपर्क, गोरखापत्र, गरिमा आदि पत्रपत्रिका र रेडियो टेलिभिजनको पनि लोककथाको प्रकाशनमा योगदान रहेको देखिन्छ भने विद्यालय, विश्वविद्यालयमा लोकसाहित्य सम्बद्ध विषयवस्तु राखिनाले र यस सम्बन्धी शोध, अध्ययनको समेत व्यवस्था मिलाइनाले नेपाली लोकसाहित्यको विकासमा केही मद्दत पुग्दै आएको देखिन्छ तर लोकसाहित्यको अध्ययन अनुसन्धान कार्य अझै कम भइरहेको प्रष्ट छ ।

मकवानपुरको सन्दर्भमा यहाँको लोकसाहित्य सम्बन्धी अध्ययन अनुसन्धान खासै भएको पाइँदैन । यद्यपि केही शोधग्रन्धहरू नपाइएका भने होइनन् । यस क्रममा खिलप्रसाद बरालको 'मकवानपुरका कवि र कविता' (२०६२) शीर्षकको शोधपत्र र मोदनाथ पोखेलको 'मकवानपुरका कथाहरूको अध्ययन' (२०६३) का साथै साधना अमात्य (श्रेष्ठ) को 'मकवानपुर जिल्ला अन्तर्गत पालुङ उपत्यकाका सांस्कृतिक तथा ऐतिहासिक लोककथाहरूको सङ्कलन  र विश्लेषण' (२०६४) शीर्षकको शोधपत्र प्राप्त छन् । यी शोधपत्रहरूलाई नै मकवानपुरको साहित्यिक अध्ययन र विकासमा देखिएका प्रयासहरू मान्न सकिन्छ ।

## १.५ अध्ययनको औचित्य

लोककथामा समाजको स्वभाविक र जीवन्त चित्र उपस्थित हुन्छ । यसको स्रष्टा समाजकै एक एकाई हुने भएकाले त्यसमा सिङ्गो समाजकै अनुभव समेटिएको हुन्छ, यसमा इतिहासको कुरा, सामाजिक नीति नियम, धर्म, संस्कृति, भाषिक स्वरूप आदिको यथार्थ रूप पाउन सकिन्छ । विभिन्न साहसिक बहादुर व्यक्ति वा देवी देवताका कल्याणकारी कार्य अथवा अलौकिक शक्तिको चमत्कार आदि प्रसङ्गका साथै समाजका खराब र ठगप्रवृत्ति, व्यक्तिहरूको चातुर्य आदिलाई उठाइने भएकाले यसमा अपार ज्ञानराशी रहेको हुन्छ । त्यसैले शैक्षिक दृष्टिले पनि लोककथाको सङ्कलन महत्वपूर्ण पाइन्छ ।

कुनै समाज विशेषको सामाजिक मान्यता थाहा पाउन, लोकजीवनपद्धति कस्तो रहेछ भन्ने बुझ्न ऐतिहासिक तथ्य थाहा पाउन लोककथाको सङ्कलन र वर्गीकरण गरी अध्ययन गर्नु सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ । मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स प्रचलित लोककथाहरूको अभिप्राय थाहा पाउन, यसमा निहित लोक संस्कृतिलाई सम्बर्द्धन गर्ने कार्यमा यस्तो अध्ययन सहयोगी हुन सक्छ । लोककथाप्रति रुचि राख्ने जो सुकै व्यक्तिका निम्ति यो एउटा सन्दर्भ सामग्री बन्ने छ भने, प्रस्तुत विषयमा अध्ययन गर्न चाहने अध्ययनकर्तालाई पनि लाभदायक हुने छ भन्ने विश्वास लिन सकिन्छ साथै समस्या कथनमा दिइएका समस्याको निराकरण गरिएको तथा उद्देश्य कथनमा दिइएका उद्देश्यहरू पूरा गरिएको एवम् प्राज्ञिक क्षेत्रमा पनि यस कार्यबाट विशेष योगदान मिल्ने हुँदा यस शोधकार्यको औचित्य स्वतः सिद्ध हुन्छ ।

## १.६ अध्ययनको क्षेत्र तथा सीमा

यस अध्ययनमा मकवानपुरको चुरियामाई गाविसमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यस अध्ययनले लोक साहित्यको प्रचलित विधा लोककथालाई मात्र विषयगत क्षेत्र बनाएको छ । त्यसै गरी क्षेत्रगत सीमामा मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स.लाई मात्र लिएकाले जिल्लाका अन्य क्षेत्रलाई यस अध्ययनले समेट्ने छैन । यी विषयगत र क्षेत्रगत सीमामा बाँधिएर लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.७ अध्ययन विधि

यस शोधपत्रमा क्षेत्रीय अध्ययन विधि प्रयोग गरिएको छ ।

### १.७.१ समग्री सङ्कलन विधि

सामग्री सङ्कलनका प्रचलित विधिहरू विभिन्न भए तापनि लोककथाको सङ्कलनका सन्दर्भमा स्थलगत अध्ययन नै बढी प्रभावकारी हुने भएकोले क्षेत्रीय अध्ययन विधिलाई नै सामग्री सङ्कलनको मुख्य विधिका रूपमा लिइएको छ । यस क्रममा चुरियामाई गा.वि.स. अन्तर्गतका विभिन्न गाउँहरूमा पुगी लोककथाका स्रष्टाहरूसँग प्रत्यक्ष भेटघाट गरेर सामग्री सङ्कलन गरियो ।

### १.७.२ सामग्री विश्लेषण विधि

सङ्कलित लोककथाहरूलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । यस क्रममा लोककथालाई विधा तात्विक दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

## १.८ अध्ययन पत्रको रूपरेखा

'मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स.मा प्रचलित लोककथाको अध्ययन' शीर्षकको प्रस्तुत अध्ययनपत्रको अध्याय योजना निम्नानुसार गरिएको छ ।

पहिलो अध्याय : अध्ययन परिचय

यस अध्ययायको शीर्षक 'अध्ययन परिचय' राखिएको छ । यस अध्याय अन्तर्गत विषय परिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको क्षेत्र तथा सीमा, शोधविधि, समग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि र अध्ययन पत्रको रूपरेखा जस्ता उपशीर्षकहरू राखिएका छन् ।

दोस्रो अध्याय : लोककथा सिद्धान्त

यस अध्यायमा लोककथाको सिद्धान्त अन्तर्गत लोककथाको परिभाषा, विशेषता, तत्त्व, वर्गीकरण, अध्यनपरम्परा र निष्कर्ष राखिएको छ ।

तेस्रो अध्याय : लोककथाको सङ्कलन र विश्लेषण

यस अध्यायमा लोककथाको सङ्कलन र विश्लेषण गरिएको छ । यसमा लोककथालाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

चौथो अध्याय : उपसंहार

यस अध्यायमा अध्ययनको उपसंहार राखिएको छ ।

# अध्याय - दुई
# लोककथा सिद्धान्त

## २.१ परिचय

श्रुति स्मृति परम्पराबाट एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित र गतिशील हुँदै आएको विधा हो लोककथा । कामको थकाइबाट विश्राम लिँदाको बखत, बसिबियाँलोको समयमा मझेरी र आँगनमा बसी बालवयस्क र वृद्धहरूबाट सुन्ने सुनाउने र आनन्द लिनेदिने माध्यम हो लोककथा । यसको कथ्य श्रव्य श्रृङ्खला अन्य हुँदैन । यस्ता कथा सुन्ने र सुनाउने क्रममा देवी देवता, भूत, प्रेत, पशुपंक्षी, कीरा फट्याङ्ग्रा, नदी नाला, राजा महाराजा, बोक्सी, किचकन्या आदिका बारेमा असम्भव, अपत्यारिला एवम् भयङ्कर र विचित्र घटनाहरूको चमत्कार एवम् रोचक घोचक प्रसङ्ग यसमा समेटिएको हुन्छ । त्यसैले कथा सुन्ने सुनाउने दुबैलाई मनोरञ्जन तथा भावनाको साटासाटको अवसर प्राप्त हुन्छ । लोककथाहरूमा रूख, माटो, ढुङ्गा, पहाड आदि पनि बोल्ने तथा यसका जुनसुकै अमानवीय पात्रहरू मानवीय व्यवहार गर्दछन् ।

## २.२ लोककथाको परिभाषा

'लोककथा' 'लोक' 'कथा' दुई शब्दको समासद्वारा बनेको हो । यसको शाब्दिक व्युत्पत्ति गर्दा दुई भिन्न शब्दहरूलाई छुट्टा छुट्टै हेर्नुपर्ने हुन्छ । संस्कृत व्याकरण अनुसार 'लोक' दर्शने धातुमा 'धञ' प्रत्यय लागेर लोक शब्द निर्मित हुन्छ । यसको अर्थ हो देख्नेवाला, जनता, संसार, प्राणी, विभिन्न लोक आदि । 'कथ' धातुमा 'आङ्' 'टाप' प्रत्यय लागेर 'कथा' शब्द निर्मित हुन्छ । यसको अर्थ हो कथा, कहानी, कल्पित कथा, वृत्तान्त आख्यानयुक्त गद्यमय रचना आदि । 'लोक' 'कथा' शब्दलाई तत्पुरुष समासले जोडेपछि लोककथा शब्द बन्दछ  र यसको समन्वित अर्थ हुन्छ जनताद्वारा व्यवहारमा ल्याइएको काल्पनिक आख्यानयुक्त गद्यरचना, अतः लोककथा शब्दको वास्तविक अर्थ लोक समुदायमा व्यवहारमा प्रयुक्त काल्पनिक तथा रोमाञ्चक आख्यानपुक्त गद्यरचना भन्ने हुन्छ । यसलाई लोक साहित्यमा प्रयोग गरिँदै आएको छ । लोक साहित्यका विद्वानहरूले लोककथाको परिभाषा निम्नानुसार गरेको पाइन्छ ।

लोककथाको सुनिश्चित परिभाषा दिने क्रममा सामान्यतः यस कथाभित्र परम्परगत आख्यान र त्यसका भेदहरूलाई लिन सकिन्छ । यसरी परम्परागत लोकाख्यानहरू नै लोककथा हुन् र लोककथाभित्र विभिन्न भेदहरू हुन्छन् भनी पशुकथा (एनिमल्स टेल्स), ऐतिहासिक कथा ( लिजेण्ड), पौराणिक कथा (मिथ) गाथा वा वीरकथा (हिरोइक टेल्स), परिकथा (फेयरि टेल्स) आदि ।

भारतीय विद्वान हजारी प्रसाद द्विवेदीका अनुसार - "मौखिक वा लिखित परम्पराबाट क्रमशः एक पुस्ताबाट अर्को पुस्तालाई प्राप्त हुने प्रचलित कथालाई लोकथा भनिन्छ ।"(पराजुली, र गिरी, २०६८:१७३)

"परम्परादेखि लोक जीवनमा मौखिक रूपमा चलिआएको कथालाई लोककथा भनिन्छ ।" (पोखरेल, २०४०, पृ.११८८)

"धेरै पहिलादेखि मौखिक परम्पराबाट चलिआएको कथा, जनजीवनमा प्रचलित रहेको कथा नै लोककथा हो ।" (अधिकारी र भट्टराई , २०६८:८८७)

"मौखिक वा श्रुति परम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त सारगर्भित एवम् सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ ।" ( शर्मा र लुइँटेल (२०६३:३७२)

"उत्पत्ति जहाँ भए पनि समय र स्थान दुवै दृष्टिले सार्वभौम मौखिक रूपको आख्यानात्मक कथालाई लोककथा भनिन्छ ।" (शर्मा र लुइँटेल २०६३:३७२ बाट उद्धृत)

मोतीलाल पराजुलीका अनुसार "लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्त्वहरूको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएका मौखिक परम्परामा जीवित  परम्परित कथाहरू नै लोककथा हुन् ।" (पराजुली र गिरी २०६८:१७३)

लोकसाहित्यका प्रतिभा जीवेन्द्र गिरी लोककथाको परिचय यसरी दिन्छन्- "लोककथामा अवश्यव नै तत्कालीन परिवेशको छाप परेको हुन्छ तर त्यहाँका प्रतीक र सूत्रहरू पहिल्याउन र यथार्थको नजिक पुग्न सकिन्छ ।" (गिरी, २०५७ : २४)

चडामणि बन्धुका अनुसार "लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अरुले सुन्ने चलन भएका यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा शब्दको प्रचलन लोकसाहित्यको धारणा विकासपछि भएको हो ।

लोक जीवनमा दन्त्यकथा शब्दको प्रचलन पाइन्छ । कथा र कुथुङ्ग्री मिलाएर कथाकुथुङ्ग्री भन्ने चलन पनि छ ।" (पराजुली र गिरी २०६८:१७४)

विद्वानहरूका लोककथा सम्बन्धमा मत, विचार, एवम् दृष्टिकोणलाई आधार मानेर लोककथालाई चिनाउँदा लोककथा एक महत्वपूर्ण, सर्वप्राचीन, श्रुति स्मृति परम्पराबाट पुस्तौं पुस्ता हस्तान्तरण हुँदै आएको लोकप्रिय विधा हो । जसमा धर्म, संस्कार, विचार, भाव, आस्था, मूल्य मान्यता, जीवनपद्धति एवम् भाषिक स्वरूपको प्रकटीकरण भएको हुन्छ । मानिसले देखेका, सुनेका, भोगेका कुराहरूलाई अनुकरण गर्दछ । ती विविध भोगाइहरूको माध्यमबाट तयार भएको दृष्टिकोण अनुभवहरूलाई अर्को व्यक्ति वा पुस्ता समक्ष हस्तान्तरण गर्ने क्रममा उपदेशात्मक, मनोरञ्जनात्मक, पीडात्मक आदि प्रस्तुतीकरणका माध्यमबाट प्रकटीकरण हुने कथा नै लोककथा हुन् भन्न सकिन्छ । यस्ता लोककथा मानव विकासको चरणसँगै र संरचित हुँदै आएको देखिन्छ ।

## २.३ लोककथाका विशेषताहरू

श्रुतिस्मृति कथन परम्परामा निहित रहेर एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण हुँदै जाने काल्पपिनक, असत्य, जादुपूर्ण र अपत्यारिलो भैकन पनि कुतुहलता, जिज्ञासा र अभिप्रायका कारण मनोरञ्जनात्मकता शिक्षाप्रद रोमाञ्चकारी हुनु लोककथाको विशेषता हो ।

यसमा समाजको वास्तविक स्वरूप, युगीन सभ्यता, लोकव्यवहार लौकिक मूल्यमान्यता एवम् आस्था मुखरित भएको पाइन्छ । मुखामुख हस्तान्तरित हुने हुनाले लोककथाका स्वरूप वस्तुनिष्ठता व्यक्ति र समय अनुसार परिमार्जित र परिष्कृत हुनु स्वाभाविकै हो । सामाजिक चालचलन, लोक जीवनका गतिविधि र सभ्यताको सामूहिक सङ्ग्रह भएकोले लोककथालाई अतीत गाथा, सामाजिक जीवनको चित्र, ऐतिहासिक विकासक्रम र युगीन प्रतिच्छायाँका रूपमा लिन सकिन्छ । जुनसुकै जाति एवम् लोक समुदायको परिचय बनेर प्रस्तुत हुने लोककथाको अनगिन्ती विशेषताहरू हुन्छन् जसमध्ये प्रमुख केही विशेषताहरू यहाँ उल्लेख गरिन्छ ।

- श्रुति स्मृति र कथन परम्परामा जीवित हुने,
- अद्‌भूत एवम् रोमाञ्चकारी घटनाको तारतम्य हुने,
- रचनाकार अज्ञात हुने पुस्तौली परम्पराको नैसर्गिक उपज मानिने,

- बौद्धिक र नैतिक उपदेशात्मक सन्देश प्रवाह हुने,
- स्थान र समय अज्ञात हुने हुनाले अनुमानित पात्र संयोजन तथा काल्पनिक परिवेश हुनु ।
- यात्रा गतिशील हुने हुनाले समयसापेक्ष परिवर्तनशीलता अँगाल्ने,
- सुन्ने सुनाउने परम्परामा निहित भएकाले सामूहिकताको अनिवर्यता भएको,
- रस रङ्ग र आनन्दाभूतिका अभिप्रायले प्रस्तुत गरिँदा मनोरञ्जनको प्राप्ति हुनु,
- वक्ता र स्रोता जुनसुकै उमेर, वर्ग र स्थानका हुन सक्ने हुनाले सरलता र सुगमताको विशेषता पाइने,
- यसमा संवाद, गीतिमयता एवम् उखान र टुक्काहरूको प्रसङ्ग पनि जोडिएको हुने,
- 'एकादेशमा' बाट प्रारम्भ भई 'भन्ने बेलामा तात्तातै मुखमा आइजाला' मा अन्त्य हुने ।
- कलात्मक कथ्यशिल्प र चामत्कारिक वर्णनशैली अवलम्बन गरिएमा बढी प्रभावकारी हुने,
- सुगम र शहरिया जीवनभन्दा अपेक्षाकृत दुर्गम र गाउँले जीवनको चित्रण हुने,
- लोकजीवनका धार्मिक, सामाजिक, सांस्कृतिक पद्धति र जीवनशैलीको प्रस्तुती हुने,
- मानवेतर र जड वस्तुहरू पनि मानवीकृत हुने,
- लघु, मध्यम र वृहत् जुनसुकै आकारको हुन सक्ने ।

माथि प्रस्तुत गरिएका विशेषताहरू लोककथामा प्राप्त हुने हुँदा यो एउटा विशिष्ट विशेषता भएको विधाका रूपमा स्थापित छ ।

## २.४ लोकथाका तत्त्वहरू

आख्यानापूर्ण संरचनाका माध्यमबाट अभिप्राय समेटिएको परिपुष्ट कथा बन्नको लागि अङ्गीकार गर्नुपर्ने अङ्गहरूलाई नै लोककथाका तत्त्व भनिन्छ । लोककथालाई परिपक्क अवस्थामा

पुऱ्याउने सम्पूर्ण उपकरण वा व्यञ्जनका आधार नै तत्त्वहरू हुन् । लाककथा लोकशासनको उद्देश्य पूरा गर्नका लागि रचिने हुनाले लोकबोलीमा त्यहाँको लोकविश्वास, सभ्यता र संस्कार, मूल्य र मान्यता, रहनसहन आदि यावत् पक्ष समेटिएका हुन्छन् । अस्तितत्व कायम गर्ने खालका विशिष्टता र तत्त्व अवलम्बन गरेका लोककथाले निजत्व प्राप्त गरेको हुन्छ । 'लोककथामा प्रयुक्त तत्त्व अथवा उपकरणहरूलाई मुख्य रूपमा दुई वर्गमा छुट्याइएको छ । स्थुल विभाजन अन्तर्गत कथानक, चरित्र र परिवेश पर्दछन् भने सुक्ष्म विभाजन अन्तर्गत विषयगत भाषाशैली, उद्देश्य र दृष्टिकोण पर्दछन् ।'(शर्मा, २०५५:३८४) । लोककथाको निर्माण गर्ने आवश्यक सामग्रीलाई लोककथाका तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण, अवयव, संरचक, घटक आदि पनि भनिन्छ । यिनको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । कथाको निर्माणमा यसको आवश्यक हुने र अभावमा कथाको संरचना निर्मित नहुने हुँदा यस्ता तत्त्वलाई अनिवार्य तत्त्व मानिन्छ । आधुनिक कथा र लोककथा दुवैका अनिवार्य तत्त्वहरू समान छन् । लोककथाका अनिवर्य तत्त्वहरूमा कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषा र शैली पर्दछन् भने दृष्टिबिन्दु, संवाद र अभिप्रायलाई लोककथाका ऐच्छिक तत्त्व मानिएको छ । (शर्मा र लुइँटेल, २०६३, पृ.३७५)

लोककथाका तत्त्व निरूपणका सम्बन्धमा लोककथाका अध्येयता डा. मोतीलाल पराजुली आफ्नो लोककथा कृति 'धर्मात्माराजा' मा उल्लेख गर्दछन्- 'सामान्यतः कथानक, पात्र, परिवेश, उद्देश्य, भाषा, शैली र प्रस्तुतीकरण लोककथाका निर्माण तन्तु हुन् ।' (पराजुली, २०५९ : २)

### २.४.१ कथानक

लोककथाको मेरुदण्ड नै कथानक हो । यसमा व्यवस्थित घटनाको बनोट हुन्छ । 'कार्यकारण सम्बन्धमा बाँधिएका घटनाहरूलाई नै कथानक भनिन्छ ।' (शर्मा २०५५: ३९०)

सुसंगठित एवम् पूर्णाख्यान भएको लोककथाका आख्यानको आरम्भ, विकास र विश्रामको श्रृङ्खला सुनियोजित क्रममा हुन्छ । आख्यान संगठित कथानक लोककथाको बीजभूमि हो । यसमा समावेश गरिने किंवदन्ती जनश्रुति कथा नभएर यसलाई रोचक, सम्प्रेष्य, सन्देशवाहक बनाउन मिलाइएका मसला हुन् । लोककथामा कथानक पौराणिक, सामाजिक लगायत विश्वब्रम्हाण्डका

कुनै पनि सन्दर्भ हुन सक्छन् । लौकिक, अलौकिक, काल्पनिक, भावनात्मक आदि सन्दर्भहरू यसका कथानक बन्न सक्छन् भने विषयको स्वरूप, छोटा, मझौला र बृहत सबै खालका हुन सक्छन् । कथानक उत्सुक, रोमाञ्चक, गहन र व्यवस्थित भएमा सफल मानिन्छ । 'एकादेशमा..........' बाट प्रारम्भ भई आख्यानको विकसित क्रमअनुसार अन्त्यमा '............तात्तातै मुखमा आइजाला' बाट विश्रान्ति हुन्छ ।

## २.४.२ अभिप्राय

अभिप्राय लोककथाको आधार तत्त्व हो । कुनै न कुनै अभिप्राय, प्रयोजन, उद्देश्य, हेतु नभई लोककथा संरचित हुँदैन । यसमा प्रयोग हुने समान धर्म वा गुण भएका धेरै वस्तु वा चरित्रको परम्परित रूप वा रुढ तत्त्वहरू अभिप्राय हुन् । अभिप्राय लोककथाको सामाजिक तथा सामूहिक अवचेतनको स्थितर रूप हो । कथाको संरचनामा आयाम निर्धारण गर्ने, मनोरञ्जन दिने, उत्सुकता थप्ने तथा घटना विकासमा क्रियाशीलता ल्याउने काम अभिप्रायबाट नै हुने गर्दछ । यसले कुनै जातीय संस्कृति, भौगोलिक अवस्थिति, लोकजीवन, लोकभावनाको स्वरूप बोकेको हुन्छ । विषय प्रस्तुतिको शैली वाक्यगठनको विश्रृङ्खलितपन एवम् प्रस्तुतीकरण जे जस्तो भए पनि कथाको अभिप्राय सधैँ एकै रहन्छ । त्यसैले लोकथामा यसलाई एउटा अनिवार्य तत्त्वका रूपमा पनि लिन गरिन्छ ।

लोकसाहित्यको आख्यानयुक्त गद्यविधा लोककथा आदिम मानिसहरूले कल्पना गरेका अद्‌भुत कथा, असामान्य घटनाहरू समेटिने सिर्जना भएकाले यसमा प्रशस्त अभिप्रायहरू प्रयोग हुन्छन् । लोककथामा हुने अभिप्रायले गर्दा नै यसलाई सार्थक, आकर्षक र जनमानसबीच प्रिय बनाउन सफल भएको छ । परम्परादेखि अहिलेसम्म लोककथा रहनु अभिप्रायको कारण नै हो । अभिप्रायकै कारणले गर्दा लोककथाले मूल्य र मान्यता प्राप्त गरेको हो । लोककथामा पटक पटक पुनरावृत्त भइरहने एकै किसिमका दृष्टिकोण अभिप्राय हुन् । सौतेनी आमाको दुर्व्यवहार, राजकुमार, राजकुमारीको वीरता नारीको अनैतिक चरित्र जस्ता अभिप्राय धेरै जसो लोककथामा आधारित हुन्छन् यसरी अभिप्रायका आधारमा विभिन्न लोककथाहरूबीच समता स्थापित भई एउटा वर्ग पनि बन्न सक्छ । लोककथा लोकमानसद्वारा अभिप्रेरित भावना अभिप्रायमा अभिव्यक्त हुन्छ ।

अभिप्रायहरू २३ वटा मूल शीर्षकहरूमा विभाजन गरिएको छ । त्यो निम्नानुसार छ ।

क) पुराकथात्मक अभिप्राय

ख) पशुपंक्षी विषयक अभिप्राय

ग) निषेध विषयक अभिप्राय

घ) जादु विषयक अभिप्राय

ङ) मृतक विषयक अभिप्राय

च) आश्चर्य वा चमत्कार विषयक अभिप्राय

छ) दैत्य/दानव विषयक अभिप्राय

ज) परीक्षा विषयक अभिप्राय

झ) बुद्धिमान/मूर्ख अभिप्राय

ञ) धोका तथा छल विषयक अभिप्राय

ट) भाग्य सम्बन्धी अभिप्राय

ठ) भविष्य निर्देशन सम्बन्धी अभिप्राय

ड) अवसर तथा भाग्य विषयक अभिप्राय

ढ) समाज सम्बन्धी अभिप्राय

ण) पुरस्कार तथा दण्ड विषयक अभिप्राय

त) कैदी तथा पलायन सम्बन्धी अभिप्राय

थ) अप्राकृतिक क्रुरता सम्बन्धी अभिप्राय

द) यौन विषयक अभिप्राय

ध) जीवनको प्रकृति

न) धर्म विषयक अभिप्राय

प) चरित्रका विषेशता सम्बन्धी

फ) हाँस्य ठट्टा विषयक अभिप्राय

ब) विविध

माथिका अक्षरले मूल शीर्षक जनाउँछ । यहाँ स्टिन थमसनको अभिप्राय अनुक्रमणिका अनुसार सामग्री विश्लेषणमा पनि सोही तरिका अपनाइएको छ । उल्लेखित तत्त्वहरू नै

लोककथाका निर्माणका आधारभूत अङ्गहरू हुन् । यिनीहरूको संयोजनबाट नै लोककथा सुगठित, स्पष्ट, रोचक र प्रभावकारी हुने हुनाले लोककथामा यी तत्त्वहरूको समन्वय आवश्यक ठानिन्छ । (पराजुली, 'नेपाली लोककथाका अभिप्रायको अध्ययन' शीर्षकको विद्यावारिधि शोधप्रबन्ध, २०५४) ।

### २.४.३ पात्र

कथावस्तु कार्यव्यापार वा भूमिकाबाट अघि बढाउने सन्देश वाहक तत्त्व नै पात्र हो । यो लोककथाको दोस्रो महत्वपूर्ण अङ्ग हो । कथाको कथानकलाई आयतन र घटना अनुरूप भूमिका निर्वाह गर्न अन्तिम अवस्थासम्म पुऱ्याउने काम पात्रले गर्दछ । त्यसैले लोककथामा मानव, मानवेत्तर प्राणी कल्पित प्राणी तथा विभिन्न पदार्थहरू पात्रका रूपमा रहन्छन् । (पराजुली, २०५९ : २)

लोककथा कल्पना प्रधान मौलिक विधा भएकोले यसमा प्रयोग हुने पात्रहरू यथार्थ धरातलबाट नलिई काल्पनिक पात्रहरूलाई पनि काल्पनिक आवरण दिएर मानवीकरण गरिने हुनाले कौतुहल, रोमाञ्चक, भ्रमित आश्चर्यजनक, मनोलोकमा पुऱ्याएर आनन्द दिनुमा पात्रको अहम् भूमिका रहन्छ । मानवीय चरित्रका रूपमा राजा, महाराजा, साहसिक व्यक्ति, वीर पुरुष, साधुसन्त, योगी, तपस्वी तथा सामान्य स्तरका लोकपात्रहरू हुन्छन् भने अमानवीय पात्रमा विरूवा, पहाड, जनावर, पंक्षीहरू, ब्रम्हाण्डका विभिन्न तत्त्वहरू पर्दछन् । त्यस्तै अमानवीय पात्रमा देवीदेवता, राक्षस, भूतप्रेत, अप्सरा, ग्रह, नक्षत्र आदिलाई पनि पात्रका रूपमा भूमिका दिई कथानकलाई उद्देश्यसम्म पुऱ्याउने गरिन्छ । वक्ता र स्रोता दुवैलाई आनन्दानुभूति दिन पात्रको भूमिका अहम् हुने हुनाले चरित्र महत्वपूर्ण तत्त्व मानिन्छ ।

### २.४.४ परिवेश

कथाको देश, काल र परिस्थितिलाई परिवेश भनिन्छ । लोककथाको देश अथवा स्थान प्रायः सुगम र शहरिया परिवेश भन्दा दुर्गम र ग्रामीण परिवेशको सेरोफेरो हुने गर्दछ । पृथ्वी, स्वर्ग, पाताल, परिलोक, नागलोक आदि अलौकि तथा सामाजिक विषयवस्तुमा लौकिक स्थानको परिवेशमा लोककथा जन्मेका हुन्छन् । केही कथाहरू दरबारिया परिवेश तथा सहरीया दृश्यमा

पनि संरचित हुन्छन् तर यस्तो परिवेश न्यून हुन्छन् । कथाको घटनालाई यथार्थ र दुरुस्त तुल्याउन कथावक्ता घटना, पात्रसँगै वातावरणले पनि उत्तिकै भूमिका खेलेको हुन्छ । वातावरणको प्रभावले कथाको कथानक र पात्र काल्पनिक भए पनि यथार्थ हो भन्ने भ्रममा स्रोतालाई पुऱ्याउन सक्ने भएकाले परिवेश अहम् भूमिका भएको तत्त्व हो भनेर मान्न सकिन्छ ।

### २.४.५ उद्देश्य

वक्ताले लोककथा स्रोतासमक्ष प्रस्तुत गर्नुको प्रयोजन नै उद्देश्य हो । लोककथा सुनेर स्रोताले आनन्द प्राप्त गर्नु, सन्देश एवम् शिक्षा प्राप्त हुनु जस्ता केही न केही प्रयोजन यसमा निहित हुन्छ । उद्देश्यबिना न कुनै कार्य हुन्छ न गरिन्छ । त्यस्तै कथा भन्नु र सुन्नुको पछाडि रहेको अभिप्राय नै उद्देश्य हो । जातीय मान्यता, ऐतिहासिक पुरुषहरूको जानकारी, लोकजीवन पद्धति, विश्वास, संस्कृति, मूल्य आदि पहिचान गराउनु एवम् मनोरञ्जन प्रदान गर्नु कथाका उद्देश्य हुन्छन् । धार्मिक नैतिक सन्देश दिनु तथा समाजको सुधारमा, स्रोतालाई अभिप्रेरित गर्नु यसका उद्देश्यहरू हुन् । कुनै न कुनै उपलब्धि ग्रहण गरेर मानवीय एवम् सामाजिक स्तरमा सुधारको दीप प्रज्वलित गर्नेतर्फ लोककथाहरू अग्रसर हुनु आवश्यक छ ।

### २.४.६ भाषा

भाषा लोककथाको अनिवार्य तत्त्व हो । यो लोकथाको प्रस्तुतीको माध्यम हो । यसकै माध्यमबाट लोकले कथाको मर्मलाई ग्रहण गर्ने हुँदा यो बोधगम्य, सरल र स्पष्ट हुनु पर्दछ । यो आम मानिसहरूको मस्तिष्कको उपज भएकाले वक्ताको भाषिक स्तरबाट लोककथा प्रभावित हुन्छ । शिक्षित अशिक्षित दुवै मानिसहरूले भन्ने सुन्ने लोककथामा प्रयुक्त भाषा सरल हुन सकेन भने लोककथाको वास्तविक स्वरूप प्रष्टिन सक्दैन । वाक्यहरू छोटा छोटा, अजटिल र अनलङ्कृत हुनु लोककथाको भाषिक विशेषता हो । लोककथाको पाठै पिच्छे भाषा परिवर्तन भई रहन्छ । वक्ता परिवर्तन हुँदा वा पटक पटक सुनाउँदा भाषामा केही परिवर्तन हुन्छ भने विभिन्न ठाउँमा सुनाउँदा पनि भाषागत परिवर्तन भइरहन्छ । समय र स्थानका भेदले भाषामा परिवर्तन भएझैँ लोककथाका पाठमा पनि परिवर्तनको क्रम चलिरहन्छ । लोककथाका भाषामा स्थानीय

भाषिकाको प्रबलता रहने हुँदा सोही अनुरूप परिवर्तन भइरहनु यसको अर्को विशेषता हो । यसैले लोककथामा भाषाको खास महत्व रहेको हुन्छ ।

### २.४.७ शैली

कथा प्रस्तुतिको ढङ्गलाई शैली भनिन्छ । लोककथामा विषयवस्तु भन्ने व्यक्ति अनुसार शैली फरकफरक हुन पुगे पनि यसमा मुख्यतः वर्णनात्मक शैली प्रयोग बढी गरिन्छ । वक्ताको भाषिक स्तरबाट शैली पनि प्रभावित हुने हुँदा कथाको प्रभावकारीता र रोचकता वक्ताको शैलीमा निर्भर रहन्छ । लोककथाको शैलीमा अर्थको जटिलता अर्थ बिम्ब, प्रतीकको प्रधानता हुँदैन । यसको शैली सादा हुन्छ । यसमा संवादात्मकताको खासै महत्व नभए पनि घटनाहरूको आकस्मिक मोडका कारण नाटकीय शैलीको पर्याप्तता रहन्छ । श्रोतामा निरन्तर ‘अनि के हुन्छ’ ..........भन्ने उत्सुकता र संशय जगाइ राख्नु यसका शैलीको महत्वपूर्ण पक्ष हो ।

### २.४.८ शीर्षक

शीर्षकले कथानकको पूर्ण स्वरूपलाई प्रतिविम्बित गर्नु पर्छ किनकि यसलाई हेरेर कथा कस्तो छ, भन्ने अनुमान गरिन्छ । त्यसैले शीर्षकलई लोककथाको अनुहार मानिन्छ । कथावस्तुको आकृतिबाट शीर्षकको औचित्य पुष्टि गर्न सकिने हुनाले यी दुईका बीच अभिन्न सम्बन्ध हुन्छ । कथानकको पुरै झल्को बनेर शीर्षक रहने हुँदा वक्ताले लोककथाको शीर्षक उच्चारण गर्दा नै स्रोताले कथा सुन्नमा उत्सुकता प्रकट गर्दछ । त्यसैले शीर्षकलाई पनि लोककथाको सहायक तत्वका रूपमा लिइन्छ । लोककथामा शीर्षक क्रियाशील अङ्गका रूपमा रहने हुँदा यसको महत्व अपेक्षित हुन्छ ।

## २.५ लोककथाको वर्गीकरण

लोककथा लोक साहित्यको सर्वप्राचीन विधा हो । श्रुति-स्मृति कथन परम्परामा आधारित यस विधाको अध्ययन अनुसन्धान विकसित र वैज्ञानिक तवरबाट अझै हुन नसकेको अवस्थामा यसको वर्गीकरणमा पनि विशिष्टताको अभाव रहेकै छ । लोक जीवनको भाव प्रवाह हुने लोककथाले धार्मिक, सामाजिक, सांस्कृतिक अनेक सम्प्रदायको सूक्ष्मदेखि स्थूल रूपहरू समेट्ने

हुनाले वर्गीकरण यस्तै हुन्छ भनेर ठम्याउन कठिनाइ बेहोर्दै आइएको अवस्था छ । लोककथाको वर्गीकरणका सम्बन्धमा पाश्चात्य एवम् पूर्वीय विद्वानहरूको मत अघि सार्नु सान्दर्भिक हुन जान्छ ।

नेपाली लोक साहित्यका अध्येयता तुलसी दिवसले लोककथाको वर्गीकरणमा निम्नलिखित दश प्रकारमा गरेका छन् । क) सांस्कृतिक ऐतिहासिक लोककथा ख) अर्तीउपदेशका लोककथाहरू ग) पशुपंक्षीका लोककथाहरू घ) मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू ङ) अतिमानीय रूपका लोककथाहरू च) दैवी लाककथाहरू छ) फलफूलका लोककथाहरू ज) साहस र बहादुरीका कथाहरू झ) धार्मिक लोककथाहरू ञ) विविध लोककथाहरू (दिवस, २०३३ : ३८)

नेपाली साहित्यका अध्येयता द्वय धर्मराज थापा र हंसपुरे सुवेदीले आफ्नो पुस्तक 'लोकसाहित्यको विवेचना' मा लोककथाको वर्गीकरण यसरी गर्न स्वभाविक ठानेका छन् । क) धार्मिक तथा सांस्कृतिक ऐतिहासिक लोककथा ख) मानवी तथा अतिमानवी लोककथा ग) पशुपंक्षीका लोककथा घ) दैवी लोककथा ङ) विविध लोककथा (थापा र सुवेदी, २०४१:३४६)

संस्कृत साहित्यका प्रसिद्ध विद्वानहरू आनन्दवर्द्धनले कथालाई परीकथा, सफलकथा र खण्डकथा गरी तीन प्रकार उल्लेख गरेका छन् भने हरिभद्र आचार्यले अर्थकथा, कामकथा, धर्मकथा, संकीर्णकथा गरी चार वर्गमा विभाजन गरेका छन् । (चुडामणी बन्धु,नेपाली लोकसाहित्य, २०५८: २९१)

त्यस्तै अर्का लोककथाका अध्येयता पाश्चात्य विद्वान स्टिथ थमसनले कथालाई (क) परम्परागत कथाहरू (Raditonans) ख) परीकथाहरू (Fairy Tales) ग) पशुकथाहरू (Animal Tales) घ) नीतिकथाहरू (Fables) र ङ) पौराणिक कथाहरू (Myths) गरी पाँच वर्गमा राखेका छन् (बन्धु, २०५८:२९१)

लोककथाका प्रकारका सम्बन्धमा उल्लिखित पूर्वीय तथा पाश्चात्य लोकसाहित्यका अध्येयता वर्गीकरण तत्त्वहरूका आधारलाई निरूपण गर्दा अध्येयता दिवसको वर्गीकरण आधार नै तुलनात्मक रूपमा पुष्ट र सान्दर्भिक ठानी सोही अनुसारको सामान्य परिचय यहाँ प्रस्तुत गरिन्छ ।

### २.५.१ साँस्कृतिक ऐतिहासिक लोककथाहरू

लोककथामा साँस्कृतिक मूल्य, मान्यता र प्रचलनहरू जोडिएका हुन्छन् । रीतिरिवाज, परम्परा, अन्धविश्वास, चाडपर्वजस्ता सांस्कृतिक संस्कारहरू लोककथाले टिप्ने वस्तु हुन् । लोक समुदायमा प्रचलित किंवदन्ती, इतिहास, समयको कालखण्डसँगै घटेका घटनारु, युद्ध पराक्रम, चमत्कारपूर्ण कार्य, लोकविश्वासले सत्य ठानेका सृष्टिचक्र आदि लोककथाले स्वीकार गरेको हुन्छ । संस्कृति र इतिहास परस्पर सम्बन्धित भएर लोककथाका विषय बनेर लोक समुदायका गलाबाट प्रस्फुटन हुने गर्दछ । कल्पित इतिहास प्रचलित संस्कारहरू नै मिश्रित रूपमा लोककथामा समेटिएको हुने हुनाले समाजमा सांस्कृतिक ऐतिहासिक लोककथाहरू प्रशस्त प्रचलनमा रहेको पाउन सकिन्छ ।

### २.५.२ अर्ती उपदेशका लोककथाहरू

लोककथाको महत्वपूर्ण अभिप्राय अर्ती उपदेश दिनु नै हो । यसल व्यक्ति समाजका विभिन्न चरण र प्रक्रियाहरूलाइ समेटेर परिवर्तित पुस्ता एवम् वर्गलाई ज्ञानमूलक, नीतिपरक, अर्ती उपदेश अग्रज बुढापाका र गन्यमान्य व्यक्तिबाट बालबालिका, युवा तन्नेरी एवम् अज्ञानी वर्गमा जीवनका तथ्य, सत्य र वास्तविक पक्षको बोध गराई आचरणमा शुद्ध नैतिक मूल्य मान्यता, सदाचार, सत्कर्मको विकास होस् भन्ने हेतु राखी लोककथा हालिन्छ । त्यसैले समाजमा यस्ता सिर्जनाहरू बढी पाइन्छन् । कमजोर निमुखाप्रति दयाभाव, सेवाभाव राख्नु, सधैँ सन्तोषी र सहनशील एवम् कर्मशील बन्नु, सद्गुणको विकास गरेर समाजमा प्रतिष्ठा कायम गर्नु जस्ता उपदेश र अर्ती समेटिएका लोक सिर्जनाहरू यस कित्तामा पर्दछन् ।

### २.५.३ पशुपंक्षीका लोककथाहरू

लोककथामा प्रायः मानवीय पात्रभन्दा पनि अमानवीय र अतिमानवीय पात्रहरूको प्रतिनिधित्व बढी भएको पाइन्छ । त्यसमा पनि पशुपंक्षीले विशेष भूमिका खेलेका प्रसङ्ग बढी सुन्न पाइन्छ । पशुपंक्षी पनि मान्छे जस्तै कुरा गर्ने, काम सम्पन्न गर्ने, मानवको कार्यमा सहयोगी बनेर आउने, मितेरी बनेर अप्ठ्यारा परिस्थितिहरूलाई निराकरण गर्ने आदि भूमिका पशुपंक्षीको पनि देखिन्छ । आपत् विपत् र कठीन घडीहरूमा बुद्धिमत्तापूर्ण कदम चाल्ने तथा

कार्यसाधनामा नियमित, अनुशासित र धैर्यपूर्ण प्रक्रिया अपनाउने पात्र बनेर पनि लोककथामा मानवीकृत भएका हुन्छन् ।

### २.५.४ मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू

लोककथाले मानवका असल स्वभावको वर्णनका माध्यमबाट सद्गुण विकास गराउने अभिप्राय लिएको हुन्छ  भने खराब दुष्ट चरित्रको माध्यमबाट दुःख एवम् असफलता भोग्नु परेको देखाई सत्मार्गमा हिँडाउने उद्देश्य राखेको हुन्छ । मानवभित्र रहेका काम, क्रोध, लोभ, मोहजस्ता प्रकृतिलाई विषयका रूपमा उठाएर समुदाय समक्ष भण्डाफोर गरिदिएको हुन्छ । असल पात्र, वीर र सहासी व्यक्तिको माध्यमबाट श्रोतालाई साहसिक कार्य गर्न प्रेरणा दिइएको हुन्छ । मूर्ख, ठग, लोभी, विश्वासघाती, धूर्त प्रवृत्तिका मान्छेको खण्डन तथा सज्जन गुणी व्यक्तिको प्रशंसा गर्नु लोककथाका विषय हुन्छन् ।

प्रकृति नै प्राणीका निम्ति स्रष्टा, स्थाता र हर्ता हो । यसले प्राणीलाई जन्माएर हुर्काउने र बाँच्न सिकाउने गर्दछ । समायनुकूल जीवनयापन गर्न र परिस्थितिको समायोजन गर्न आधार प्रदान गर्छ भने प्रकृतिले नै प्राणीको जीवनलीला टुङ्ग्याइ दिन्छ । त्यसैले प्रकृतिले मानव, जीवजन्तु, वनस्पति, ग्रह, नक्षत्रलाई चलायमान गर्छ । यिनै प्रकृतिमा आबद्ध वस्तुका सम्बन्धमा कथा सिर्जना भई लोकमा प्रचलित हुने गरेको छ । प्रकृतिका ढुङ्गा, माटो, नदीनाला, रूख, पहाड, हिमाललाई पात्र बनाई कथानकको प्रसङ्ग जोडेर कथा प्रस्तुत भएको भेटिन्छ ।

### २.५.५ अतिमानवीय रूपका लोककथहरू

लोककथामा लौकिक पक्षहरूको अपत्यारिलो विषय प्रसङ्गहरू समेटिएको पाइन्छ । प्रकृति, जगत्, भूमण्डल, ब्रह्माण्ड, स्वर्ग, नरक आदिका देवीदेवता, भूतप्रेत, राक्षस आदिका विषयमा कथाहरू बनेका हुन्छन् । यस्ता दिव्य चरित्रलाई कथाको विषयवस्तु बनाएर अलौकिक कार्य  र घटनाहरू उल्लेख भएका भेटिन्छन् । सुखको चाहना राखेर स्वर्गादिलोकमा तपस्यारत देवताहरूको कार्यसाधनामा विचलित गराई यौन उद्वेग प्रकट गरेका प्रसङ्ग यस्ता अतिमानवीय स्वरूपका कथामा देख्न पाइन्छ । भूतप्रेत ग्रहहरूले प्राणीहरूलाई दुःख दिने, छल्ने शिव-पार्वती,

लक्ष्मी, विष्णु, इन्द्र-इन्द्राणी आदि भू-प्रकृतिभन्दा टाढाको जगतका पात्रको वर्णन भएका कथाहरू यस वर्गमा पर्दछन् ।

### २.५.६ दैवी लोककथाहरू

सत्यलोक, स्वर्गलोकको देवीदेवता, अप्सरा, इन्द्र-इन्द्राणी, शिव-पार्वती आदि दैवी पात्रहरूको कार्यसाधनको वर्णन भएका कथा दैवी लोककथामा पर्दछन् । अतिमानवीय लोककथामा भन्दा पृथक विषय त्यति  नहुने दैवी कथाहरूमा  मर्त्यलोकका गतिविधि समेटिँदैनन् । यसमा केवल अलौकिक घटना र देवदूत, अप्सरा, यमराज, यमदूत आदिको वर्णन र कार्य गतिविधि यस्ता कथामा समेटिएका हुन्छन् । हाम्रा कतिपय धार्मिक संस्कारहरूमा समेटिएका मान्यताहरू यस्तै दैवी प्रक्रियाबाट उब्जेका निष्कर्षहरूबाट प्रतिबिम्बित भएको पाइन्छ ।

### २.५.७ फलफूलका लोककथाहरू

लोककथामा प्रकृति जगतका रूख-विरुवा, झ्याङ्ग-बुट्यानको प्रसङ्ग उठाइएको हुन्छ । प्राणी जगत्लाई शीतलता प्रदान गर्ने कार्यमा ठूला र फराकिला हाँगाविंगा हुने वृक्ष, वर-पिपल, समी, काब्रो आदि वृक्षका महिमा गाइएको हुन्छ । वृक्षमा पनि पवित्र र पौष्टिक फल दिने रूख विरुवाको महिमा, यसको प्राणी जगतप्रतिको निःस्वार्थ योगदान आदिको विवेचना लोककथामा हुने गर्दछ । अमृतमय पौष्टिक तत्त्व फलफूल, देवीदेवताका लागि पनि प्रसाद एवम् नैवेद्यका रूपमा  अर्पण गर्ने प्रथा रहिआएका तथ्यहरूको उद्घाटन, लोककथाले गरेका हुन्छन्  यसरी फलफूलको विशेष महत्व र विशेषता वर्णित लोककथा यस अन्तर्गत पर्दछन् ।

### २.५.८ साहस तथ बहादुरीका लोककथाहरू

कुनै न कुनै अभिप्राय समेटिएको हुने लोककथाले मानवीय र अतिमानवीय र जुनसुकै पात्रहरूको संयोजनका माध्यमले कथानक पस्किए तापनि त्यसमा मूलतः श्रोतालाई गहन विचार, सन्देश एवम् शिक्षा दिएकै हुन्छ । जसमा पराक्रमी बन्नु पर्ने, साहसिक कार्यमा पछि हट्न नहुने, वीरतापूर्ण पहिचान कायम गर्नुपर्ने, यसो गरेमा लोकमा मर्यादित र अमर बन्न

सकिने सन्देश मूलक अभिप्राय प्रायः कथाले उजागर गरेकै हुन्छ । दिब्य तथा अद्‌भूत चरित्रको प्रदर्शन गरेर सुसाध्य झैँ लाग्ने कार्यमा पराक्रम देखाएर साध्य तुल्याउनु आदि साहसिक र बहादुरीपूर्ण प्रसङ्गहरू लोककथाका विषय बनेका हुन्छन् ।

राजा-महाराजा, देवी-देउता, लडाइँ र युद्धमा संलग्न लडाकु योद्धाको प्रभावशाली साहसिक कदमले स्थिति सुगम बन्न पुगेको घटनाहरूको वर्णन भएकाले लोककथाहरू लोकजीवनमा बढी प्रचलित देखिन्छन् ।

### २.५.९ धार्मिक लोककथाहरू

लोककथाको कथावस्तुको स्रोत प्रमुख रूपमा वेद, पुराण, उपनिषद् नै हो भन्ने विद्वानहरूको मत छ । नेपाली लोकजीवनमा धार्मिक कथाहरूले नै बढी प्रभाव पारेका छन् । धार्मिक लोककथाहरूको श्रुति-स्मृति प्रक्रिया, धार्मिक कार्य, पूजापाठ, भजन-कीर्तन, एकाहा-सप्ताह आदि पुनित अवसरमा मात्र होइन मेलापात जाँदा, जन्म, न्वारन, पास्नी, व्रतबन्ध, विवाहजस्ता शुभमंगलपूर्ण प्रसङ्गमा पनि प्रचलित छ । देवीदेवताको आराधना गर्दा, निराहार बस्दा जस्ता विभिन्न अवसरमा यस्ता लोककथाहरू भन्ने गरिन्छ । यस्ता लोक कथाहरूमा धर्म र पापको व्याख्या गरी मानिसलाई धर्मप्रति उद्यत गराउने काम गरिन्छ । कथामा धर्ममा आस्था राख्ने पात्रको विजय र नास्तिक र ईश्वरको अपमान गर्ने पात्रको पराजयलाई देखाइएको हुन्छ । यस्ता कथाहरूमा धर्मको प्रभावका कारण मानिसले अलौक शक्ति प्राप्त गर्ने, वरदान वा श्राप पाउने जस्ता घटनालाई पनि महत्वका साथ देखाइएको हुन्छ ।

## २.६ निष्कर्ष

विभिन्न विद्वानहरूका मतका आधारमा लोक कथाको परिभाषा, विशेषता, वर्गीकरण र यसका तत्त्व जस्ता कुराहरूलाई यहाँ प्रस्तुत गरिएको छ । जस अनुसार लोककथाहरूमा पनि आफ्नै मौलिक विशेषताहरू रहेका हुन्छन् र खास ढाँचा र ढङ्गबाट यिनीहरूको संरचना तयार भएको हुन्छ अर्थात लोककथा पनि कुनै खास सिद्धान्तबाट निर्देशित हुन्छ भन्ने कुरा उपर्युक्त आधारबाट पुष्टि हुन आउँछ ।

# अध्याय-तीन

# मकवानपुरको चुरियामाई गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण

## ३.१ मुसेको कथा

### ३.१.१ परिचय :

चुरियामाई गा.वि.स.को वडा नं. २ बाट सङ्कलित 'मुसेको कथा' एउटा सामाजिक कथा हो । यस कथाले परिवारका सदस्यहरू खास गरी दाजुभाइका बीचको सम्बन्ध, अंशवण्डा इत्यादिमा हुने धोका र ठगीलाई विषयवस्तु बनाएको छ । यसका साथै जेजति दुःख परे तापनि इमान्दारिताका साथ आफ्नो कर्मप्रति लगनशील हुन सके सफलता प्राप्त हुने आदर्शलाई पनि कथाले समेटेको छ ।

### ३.१.२ मूलपाठ

एकादेशमा एउटा गाउँ थियो । पहाडको त्यस गाउँमा तीन दाजुभाइ बस्थे । तीनै दाजुभाइको बिहे पनि भई सकेको थियो । ती मध्येको माहिलो चाहिँको सन्तान थिएनन् । अरु दाजुभाइका भने सन्तानहरू पनि थिए । माहिलोको नाम मुसे थियो । ऊ अरुभन्दा अलि सोझो खालको थियो । अरु दाजुभाइले त्यो मुसेलाई हेला गर्ने, खान नदिने गर्दारहेछन् तर मुसेकी स्वास्नी भने अलि बाठी रहिछ । एक दिन यो लठेब्रो मुसेलाई आफूहरूले पालिरहनु परेकाले यसलाई अंशबन्डा गरेर छुट्याइदिने सल्लाह दुई दाजुभाइले गरेछन् र घर, राम्रो खेतबारी र राम्राराम्रा सरसामान आफूहरूलाई राखी मुसेलाई कमसल खालको पाखोबारी, एउटा गोठ र एउटा बुढो गोरु दिएर ल मुसे आजदेखि अब तँ एक्लै बस आफैँ काम गरेर खा भनेर छुट्याइ दिएछन् । बिचरो सोझो मुसेले के गरोस् हस् भनेछ । दाजुभाइले छुट्याइ दिए पछि स्वास्नी र आफ्नो पेट पाल्न उसले धेरै मिहिनेत गऱ्यो । त्यही पाखोबारीमा कडा मिहिनेत गरेर तरकारी खेती गऱ्यो । मिहिनेत अनुसार तरकारी पनि असाध्यै राम्रोसँग फल्न थाल्यो । यो देखेर मुसे अब बल्ल सुखका दिन आउने भए भनेर खुसी भयो । त्यही तरकारी टिपेर बजार लगी बेचेर प्रशस्त पैसा कमायो । एक दिन व्यापारबाट कति पैसा कमाइएछ त ? भनेर पैसा भर्नका लागि पाथी

लिन दाजुभाइ कहाँ स्वास्नीलाई पठायो । त्यतिबेला नोटको प्रचलन नभएकाले सिक्का पैसाको मात्र चलन थियो । मुसेकी स्वास्नी पाथी लिन आउँदा उनीहरू अचम्म परेछन् । यो मुसेकहाँ अन्न त छैन यसले के नाप्न पाथी माग्न पठायो त ? भनी जिज्ञासा लागेछ । यो कुरा त पत्ता लागउनै पऱ्यो भनेर पाथीको भित्री पीँधमा खोटो टाँसेर पठाएछन् । पैसा नापेर पाथी फर्काउँदा त पाथीको पीँधमा पैसा टाँसिएर आ'को छ । ओहो घरमा खाने अन्न पनि नभएको मुसे पाथीमा पैसा भर्ने कसरी भयो हँ ? भनेर उनीहरू तीनछक परे ? यो कुरा त पत्ता लागउनु पऱ्यो भनेर उनीहरू मुसेकहाँ गएर ए मुसे तैँले पाथीमा नाप्ने गरी कसरी पैसा कमाइस् हँ ? भनी सोधे । सोझो मुसेले पनि बारीमा तरकारी फलाएर त्यही तरकारी बेचेर पैसा कमाएको कुरा नढाँटी बतायो ? यो सुनेर डाडे दाजुभाइले अब यसलाई बिगार्नु पऱ्यो भनेर राती मुसेको बारीको सबै तरकारी उखेलिदिए र एउटा गोरु पनि मारिदिए । मुसे भोली पल्ट उठेर बारीमा जाँदा त तरकारी पनि सबै उखेलेको छ । गोठमा गोरु पनि मरेको छ । यो त पक्कै पनि तिनै असत्ति दाजुभाइको काम हुनु पर्छ भन्ने मुसेले बुझ्यो तर पनि सोझो मुसे केही गर्न सक्दैनथ्यो । ऊ गोठमा बसेर रुन थाल्यो । लोग्ने रोएको देखेर स्वास्नीले गोरुलाई काटेर यसको मासु बेचेर फेरि पैसा कमाउन सकिने कुरा बताई । अनि उनीहरू लोग्ने स्वास्नी दुवै मिली गोरुको मासु काटेर डोकामा हाली बेच्न हिँडे । जाँदा जाँदा उनीहरू एउटा बाहुन गाउँमा पुगे र साहेब हो............ खसीको मासु खाने हो .............? भन्दै गाउँमा हिड्न थाले । गाउँमा सधैँ मासु खाने अवसर नमिल्ने हुँदा गाउँलेहरूले मासु खान नपाएको धेरै दिन भएको, खसीको मासु घरमै ल्याको र गाउँमा पनि कहिले खसी काट्ने भन्ने कुराको टुङ्गो नभएकाले गाउँलेहरूले हारालुछ गरी सबै मासु किने । मुसेका लोग्ने स्वास्नीले सबै मासु बेचेर साँझ घर फर्के । फेरि पैसा नाप्नलाई मुसेले स्वास्नीलाई पाथी माग्न पठायो । बारीको तरकारी र गोरु खतम भइसकेको मुसेले फेरि पाथी लिन पठाएको देखेर उनीहरू दङ्ग परे र पहिलेझैँ गरी पीँधमा खोटो टाँसी पठाएछन् । पाथी फिर्ता आउँदा फेरि पैसा टाँसिएर आएकाले उनीहरू अचम्ममा परे । फेरि पैसा कमाएको राज पत्ता लगाउन उनीहरू मुसेकहाँ पुगे । मुसेले फेरि पनि नढाँटी कन तिमीहरूले गोरु मारिदिई हाल्यौ त्यही गोरुको मासु काटेँ र पारि बाहुन गाउँमा लगेर गोरुको मासु बेची पैसा कमाएँ भनी बतायो । यो सुनेर पापी दाजुभाइको मनमा मुसेको जाबो एउटा गोरुको मासु बेच्दा त यत्तिका पैसा आउँदो रहेछ भने हाम्रा त यत्तिका धेरै वस्तुभाउ छन् हामी

पनि त्यसै गर्नु पऱ्यो भनी सबै वस्तुभाउ मारेर सबैजनाले मासु डोकामा बोकी बाहुन गाउँमा गई 'गोरुको मासु खाने हो ?' भन्दै हिँडेछन् । बाहुन गाउँलेहरूलाई आफूलाई गोरुको मासु खाने भनेकाले असाध्यै रिस उठेछ । सबै गाउँलेहरू मिली उनीहरूलाई भकुर्नु भकुरेछन् । मासु बेचेर पैसा कमाउने सपना देखेर हिँडेका लोभी र पापी दाजुभाइका सबै परिवार कुटाइ खाएर ऐया र आत्था गर्दै रित्तो हात घर फर्के । यसरी गोदाइ खानु पर्दा उनीहरूलाई मुसेदेखि असाध्यै रिस उठेछ । अब यसलाई मार्नु पऱ्यो भनेर राती मुसेको घरमा आगो लागाइ दिएछन् । आगो लागेको थाहा पाएर मुसे हत्तपत्त बाहिर निस्क्यो र ज्यान बचायो । हेर्दा हेर्दै सबै घर खरानी भयो । अब के गर्ने मुसेलाई ठूलो आपत पऱ्यो । बिचरो मुसे त्यही खरानी बोरामा हालेर खरानी बोकी हिडेछ । जाँदा जाँदा बाटामा एउटा खोलो तर्नु पर्दो रहेछ । खोलो ठूलो भएकाले खोलामा डुङ्गा चल्दा रहेछन् उसले पनि डुङ्गा चढेर पारि जाने बिचार गऱ्यो । यत्तिकैमा मुसेको मनमा एउटा जुक्ति फुऱ्यो र नाउँलाई मेरो यो बोरामा बहुमूल्य बस्तु छ । यसमा एक थोपा मात्रै पानी पऱ्यो भने पनि यो खरानी हुन्छ । त्यसैले पानी नपारी पारि तार्न सक्छौ भने म तिम्रो डुङ्गामा जान्छु नत्र म अर्कै डुङ्गमा जान्छु भनेछ । लामो समय डुङ्गा चलाउने अनुभव भएको नाउँले बिचारै नगरी पानी नपारी लान सकिहालिन्छ नि भनेर "हुन्छ म पानी नपारी लैजान्छु नि दाइ" भन्यो । फेरि पानी परेर खरानी भयो भने यसको सबै मूल्य तिर्नु पर्छ नि भन्दा पनि नाउँले त्यस कुरालाई स्वीकार गऱ्यो । खोलाको बीचमा पुगेपछि मुसेले जानी जानी नाउँले थाहा नपाउने गरी डुङ्गा हल्लाएर डुङ्गामा पानी छिरायो । पारि पुगेर हेर्दा त बोरा सबै पानीले भिजेको छ । नाउँ आत्तियो कता अब जरिवाना तिर्नु पर्ने हो ? नभन्दै बोरा खोलेर हेर्दा त सबै खरानी । मुसेले हकार्दै ल मेरो सबै बहुमूल्य समान तैले खरानी बनाइस् अब म तँलाई छाड्दिन भनेर गाली गर्न थाल्यो बिचरो नाउँ डराउँदै दाइ मैले जानी जानी गरेको होइन बरु मैले आजसम्म कमाएको सबै सम्पति तपाईँलाई दिइ पठाउँला मलाई केही नगर्नुस् भनेर रुन लाग्यो र आफ्नो सबै सम्पत्ति दिएर पठायो । बेलुका मुसे घर भएको ठाउँमा पुग्यो घर डढेकाले पिढीँमा बस्यो र स्वास्नीलाई फेरि पाथी माग्न पठायो । यो देखेर उनीहरू फेरि डाहले जले र त्यसै गरी खोटो टाँसेर पाथी पठाए । पाथीमा फेरि पनि पैसा टाँसिएर आयो । घरमा आगो लगाइदिँदा पनि मुसेले कसरी यत्रो पैसा कमायो भनी पत्ता लगाउन उनीहरू फेरि मुसे भएको ठाउँमा गए । मुसेले सबै कुरा घर डढेको खरानी लगेर बजारमा बेची पैसा कमाएको बतायो । यो सुनेर

मुसेको जाबो त्यत्रो झुपडी घरको खरानीको यत्रो पैसा आउँदो रहेछ भने । हाम्रो यत्रो ठूलो घर छ अब हामी पनि त्यसै गर्नु पऱ्यो भनी घरमा आगो लागाई खरानी बोरमा हालेर बेच्न बजार तिर लागेछन् तर खरानी कसले किन्नु , उनीहरू मुसेले आफूहरूलाई फसाएको ठानी रिसले आगो हुँदै मुसेलाई नमारी नछाड्ने भन्दै राती सुतेको मौका छोपी मुसेलाई समातेर बोरामा हाली बोराको मुख बाँधेर खोलामा लगी आगो लगाउने विचार गरेर खोलातिर हिँडे । बाटोमा मुसेले 'पान सुपारी खान पाइन्छ, मरेका बाआमा देख्न पाइन्छ', 'पान सुपारी खान पाइन्छ, मरेका बाआमा देख्न पाइन्छ' भन्दो रै'छ । मुसेलाई खोलाको किनारमा राखी उनीहरू दाउरा खोज्न जङ्गल तिर लागे । उनी गइसकेपछि मुसेले बोराभित्र बसेर 'पान सुपारी खान पाइन्छ, मरेका बाआमा देख्न पाइन्छ' भनिराखेछ । यसरी लगातार यही कुरा भनेको भन्यै गर्न थालेछ । त्यसै बेला त्यही बाटो गरी एक जना घोडचढी आउँदै रहेछ । यत्तिकैमा 'पान सुपारी खान पाइन्छ, मरेका बाआमा देख्न पाइन्छ' भनेको सुनेछ । दायाँ बाँया केही छैन तर पनि 'पान सुपारी खान पाइन्छ, मरेका बाआमा देख्न पाइन्छ' भनेको सुनेर अचम्म मान्दै घोडा रोकेर आवाज आएतिर गइ सुन्न थालेछ । बोराभित्रबाट आवाज आएको थाहा पाएपछि बोराभित्र मरेका बाबुआमालाई देख्न पाइने ठानेर ए दाइ मलाई पनि एक पल्ट बाआमा हेर्न देउ न भनेछ । भित्रबाट मुसेले अहँ हुँदैन मैले त भर्खर देख्न पा'को छु हुँदैन भनेछ । यो सुनेर त्यस घोडचढीले दाइ मेरा बाआमा म सानो छँदै मरेका हुन् मैले मेरा बाआमा कस्ता थिए देखेकै छैन त्यसैले एकै पटकमात्र भए पनि हेर्न देउन दाइ भन्दै बिन्ति गऱ्यो । साह्रै कर गऱ्यौ उसो भए बाआमा हेर्ने भए सबै लुगा खालेर बोराको मुख खोल र यहाँ भित्र बसी मैले भनेको कुरा भन्दै गर तुरुन्तै देखिँदैन केहीबेर भनेपछि मात्र देखिन्छ, भनी मुसेले त्यस घोडचढीलाई भनेछ । घोडचढीले खुसी हुँदै बोराको मुख खोलेछ अब त्यस घोडचढीलाई बोराभित्र हालेर आफूले उसका लुगा लागाई घोडा चढेर दाजुभाइको घरमा गई बसेछ । उता दाउरा खोज्न गएका दाजुभाइ पनि केहीबेरमा खोलामा आइपुगे आउँदा त मुसेले 'पान सुपारी खान पाइन्छ, मरेका बाआमा देख्न पाइन्छ' भनिराखेको रैछ । मनमनै अँ अब देख्छस् तैले बाआमा भनेर चिता बनाइ बलेको आगोमा बोरा हालिदिए । अब मुसे मऱ्यो भन्दै खुसी हुँदै घर पुग्दा त मुसे झन् राम्रा लुगामा सुटेड बुटेड भएर बसी राखेको । यो देखेर उनीहरू अचम्म पर्दै हैन तँ यहाँ कसरी आइस् हँ भनी सोधे । के गर्नु त तिमीहरूले मलाई मारीहाल्यौ मरेपछि म माथि बाआमा भा'

ठाउँमा पुगें । मेरो अवस्था देखेर बाआमाले तैले धेरै दुःख पाएछस् ,दाजुभाइले तँलाई धेरै दुःख दिएछन् । ल यो सम्पत्ति घोडा र कपडा लिएर जा र आनन्दले बस् भनेर मलाई त यि सबै कुरा दिएर पठाए । माने भने दाजुभाइलाई पनि पठाइदिनु उनीहरूलाई पनि आउन मानेछन् भने यस्तै व्यवस्था मिलाइ दिउँला भनेका छन् । भनेर भनेछ । यो सुनेर मुर्ख दाजुभाइले ओहो यो त गजब कुरा गऱ्यो है मुसेले भनेर लौ न मुसे हामीलाई  पनि बाआमा भा' ठाउँमा पठाइदे भनेछन् । उनीहरूको कुरा सुनेर मुसेले ठस्किदैं "आ सक्दिन म त तिमीहरू यत्तिका जनालाई पोल्न दाउरा खोजेर माथि पठाउन म सक्दिन" भनेछ । होइन मुसे बरु हामीलाई पोल्न चाहिने दाउरा हामी आफै खोजौंला तर हामीलाई पठाइदे भनेछन् । अब तिमीहरू त्यसै भन्छौ भने हुन्छ नि त तिमीहरूको लागि त्यति गर्दिउँला । के गर्नु पापी भए पनि दाजुभाइ नै हौ तिमीहरू गुन गर्ने खालका त छैनौ । लौ हिँड भनेर सबैलाई खोलामा लिएर गयो र दाउरा खोज्न पठायो र चिता पनि बनाउन लगायो र बोरमा बाँधी पालैपालो सबैलाई आगोमा हाली सिध्यायो । अनि आनन्दका साथ बस्न थाल्यो । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : नकुल अधिकारी, चुरियामाई-२, मकवानपुर, उमेर ५० वर्ष

### ३.१.३ लोककथाको तत्त्वका आधारमा 'मुसेको कथा' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथा सामाजिक कथा हो । यस कथामा एउटा परिवारमा रहेका दाजुभाइबीचको सम्बन्ध, स्वार्थी भावना, डाडे स्वभाव अदिलाई देखाउन खोजिएको छ । सोझो भाइलाई बाठाहरूले दुःख दिने नियतले विभिन्न क्रियाकलापहरू गरेका तर सोझो मुसे परिश्रम र भाग्यले साथ दिएका कारण दिनप्रतिदिन उसको उन्नति हुँदै गएको कुरा यस कथामा बडो मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । मुसेलाई अरु भाइहरूले सोझो र धन कमाउन नसक्ने भन्दै घरबाट छुट्याइदिनु, अंश बण्डा गर्नु , मुसेले मिहिनेत गरी तरकारी खेती गर्नु आदि घटनाहरू कथाको आदि भाग हो भने तरकारी बेचेर पैसा कमाउनु, पैसा भर्न पाथी लिन पठाउनु, यो सुनेर दाजुभाइमा इर्ष्याको भाव बढ्नु, तरकारी बेचेर मुसेले पैसा कमाएको कुरा अरुले थाहा पाउनु र उसलाई बिगार्न तरकारी उखेलीदिनु, गोरु मारिदिनु, मुसेले पुनः गोरुको मासु बेचेर पैसा

कमाउनु, अरुले पनि पैसा कमाउन आ-आफ्ना सद्दे गोरु मारेर मासु बेच्न जानु, मासु बेच्न जाँदा गाउँलेहरूको कुटाइ खानु, मुसेको घरमा आगो लाइदिनु, घरको खरानी लिएर हिंड्दा पनि मुसे पैसा कमाउन सफल हुनु जस्ता घटनाहरू कथाको मध्य भाग हो, यस पछि दाजुभाइले आफूलाई निकै दुःख दिएका कारण उनीहरूलाई ठीक पार्न मुसेले जुक्ति लगाउनु, अनेक प्रलोभन देखाएर फटाहा दाजुभाइलाई बोरामा हालेर मार्न सफल हुनु र मुसेले आरामको जीवन ज्यूनु जस्ता घटनाहरू कथाको अन्त्य भाग हो ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

क) मुसे असाध्यै सोझो हुनु,

ख) असाध्यै परिश्रमी हुनु, तथा भाग्यले साथ दिनु,

ग) मुसेका दाजुभाइहरू निष्ठुर स्वभावका हुनु,

घ) दाजुहरूले आफूलाई पोल्न आफैँ दाउरा खोज्नु ।

**ग) पात्र :**

प्रस्तुत कथाको मुख्य पात्र मुसे हो तथापि कथामा धेरै पात्रहरूको प्रयोग गरिएको छ । मुसेका दाजु भाइहरू कथामा खलपात्रहरू हुन् भने अन्य बाहुनहरू, गाउँलेहरू, माझी, घोडचढी जस्ता पात्रहरू सहायक पात्रहरू हुन् ।

**घ) परिवेश :**

प्रस्तुत लोककथा लौकिक परिवेश र ग्रामीण परिवेशको प्रयोग गरिएको छ । परिवारका सदस्यहरूमा निहित डाहपूर्ण मानसिकता, इर्ष्या, धोका, जस्ता कुराहरूलाई पनि कथाको आन्तरिक परिवेश बनाइएको छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य अरुलाई बिगार्न खोज्दा आफैलाई घाटा हुन्छ; त्यसैले अर्काको काममा दक्खल नदिई आफ्नो कार्यमा लगनशील भई लाग्नु पर्छ; यसैमा सबैको कल्याण छ भन्ने कुरा देखाउनु हो । कथाको अन्त्यमा मुसेको विजय हुनुले कथाको उद्देश्य पूरा भएको देखिन्छ ।

**च) कथोपकथन :**

यस कथाम केही लामा छोटा कथोपकथनहरूको प्रयोग गरिएको छ जसले कथालाई आकर्षक बनाएको छ । केही कथोपकथहरू यसप्रकार रहेका छन् :-

- लामो समय डुङ्गा चलाउने अनुभव भएको नाउँले बिचारै नगरी पानी नपारी लान सकिहालिन्छ नि भनेर "हुन्छ म पानी नपारी लैजान्छु नि दाइ" भन्यो ।

- उनीहरूको कुरा सुनेर मुसेले ठस्किदैँ "आ सक्दिन म त; तिमीहरू यत्तिका जनालाई पोल्न; दाउरा खोजेर माथि पठाउन म सक्दिन" भनेछ ।

**छ) भाषा :**

यस कथाम सरल भाषाको प्रयोग गरिएको छ । कतिपय ठाउँमा भाषाको मानक रूप प्रयोग नगरी छोटकरीमा भाषाको कथ्य रूप प्रयोग भएको छ । भा'छ, आ'छ, गा'छ, खा'छ, जस्ता शब्दहरूको प्रयोगको आधिक्यता कथामा देखिन्छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गऐिको छ ।

यसरी 'मुसेको कथा' लाई कथातत्वका आधारबाट हेर्दा सबै अङ्गहरु सबल देखिन्छन् । परिवारभित्र विद्यमान खराब प्रवृत्तिलाई कथामा मार्मिक ढङ्गबाट देखाइएको छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलामा संरचित प्रस्तुत कथा समग्रमा रोचक बन्न पुगेको छ ।

# ३.२ पापको बाबु लोभ

## ३.२.१ परिचय

चुरियामाई-५ बाट सङ्कलित 'पापको बाबु लोभ' कथाले सामाजिक विषयलाई आधारभूमि बनाएको छ । कथामा पाप गर्न नहुने जसका लागि हामीले लोभलाई त्याग्नु पर्ने कुरालाई जोडदार रूपमा उठाइएको छ । मानिसले लोभमै परेर पाप कर्म गर्ने हुँदा लोभलाई त्यागेर पापबाट मुक्त हुन प्रेरित गरेको छ ।

## ३.२.२ मूलपाठ

एकादेशमा एकजना आचार्य थिए । आचार्य भनेको संस्कृतमा पी.एच.डी. गरेको व्यक्ति उसले आफ्नो छोरालाई पनि पी.एच.डी. अर्थात आचार्य बनाउँछु भनेर आचार्य पढ्नको लागि बनारस पठाएछन् । बनारसस गयो । पढ्यो पढ्यो पढ्यो पढ्यो बाह्र वर्ष पढेपछि उसलाई बनासर स्कुल संस्कृत विद्यालयले सर्टिफिकेट दिएर घर पठाएछ । अनि ऊ बाह्र वर्ष पढेर घर आयो । अनि आमा, दिदीबहिनी, दाजुभाइ सबै खुसी भए तर बुवा चाहिँ त्यति खुसी थिएनन् । उनी दुःखी जस्तो देखिन्थे । यो देखेर रामले भन्यो, "पिताजी सबै जना खुसी छन् म आएर तपाइँ चाहिँ अलि दुःखी जस्तो देख्छु किन ? म त पढेर आएँ, आचार्य पास गरेर आइसक्या छु । हेर्नुस् मेरो प्रमाणपत्र" भनेर छोराले देखायो । देखाएपछि पिताजीले बुवाले भने बाबु मलाई यो सर्टिफिकेट चाहिँदैन, तैँले पढिस् कि पढिनस् त्यसको बढी चिन्ता छ भनेर बुवाले भनेपछि नपढेको भए कसरी सर्टिफिकेट ल्याउथेँ भनेर छोराले भन्यो । त्यस पछाडि मलाई सर्टिफिकेट चाहिँदैन तैँले पढिस् कि पढिनस् भनेर पत्ता लगाउनको लागि म एउटा प्रश्न सोध्छु त्यो प्रश्नको उत्तर दिइस् भने तँ पास नत्र फेल भनेर बाबुले भने त्यसपछि ए  बाह्रवर्ष पढेर आ'को ल सोध्नुस् के सोध्नु छ भनेर छोराले भन्यो । ल उसोभए ल भन् पापको बाबुको नाम के हो ? भनेर बाबुले प्रश्न गरे । छोरो अलमल्लमा पऱ्यो उसलाई त्यो प्रश्नको उत्तर आएन नआए पछि के भो ? पिताजीले भन्नु भो, "ल अब तँ पास भा' छैनस् अब गएर फेरि पढ् ।" भनेर बनारस पठाइ दिएछन् । बनारस गयो स्कुलमा गएर सरहरूसँग सोध्यो, "सर पापको बाबुको नाम के हो ?", भन्यो अर्को सरलाई पनि सोध्यो, अर्कोलाई, अर्कोलाई सबैलाई सोध्यो तर कसैबाट उत्तर आएन र सरहरूले यो कुरो हामीलाई थाहा छैन तिमी पहिल्यै विद्यार्थी हुँदा सोधेको भए हामी

जहाँबाट जसरी भए पनि खोजेर तिमीलाई बताउँथ्यौँ । पहिले तिमीले सोधेनै अब तिमी हामी सरह भइसक्यौ सर्टिफिकेट लेबल हामीलाई थाहा छैन अन्तै गएर खोज भनेर सरहरूले अन्तै पठाइ दिनु भो । घुम्दा घुम्दा घुम्दा घुम्दा घुम्दा घुम्दा कतै त्यो पापको बुवाको नाम पत्ता लाउन सकेन त्यो नाम पत्ता नलाइकन घर आउन नमिल्ने किन भने बुवाले त भन्नु भा'छ नि जुन दिन पापको बुवाको नाम थाहा पाउँछौ त्यही दिन घर आउनू नत्र नआउनू । त्यस पछाडि घुम्दै घुम्दै एक दिन एउटा बगरमा सुतेर बसेको रै'छ । एउटा आँखा नदेख्ने आइमाई त्यही बाटो लौरो टेक्दै आएछन् त्यहीँ विद्यार्थी सुतेको ठाउँमा लौरो परेछ, उसको जीउमा, त्यो विद्यार्थीले त्यो बुढी आइमाईलाई ए आमा तपाईंको आँखा छैनन् भनी सोधेछ । छैनन् बाबु मेरा आँखा छैनन् कसरी थाहा पायौ ? भनेर त्यो बुढी आमा अन्धी आमाले सोधेछन् । त्यसपछि त्यो विद्यार्थीले भनेछ,-"म यसरी दुःख पाएर बगरमा लडी राख'या मान्छेलाई लौरोले घोचेर झन् दुःख दिनु भो ।" त्यसपछि बुढी आमाले भनेछन्,-"बाबु म सबैभन्दा दुःखी मान्छे हुँ, आँखा पनि देख्दिन, तिमी मेरो अगाडि आफूलाई दुःखी मान्छे भन्छौ, तिमी के को दुःखी के छ तिम्लाई के भौ ?" भन्दा मलाई पिताजीले यस्तो यस्तो कुरा सोध्नु भएको हो त्यो प्रश्नको उत्तर दिन नसक्दा म आज आएर यस्तो दुःखी भई राखेको छु, म आचार्य पुत्र हुँ । भनेर त्यो विद्यार्थीले भन्यो । अनि आमाले भन्नु भो' "बाबु, तपाईंलई केही दुःख छैन मत महादुःखी, मेरो घर छैन, आमा छैनन्, बा छैनन्, म अन्धी छु, दुईचार घर भीक्षा माग्छु । अनि गएर आफ्नो कुटीमा बसेर खान्छु । यो कानले धर्मको केही कुरा सुनिन्छ कि भनेर म यहाँ आएर बसेको, मभन्दा दुःखी यो संसारमा कोही छैन तिमी केही दुःखी छैनौ तिम्रो प्रश्नको उत्तर एकदम सजिलो छ तर मैले भनेको एउटा कुरा मान्यौ भने म तिम्लाई त्यो प्रश्नको उत्तर दिन्छु अनि घर जानी खर्च पनि दिन्छु" भनेर भन्नु भो बुढी आमाले । त्यस पछि ओहो घर जानी खर्च पनि पाउनी, बुवाको प्रश्नको उत्तर पनि पाउनी अब खान पनि पाउनी किन नगर्ने ल भन्नुस आमा के गर्नु पर्‍यो मैले ? भनेपछि म जातको दमिनी हुँ तपाईं ब्राह्मण पुत्र, आचार्य पुत्र हुनु हुन्छ मेरो त्यहाँनिर एउटा कुटी छ त्यो कुटीमा गएर यसो खुट्टा राख्दिनुस् मेरो कुटी पत्रि हुन्छ, म पनि पवित्र हुन्छु, आचार्यहरूले छोएको घर पवित्र हुन्छ अनि त्यहाँ पुगेपछि म तपाईंलाई पापको बुवाको नाम पनि भन्दिन्छु र घर जानी खर्च पनि दिन्छु भन्नुभो र ती बुढी आमाको पछि पछि लागेर ती विद्यार्थी गए । त्यहाँ पुगेपछि बुढी आमाले भन्नुभो, आचार्यपुत्र यहाँ आइदिनुभो तपाईं अब

मेरो कुटी त पवित्र भो तर मैले बनाएको एक कप चिया खानुभो भने अझै म पवित्र हुन्छु भनेर बुढी आमाले भन्नु भो त्यो कुरा पनि ती विद्यार्थीले स्वीकार गरे गरेपछि बुढी आमाले छामछामछुमछुम गरेर आँखा नदेख्ने मान्छेले छामेर चिया बनाएर ल्याएर चिया दिनु भा'को थ्यो अनि बुढी आमाले त्यो विद्यार्थीले चिया खान लागेको मात्रै के थिए पछाडिबाट लौरोले हिर्काउनु भो । अनि उसलाई दुख्यो र सोध्यो, "आमा तपाईंले मलाई यत्रो मान सम्मान गरेर कहाँ कहाँदेखि ल्याएर यहाँ यस्तो आदर गरेर अनि अहिले चैं किन पिट्नु भयो ?" अनि आमाले भन्नु भो,-"बाबु म जातको दमिनी ठूला ठूला आचार्यहरूले दमैले छोएको खाँदैनन् पाप लाग्छ तपाईंले लोभमा परेर अर्थात लोभको कारण पाप गर्नुभो त्यसैले पापको बाबुको नाम यही हो अर्थात लोभ हो ।" त्यसपछि ती विद्यार्थी ओहो ! आज म लोभमा परेर पाप कर्म गरेँ । लोभले मानिसलाई पाप गर्न प्रेरित गर्दो रहेछ भन्ने बुझेँ आमा, भन्दै आमासँग बिदा मागी ती विद्यार्थी घर गए र बुवा म आएँ भने, अनि बुवाले तैले पढिस् ? भनेर सोधे, अनि छोराले भने, मैले त पूरा पढेर आएँ पिताजी भनेर भनेछ । अनि के पढ्यौ त के रै'छ त पापको बाबुको नाम भन्दा पापको बाबुको नाम लोभ रै'छ पिताजी भने पछि स्याबास पुत्र ल आजदेखि तिमी आचार्य भयौ भनेर बुवाले पास गर्नु भएछ रे । सुन्नेलाई  सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : केशव बर्तौला, चुरियामाई-५, मकवानपुर

### ३.२.३ लोककथाका तत्त्वका आधारमा 'पापको बाबु लोभ' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथा मूलतः एउटा ब्राह्मण जातिको विद्यार्थीको जिज्ञासासँग सम्बन्धित छ । यहाँ बनारसमा धेरै पढेर घर फर्केको छोराले बाबुले सोधेको "पापको बाबु को हो ?" भन्ने प्रश्नको जवाफ दिन नसक्दा ऊ पुनः बनारस फर्किनु परेको छ । यो यस कथाको आदि भाग हो । त्यस पछि आफूले पढेको ठाउँमा आफ्ना गुरुहरूसँग सोध्दा पनि उत्तर पाउन नक्नु, युवक दिक्क मानेर हिँड्न थाल्नु, यसरी हिड्दै गर्दा खोलाको किनारमा उसको एउटी बुढी आइमाईसँग भेट हुनु, त्यहाँ उनीहरूबीच कुराकानी हुँदा उनीहरूले आ-आफ्ना कुरा एक अर्कालाई बताउनु, त्यसक्रममा ती बुढीले आफ्नो कुरा मानेमा आफूले तिम्रो प्रश्नको जवाफ दिने कुरा भन्नु,

बुढीको कुरा त्यो युवकले पनि मान्नु जस्ता घटनाहरू कथाको मध्य भाग हो । त्यसपछि कथाको अन्त्यमा ती बुढीले त्यस युवकलाई आफ्नो कुटीमा लान्छिन् र आफूले बनाएको चिया खान आग्रह गर्छिन् युवक प्रश्नको उत्तर पाउने आशामा दलित आइमाईले छोएको खाने कुरा खान तयार हुन्छन् । अन्तिममा ती बुढीले युवकलाई लट्ठीले हिर्काउँदै पापको बाबु यही हो भन्दै तिमीले लोभमा परेर आफ्नो धर्म बिर्सिंदै आज मैले छोएको चिया खान तयार भयौ । त्यसैले पापको बाबु भनेको लोभ हो भन्ने कुरा बताउँछिन् । त्यसपछि युवक घर फर्किन्छ र बाबुलाई प्रश्नको जवाफ दिन्छ । बाबुले उसलाई आचार्य पद दिन्छन् र कथाको अन्त्य हुन्छ ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।
बाबुले सोधेको प्रश्नको जवाफ दिन नसक्दा छोरालाई घरबाट निकालीदिनु,
-आफ्नै शिष्यलाई पनि गुरुहरूले प्रश्नको उत्तर नबताउनु,
-बुढी आमै कुटीमा एक्लै बस्नु,
-प्रश्नको जवाफ बुढीले बताउनु ।

**ग) पात्र :**

प्रस्तुत कथाको मुख्य पात्र ब्राह्मण पुत्र राम हो । उसकै सेरोफेरोमा कथाका सम्पूर्ण घटनाहरू घटेका छन् भने सहायक पात्रका रूपमा दमिनी बुढी देखिएकी छन् । अन्य पात्रहरू (गुरुहरू, बाबु, परिवारका अन्य सदस्यहरू) गौण पात्र हुन् ।

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगको ब्राह्मण समुदायमा प्रचलित कथा भएकाले यसले हिन्दु धर्म र पूर्वीय दर्शनलाई आफ्नो परिवेश बनाएको छ । झट्ट हेर्दा नेपालमा शिक्षाको विकास हुनु पूर्व भारतमा पढ्न जानु पर्ने अवस्थाको समयलाई यस कथाले समयगत परिवेश बनाएको देखिन्छ । यहाँ नेपाली समाजको छुवाछुत प्रथालाई देखाइएको हुँदा अशिक्षित र रुढीवादी नेपाली समाज नै कथाको मुख्य परिवेश हो भन्न सकिन्छ ।

**ङ) उद्देश्य :**

यस कथामा पूर्वीय दर्शन र हिन्दु धर्मका नैतिक उपदेशलाई विषयबस्तु बनाइएकाले कथाको उद्देश्य पनि श्रोतालाई नैतिक सन्देश दिनु नै हो । त्यस क्रममा हामीले लोभ गर्नु हुँदैन मानिसले पाप कर्महरू कुनै न कुनै लोभमा परेरै गर्ने हुँदा कथामा पापको बाबुका रूपमा लोभलाई चिनाइएको छ । यसरी कथाको मुख्य उद्देश्य श्रोतालाई पाप कर्मबाट टाढा रहन लोभलाई त्याग्नु पर्ने सन्देश दिनु नै रहेको छ भन्न सकिन्छ ।

**च) कथोपकथन :**

यस कथाम केही लामा छोटा कथोपकथनहरूको प्रयोग गरिएको छ जसले कथालाई आकर्षक बनाएको छ । केही कथोपकथहरू यसप्रकार रहेका छन् :-

- पिताजीले भन्नु भो, "ल अब तँ पास भा' छैनस् अब गएर फेरि पढ् ।"

- विद्यार्थीले भनेछ,-"म यसरी दुःख पाएर बगरमा लडी राख'या मान्छेलाई लौरोले घोचेर झन् दुःख दिनु भो ।"

-अनि आमाले भन्नु भो, "बाबु म जातको दमिनी ठूला ठूला आचार्यहरूले दमैले छोएको खाँदैनन् पाप लाग्छ तपाईंले लोभमा परेर अर्थात लोभको कारण पाप गर्नुभो त्यसैले पापको बाबुको नाम यही हो अर्थात लोभ हो ।"

**छ) भाषा :**

यस कथामा मध्य पहाडी भेगको बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

समाजलाई पाप मुक्त गर्न लोभ गर्न नहुने सन्देश बोकेको प्रस्तुत कथामा प्रयुक्त स्थानीय भाषा र कथोपकथनले कथालाई रोचक बनाएको छ भने कथा उद्देश्य पूरा भएको छ ।

## ३.३ टुहुरी छोरीको कथा

### ३.३.१ परिचय

'टुहुरी छोरीको कथा' शीर्षकको कथा चुरियामाई गा.वि.स. वडा नं. ३ बाट सङ्कलन गरिएको हो । यस कथामा मानवेतर प्राणी बाख्रोलाई पात्र बनाएर प्रशस्त स्वैर कल्पनाको प्रयोग गरिए तापनि यस कथाले स्रोतालाई मनोरञ्जन दिनुका साथै इमान्दार बन्न पनि सिकाएको छ ।

### ३.३.२ मूलपाठ

एकादेशमा एउटा सुन्दर गाउँ थियो । त्यस गाउँमा एउटा गरिब परिवार थियो । त्यस परिवारमा सौतेनी आमा दाजुभाइ, भाउजु, बुहारी र सुन्दरी नाम गरेकी एक युवती थिई ।
युवतीको एउटी प्यारी बाखी थिई । बाखी पनि सुन्दरीलाई असाध्यै माया गर्थी । सौतेनी आमाले सुन्दरीलाई साह्रै हेला गर्थी । सुन्दरी बाखा गोठालो जाने गर्थी । सौतेनी आमाले सुन्दरीलाई कम खान दिन्थी, दिए पनि अरुले खाएको जुठो खाना दिन्थी । पेटभरि खानसम्म दिँदैनथी । एकपटक सौतेनी आमाले सुन्दरीलाई सात दिनसम्म पानी पनि खान नदिई राखी । सुन्दरी भोक र प्यासले आकुल व्याकुल भई । सधैँझैँ बाखा लिएर सुन्दरी गोठालो गई । गोठालो जाँदा आफूलाई सौतेनी आमाले गरेको व्यवहार बेलीबिस्तार लाएर सुन्तलीले बाखीलाई सुनाई । सबै कुरा सुनेपछि बाखी र सुन्दरी धुरुधुरु रुन थाले । सातदिनदेखि केही नखाएकी सुन्दरीको कमजोर अवस्था देखेर बाखीले आऊ सुन्दरी मेरो दुध खाऊ भनी । हुन्छ भनी सुन्दरीले बाखीको दुध टन्न खाई । घर फर्कने बेलामा बाखी एउटा समीको रूखमा चढी, समी लटरम्म पाकेको थियो अनि उसले बोटलाई बेस्सरी हल्लाइ दिई । सुन्दरी समीको बोटमुनि बसी समीका फलहरू खान थाली । यसरी दिनदिनै बाखीको दुध र जङ्गलका फलफूल खाएर सुन्दरी झन् झन् मोटाउँदै आई । सुन्दरी मोटाएको देखेर सौतेनी आमाले सुन्दरीलाई सोधी तर सुन्दरीले बाखीको दुध खाएको कुरा भनिन । सौतेनी आमाको मनमा डाहा र खुलदुली चल्यो । मैले यत्रो दिन भोको राख्दा पनि सौताकी छोरी सुन्दरी झन्झन् मोटाउँदै आएकी छ मोटाउनुको कारण सोध्दा पनि भन्दिन एक दिन बुझ्नु पऱ्यो भनेर सधैँझैँ बाखी लिएर सुन्दरी गोठालो गएको बेलामा सौतेनी आमा सुन्दरीले थाहा नपाउने गरी बुझ्न जान्छे । त्यस दिन पनि बाखीले समीका बोटमुनि बसी सुन्दरीलाई दुध र समीको फल खुवाई । यो सबै दृश्य देखेर सौतेनी आमा घर फर्केर आई ।

बाखी पनि घाँस खाएर टन्न भई । साँझ पर्न लागेको बेलामा सुन्तली र बाखी घर फर्के । घरका सबैजनाले बाखी थारो भयो । अब यस बाखीलाई काटेर खाऔँ भन्न थाले । यस कुरामा सबै सहमत भए तर सुन्दरी यस कुरामा सहमत भइन । सुन्दरीले नमाने पनि घरका सबै जनाले बाखी काट्ने नै निर्णय गरे । सधैँझैँ बाखी लिएर सुन्दरी गोठालो गई । घरमा भएको सबै कुरा सुन्दरीले बाखीलाई सुनाई । बाखी पनि सहमत भई । दुबै जना रुँदैरुँदै कुरा गरे । यसै क्रममा बाखीले भनी, -"ठिकै छ अरु सबैले मेरो मासु खाए पनि तिमीले नखानू अरुले खाएको जुठो हड्डी जम्मा गरेर घर भन्दा टाढा चोखो ठाउँमा लगेर गोबरले लिपेर राख्नू" बाखीले भनेका कुरामा सुन्दरी पनि सहमत भई र हुन्छ भनी । साँझ पर्न थालेपछि सुन्दरी र बाखी घर फर्किन्छन् । त्यो रात त्यत्तिकै बित्यो । बिहान हुन्छ । बाखीलाई सबै मिलेर काटेर खान्छन् तर सुन्दरीले खाँदिन । सबैले सुन्दरीलाई मासु खान कर गर्छन तर सुन्दरीले मासु खान्न । बाखीले भनेझैँ सुन्दरीले गर्छे । एक महिना पछिको कुरा हो त्यस हड्डी गाडेको ठाउँमा सुनका झलझल बल्ने खालका मुर्ति निस्किए । सुन्दरीले गाउँका, जिल्लाभरका र देशभरिका सबै मानिसलाई उखेल्न लगाइयो तर कसैले पनि ती मूर्ति उखेल्न सकेनन् । सबैजनाले हार खाए । अन्तिममा सुन्दरी आफैँ गएर उखेल्नमात्र के लागेकी थिइन् सुनका मूर्ति हातमा आफैँ आए । सबै जना छक्क परे अर्कै देशबाट आएका युवराजले सुन्दरीका साथ मूर्ति पनि घोडामा राखेर लिएर गए ।

सुन्नेलाई  सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : कृष्ण प्रसाद अधिकारी, चुरियामाई-३

### ३.३.३ लोककथाका तत्त्वका आधारमा 'टुहुरी छोरीको कथा' को विवेचना

**क) कथानक :**

प्रस्तुत कथा मकवानपुरको भित्रीमधेश क्षेत्रमा निकै प्रचलित र लोकप्रिय लोककथा हो । यस कथामा सौतेनी आमाबाट प्रताडित एउटी युवतीको व्यथालाई बडो मार्मिक ढङ्गबाट देखाइएको छ । यहाँ युवतीलाई सौतेनी आमाले असाध्यै हेला गर्छे तर युवतीलाई असाध्यै माया गर्ने साथी एउटी बाखी हुन्छे बाखीले युवतीलाई अप्ठ्यारा अवस्थाहरूमा सहयोग गरेकी छे । यो

कथाको आदि भाग हो । बाखीले युवतीलाई सहयोग गरेको थाहा पाएपछि सौतेनी आमाको योजना अनुसार घरमा बाखीलाई काटेर खाने सल्लाह हुनु र बाखीलाई काटेर सबैले खानु तर बाखीले आफ्नो मासु नखानु भनेकाले युवतीले मासु नखाई र बाखीले भनेझैँ गर्नु कथाको मध्य भाग वा विकास भाग हो । फलस्वरूप बाखीका हड्डी राखेका ठाउँमा सुनका मुर्तिहरू निस्कन्छन् कसैले पनि ती मुर्तिहरू उखेल्न सक्दैनन् तर सुन्दरी उखेल्न खोज्ने बित्तिकै आँफै ती मूर्तिहरू सुन्दरीका हातमा आउँछन् यो देखेर अर्कै देशबाट आएका राजकुमारले सुन्दरीलाई बिहे गरेर लैजान्छन् र सुन्दरीले सुखको जीवन बिताउँछिन् । यो कथाको अन्तिम भाग हो । यसरी कथाको अन्त्य हुन्छ ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-सौतेनी आमाले एक हप्तासम्म सुन्दरीलाई पानीसम्म पनि खान नदिनु,

-मान्छे र बाखी साथी हुनु,

-बाखी रूख चढ्नु,

-बाखीको हड्डी गाडेका ठाउँमा सुनका मुर्ति निस्कनु ।

-सुनका मुर्ति कसैले पनि उखेल्न नसक्नु तर सुन्दरीले उखेल्न खोज्दा आफै हातमा आउनु ।

**ग) पात्र :**

प्रस्तुत कथामा मानवेतर पात्रका रूपमा बाखीलाई प्रयोग गरिको छ । कथाकी मुख्य पात्र सुन्दरीलाई सहयोग गर्ने बाखीको चमत्कारी शक्तिले कथालाई रोचक बनाएको छ भने सौतेनी आमा कथाकी खल पात्र हो । अन्त्यमा बाखीको सल्लाह बमोजिमको काम गर्दा सुन्दरी जीवन सुखद बन्न पुगेको छ । कथामा प्रयोग भएका परिवारका अन्य सदस्यहरू भने गौण पात्रका रूपमा मात्र रहेका छन् ।

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । नेपाली समाजको एउटा परिवारभित्र

सौतेनी आमाले झड्केला छोराछोरीलाई कतिसम्म हेला गर्छिन भन्ने कुरा देखाइएको यस कथामा सत् पक्ष र असत् पक्षको द्वन्द्वलाई देखाइएको छ । कथामा गोठालो जानु, गाईबाखा पाल्नु जस्ता घटनाहरू भएकाले प्रस्तुत कथाले ग्रामीण क्षेत्रलाई नै आफ्नो मुख्य परिवेष बनाएको स्पष्ट हुन्छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथाको मुख्य उद्देश्य स्रोतालाई मनोरञ्जन गराउनु हो । यसका साथै दुःखमा पनि धैर्य र इमान्दारिताका साथ काम गर्न सक्यो भने अवश्य सुख आउँछ भन्ने कुरा देखाउनु पनि कथाको अर्को उद्देश्य हो ।

**च) कथोपकथन :**

यस कथामा खासै कथोपकथनको प्रयोग गरिएको छैन तै पनि केही कथोपकथहरू यसप्रकार रहेका छन् :-

- यसै क्रममा बाखीले भनी, -"ठिकै छ अरु सबैले मेरो मासु खाए पनि तिमीले नखानू अरुले खाएको जुठो हड्डी जम्मा गरेर घर भन्दा टाढा चोखो ठाउँमा लगेर गोबरले लिपेर राख्नू"

**छ) भाषा :**

यस कथामा मध्य पहाडी भेगको बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

मनोरञ्जनलाई नै मुख्य उद्देश्य बनाइको प्रस्तुत कथालाई पशुपंक्षीको कथा भन्न सकिन्छ । कथामा प्रयुक्त चामत्कारिक मानवेतर पात्र बाखीको शक्तिले  कथालाई गति दिएको छ । यसका साथै कथामा प्रयुक्त वातावरण र कथोपकथनले कथालाई मार्मिक बनाउन अझै सघाएको छ । समग्रमा कथा पूर्ण मनोरञ्जनात्मक बन्न सफल देखिन्छ ।

## ३.४ स्यालको कथा

### ३.४.१ परिचय

प्रस्तुत 'स्यालको कथा' एक सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा समाजमा विद्यमान धूर्त स्वभावका मासिहरूलाई स्यालको चतुर्याइंको माध्यमबाट उनीहरूलाई कसरी ठीक पार्न सकिन्छ ? भन्ने कुरालाई देखाएर 'जस्तालाई त्यस्तै' भन्ने उखानलाई चरितार्थ पारिएको छ ।

### ३.४.२ मूलपाठ

एकादेशमा एउटा गाउँ थियो । त्यो गाउँमा गाउँलेहरू थिए । उनीहरूको गाउँमा वस्तु पाल्थे, बेंशीमा जग्गाजमिन थियो । गाउँबेंशी गर्नु पर्थ्यो । हिउँदमा उनीहरू बेंसीमा बस्थे भने बर्खामा गाउँमा बस्ने गर्थे । एकपटकको हिउँदमा उनीहरू आफ्नो गोठ सहित मलको लागि भनेर बेंशीमा बसाइसराइ गरेर गएछन् । छिमेकी छिमेकी मिलेर हिउँदभरि बस्नको लागि अस्थाइ खालको घर बनाए गोठ बनाए त्यहाँमाथि आफूहरू बस्थे तल चाहिँ गाईवस्तु पाल्नी गरे अनि एउटाको गाई ब्याउनी थियो भरे भोली भ'को थियो । एउटाको गाई थिएन गोरु थियो । खनजोतको लागि उसले गोरु पालेको थियो । समय पुग्यो एकरात गाई ब्याएछ । ब्याएपछि गाइको बाच्छो न हो त्यो बाच्छो चैं खेल्दै खेल्दै उफ्रेर तल्लो गोरु भएको गोठमा पुगेछ । अनि भोलिपल्ट गोठमा हेर्दा गाई ब्याइराखेको....बाच्छो छैन, ओहो ! बाच्छो कहाँ गएछ खोज्नु पऱ्यो ! भनेर खोज्दै जाँदा तल्लो गोठमा पुगेको रै'छ । तल्लो गोठको मान्छेले पनि आफ्नो गोठमा हेरेछ, त्यहाँ बाच्छो छ । ओहो, मेरो त गोरु ब्याएछ । मेरो गोरु ब्यायो भनेर झ्याली पिट्न थालेछ । "त्यसो होइन गोरु पनि कहिँ ब्याउँछ ? मेरो गाई ब्याउनी थियो मेरो गाई ब्याको हो । बाच्छो यहाँ आएछ ।"-गाईवालाले भन्यो । कहाँ हुनु होइन मेरो गोरु ब्याको हो भन्छ, बाच्छो दिन मान्दैन । एकातिर गाई कराउँछ अर्कोतिर बाच्छो कराउँछ । गाईवालालाई टेन्सन भयो । अब के गर्ने त ? कुराको छिनोफानो त गर्नु पऱ्यो, पञ्च बोलाउनी, गाउँका भलाद्मीहरू बोलाउनी उनीहरूले जे निर्णय गर्छन् त्यही गर्ने भनेर सल्लाह गरेछन् । ल हुन्छ भनेर आ-आफ्नो ढङ्गबाट गाउँलेहरूलाई आ-आफ्नो कुरा बताउन दुबै जना हिँडे । यसरी हिँड्दै गर्दा गाईवाला मान्छेले एउटा स्याल हतार हतार हिँड्दै गरेको देख्यो र उसले स्याललाई बोलाउँदै भन्यो,-"स्याल दाइ,

स्याल दाइ यता आउनुस् त” स्याल पनि के कम उसले पनि झर्कदै भन्यो “के ?” स्यालले आफूलाई बडो बाठो र ठूलो भन्ठान्थ्यो । आफ्नो चतुर्‍याइँप्रति उसलाई घमण्ड थियो । स्यालसँग गाइवालाले आफ्नो समस्या राख्दै न्याय गरिदिन आग्रह गर्‍यो । स्यालले मेरो फुर्सद छैन भन्यो । होइन स्याल दाइ जसरी भए पनि अलिकति समय निकालेर मेरो लागि बोलिदिनु पर्‍यो भन्दै विनम्रताकासाथ गाईवालाले अनुरोध गर्‍यो । ल उसो भए भोलि कति खेर आउनी त भनेर स्यालले सोध्यो र गाईवालाले एउटा समय दियो अनि स्यालले हुन्छ भन्यो । भोलिपल्ट भयो पञ्च भलाद्मीहरू जम्मा भए सबै जना गोरुवालाको पक्षमा बोले तर गाईवालाको पक्षमा बोल्ने स्याल आइपुगेन, सबैले तेरो मान्छे खोई भन्दै हतार गर्न थाले । गाईवालाले एकै छिन पर्खनोस् आउँदै होला भनेर अनुरोध गर्‍यो । निकै बेर पछि हस्याङ्ग फस्याङ्ग गर्दै स्याल आइपुग्यो । तेरो न्याय गर्ने मान्छे यहि हो ? भन्दै गाउँलेहरूले गाईवालालाई गिज्याए । हो हजुर के गर्नु अरु कोही पनि मेरो पक्षमा रहेको पाइन भनेछ । त्यसपछि गाउँलेहरूले स्याललाई किन  ढिलो गरेको ? यस्तो कुरमा पनि कहिँ ढिलो गर्नु हुन्छ ? तिम्रो कारणले हामी सबैको कति समय बर्बात भयो ? यो सुनेर स्यालले रिसाउँदै भन्यो,-“आउन त चाँडै आउँछु भनेकै हो नि तर के गर्नु त्यहाँ पर खोलामा डढेलो लागेर माछा फत्रफत्र भ’का रे’छन् , तीं माछा टिपेर खाँदा खाँदै ढिलो भयो ।” स्यालको कुरा सुनेर न्याय गर्न बसेका पञ्चहरू गललल्ल हाँसेछन् । यस्ता फटाहाको कुरा पनि पत्याउनु हुन्छ यस्तालाई तिमीले न्याय गर्न ल्या’को चाहिने कुरा पो गर्नु पर्छ त । किन मैले के नचाहिने कुरा गरेँ ? भनेर स्यालले सोध्यो । स्यालको उत्तर दिँदै पञ्चहरूले भने,-“खोलामा पनि कहीँ डढेलो लाग्छ ?” उनीहरूको कुरा सुनेर स्यालले गोरु ब्याउन सक्छ भने खोलामा डढेलो लाग्न किन सक्दैन भनी प्रतिप्रश्न गर्‍यो । कोही पनि बोल्न सकेनन् र वास्तवमा जसको गाई ब्या’को थियो उसैले बाच्छो पाएछ । यसरी स्यालले पनि सटिक ढङ्गले न्याय दिलाएछ ।

सुन्नेलाई  सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : कुमार स्याङ्तान, चुरियामाई-८

### ३.४.३ लोककथाको तत्त्वका आधारमा 'स्यालको कथा' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथा दुईजना गाउँले (छिमेकी) हरूको झगडाको विषयवस्तुमा केन्द्रित छ । कथामा गाउँका मानिसहरू खेतीपातिको सिलसिलामा लेक र बेँशीमा अस्थाइ रूपमा बसाइँ सराइ गर्ने गरेको प्रसङ्ग उल्लेख छ । जहाँ बेशी झरेका किसानहरूले अस्थाइ गोठ बनाएका हुन्छन् । त्यहाँ उनीहरू मध्येको एक जनाको गाई व्याउनी हुन्छ भने अर्कोको गाई हुँदैन जोत्नका लागि गोरुमात्र पालेको हुन्छ । गाई ब्याउनी समय पुगेपछि एक रात गाई व्याउँछ तर बिहान गोठमा बाच्छो हुँदैन यो देखेर बाच्छोको खोजीमा त्यो किसान अर्कोको गोठमा पुग्छ जहाँ गाईको बाच्छो पुगेको हुन्छ । उता गोरु वाला किसानले मेरो गोरु ब्यायो भनेर भ्याली पिट्न थाल्छ । उनीहरूका बीचमा बाच्छो कसको ? भन्ने विषयमा भनाभन हुन थाल्छ र अन्त्यमा दुवैजनाबीच यो कुरा पञ्चहरूका बीचमा राख्ने, उनीहरूले जे भन्छन् त्यसैलाई मान्ने भनेर सहमति हुन्छ । योजना अनुसार पञ्चहरू भेला हुन्छन् । गाईवाला किसानले आफ्नो पक्षमा बोलिदिन एउटा बाठो स्याललाई भनेको हुन्छ । भेला हेन दिन स्याल ढिलो गरी उपस्थित हुन्छ । सबैले ऊ ढिलो आएकोमा आपत्ति जनाउँछन् । स्यालले पनि बाटोमा आउँदै गर्दा खोलामा आगो लागेकाले खोलाका माछा खान थाल्दा ढिलो भएको कुरा गर्छ । उसको कुरा सुनेर पञ्चहरूले यस्तो हावादारी कुरा गर्नेले पनि कहीँ न्यायको कुरा गर्न सक्छ ? भनेर उसलाई खिसी गर्न थाल्छन् । यही मौकामा स्यालले पनि आफ्नो बुद्धिको प्रयोग गर्दै गोरु व्याउन सक्छ भने खोलामा किन आगो लाग्न सक्दैन ? भनी प्रतिप्रश्न गरेर गाईवाला किसानलाई सटिक ढङ्गबाट न्याय दिलाउन सफल हुन्छ ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-स्यालले पनि मानिसले जस्तै बोल्नु,

- स्याल बाठो हुनु,

- मानिसहरूले गोरु ब्याएको कुरालाई समर्थन गर्नु ,

**ग) पात्र :**

प्रस्तुत कथामा मानवेतर पात्रका रूपमा स्याललाई प्रयोग गरिको छ । कथाको मुख्य पात्रका रूपमा दुई जना किसानहरूलाई देखाइएको छ । उनीहरू मध्येको एकजना सोझो र इमान्दार छ भने अर्को आफ्नो गोरु व्याएको कुरा गर्दै फटाहा प्रवृति देखाउँछ । गाउँका मानिसहरू पनि फटाहाहरूकै समर्थमा रहेकाले सम्पूर्ण गाउँले फटाहा नै रहेको कुरा कथामा देखाइएको छ तर सोझो किसानलाई सघाउने पात्रमा स्यालमात्र हुन्छ । यस आधारमा कथामा सत्पात्रका रूपमा एउटा किसान र स्याल देखिएका छन् भने अर्को किसान र सबै गाउँलेहरू खल पात्रका रूपमा उपस्थित छन्

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । मूलतः पहाडी भेगमा लेक र वेशी गर्ने नेपाली समाजको एउटा चित्र कथामा देखाइएको छ । समाजमा हुने फटाहा प्रवृत्ति त्यस्तो प्रवृत्तिबाट सोझा व्यक्तिहरू पिडित हुने यथार्थलाई पनि कथाको परिवेश बनाइएको छ । तसर्थ प्रस्तुत कथामा ग्रामीण क्षेत्रलाई त्यहाँको फटाहा प्रवृत्तिलाई नै मुख्य परिवेश बनाइएको स्पष्ट हुन्छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथाको मुख्य उद्देश्य पनि सत्यको सधै जीत हुन्छ भन्ने नै हो । यसका साथै फटाहाहरूलाई बलले भन्दा पनि वुद्धिको प्रयोगले जिल्न सकिन्छ भन्ने शिक्षा दिनु हो

**च) कथोपकथन :**

यस कथामा पनि केही लामा छोटा कथोपकथहरू प्रयोग गरिएका छन् जुन यसप्रकार रहेका छन् :-

-उसले स्याललाई बोलाउँदै भन्यो,-"स्याल दाइ, स्याल दाइ यता आउनुस् त"

-उसले पनि झर्कंदै भन्यो "के ?"

- यो सुनेर स्यालले रिसाउँदै भन्यो,-"आउन त चाँडै आउँछु भनेकै हो नि तर के गर्नु त्यहाँ पर

खोलामा डढेलो लागेर माछा फत्रफत्र भ'का रे'छन् , तीँ माछा टिपेर खाँदा खाँदै ढिलो भयो ।"
उपर्युक्त कथोपकथनहरूले कथालाई रोचक बनाएका छन् ।

**छ) भाषा :**

यस कथामा मध्य पहाडी भेगको बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

प्रस्तुत कथा सामाजिक विषयवस्तुसँग नजिक भए तापनि स्याललाई चतुर पात्रका रूपमा प्रयोग गरेर कथालाई गति प्रदान गरिएको छ । कथाले स्यालकै भूमिकाबाट उत्कर्ष प्राप्त गर्ने र कथाको उद्देश्य पनि पूर्णहुने हुँदा यहाँ स्यालको भूमिका मुख्य देखिन्छ । समग्रमा कथा मनोरञ्जपूर्ण र सन्देशमूलक बनेको छ ।

## ३.५ भाग्यको फल

### ३.५.१ परिचय

'भाग्यको फल' कथा हाम्रो समाजमा विद्यमान भाग्यवादी सोचलाई आधार बनाइएको कथा हो । साथै प्राप्त अवसरलाई सही रुपमा प्रयोग गर्न नसक्ने कमजोर बुद्धिका कारण दुःख पाउने नेपाली समाजको प्रवृत्तिलाई पनि कथाको विषयवस्तुको रुपमा लिइएको छ ।

### ३.५.२ मूलपाठ

एकादेशमा दुईजनाा गरिब बुढाबुढी थिए । उनीहरूका कुनै सन्तान थिएनन् । असाध्यै दुःखका साथ दिन काटिरहेका थिए । यसै बेला स्वर्गबाट शिव पार्वती मनुष्यको भेषमा पृथ्वीको विचरण गरिरहेका रहेछन् । ती मनुष्यरूपी शिव पार्वतीले ती गरिब बुढाबुढीलाई देखेछन् । यो देखेर पार्वतीलाई असाध्यै दया जागेछ र उनले पति महादेवलाई भनिछन्,-"प्रभु ! हजुर त यस

संसारको सृष्टिकर्ता, हजुरले सृष्टि गरेको प्राणी पनि यस्तो दुःखी कसरी भयो प्रभू ? यो त अन्याय हुन्छ प्रभू जसरी भए पनि यी दुःखी दम्पतीमाथि कृपा गरिबक्सियोस् ।"

पार्वतीको कुरा सुनेर महादेवले भनेछन्, - "प्रिय यिनीहरूको भाग्य नै यस्तै छ, यिनीहरूको भाग्यमा सुख लेखेको छैन यिनीहरूले भाग्यमा दुःख मात्र लिएर आएका छन् त्यसैले यिनीहरूले यस जुनीमा सुख पाउन सक्दैनन् ।"

यो सुनेर पार्वती दुःखी हुँदै स्वामी हजुरले चाहिबक्स्यो भने भाग्यमा नभए पनि यिनीहरू सुखी हुन्छन् त्यसैले यी दुःखी मनुष्यहरूमाथि दया गरिबक्सियोस् प्रभू भनेर बिन्ति गरिन् । पार्वतीले धेरै कर गरेको कारण महादेवले ती दम्पतिलाई बोलाई म महादेव हुँ तिमीहरूको दुःख देखेर मलाई असाध्यै दुःख लाग्यो तिमीहरूलाई म वरदानका तीनवटा कौडा दिन्छु । एउटा वर मागेपछि एउटा कौडा बिलाउने छ त्यसैले घरमा लगी राम्ररी विचार गरी आफूलाई चाहिएको कुरा माग भनी तीनवटा कौडा दिई पठाएछन् । यता वरदानका कौडा पाएपछि ती वृद्ध दम्पत्ति खुसी हुँदै कौडा लिएर घर गए । साँझ अब के वरदान माग्ने त भनी दुईजना बुढाबुढीले सल्लाह गर्न लागेछन् बुढी भन्छे लुगा, गहना, चुरा पोते मागौं, बुढो भन्छ खेतबारी, घर मागौं लामो समय सम्म पनि के माग्ने भन्ने टुङ्गो लागेन यो देखेर आफ्नो कुरा नमान्ने बुढीदेखि बुढोलाई असाध्यै झोँक चलेछ अब मैले अर्की राम्री र आफ्नो कुरा मान्ने स्वास्नी माग्छु भनेर "आइज स्वास्नी" भनी मागेछ । नभन्दै उसको वरिपरि स्वास्नी नै स्वास्नी आएछन् । यति धेरै स्वास्नी देखेर बुढो आत्तिएछ । ओहो ! यति धेरै स्वास्नी कसरी पाल्नु भनेर बुढोले भएन यी स्वास्नीलाई पठाउनु पर्‍यो भनेछ र फेरि अर्को कौडा फ्याँकेर जा स्वास्नी भनेछ । त्यसपछि आफ्नी भएकी पुरानी स्वास्नी पनि गइछ । अब बुढो त एक्लै भयो । कौडा पनि एउटा मात्र बाँकी छ । अब के- के माग्नु ? एउटी बुढी थिई कचकच गरेरै भए पनि मेरो सेवा गर्थी माया पनि गर्थी अब त झन् दुःख पाइने भइयो । होस् अब त्यही बुढी भए पनि माग्नु पर्‍यो भनेर "मेरै बुढी आइज" भनेछ र पुरानै बुढी आइछ । यसरी ती दम्पति महादेवको वरदान पाएर पनि भाग्य र वुद्धि दुवै नभएका कारण पुरानै अवस्थामा बाँच्नु परेछ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत : देवराज पौडेल, चुरियामाई-२

### ३.५.३ लोककथाका तत्त्वका आधारमा 'भाग्यको फल' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथा भाग्य सम्बन्धी विषयवस्तुमा केन्द्रित छ । कथामा शिवपार्वती गाउँमा घुम्न आउनु, गरिब दम्पतिलाई देखेर पार्वतीलाई उनीमाथि दया लाग्नु, महादेवसँग उनीहरूमाथि दाया गर्न आग्रह गर्नु, पार्वतीको हठका कारण महादेवले वरदानका तीनवटा कौडा उनीहरूलाई दिनु कथाको आदि भाग हो । त्यसपछि वरदानका कौडा पाएपछि वृद्ध दम्पति खुसी हुनु, के वर माग्ने भनी घरमा सल्लाह गर्नु माग्ने कुरामा सहमति हुन नसक्नु, कथाको विकास भाग हो र आफ्नो कुरा नमान्ने बुढीसँग बुढो सिराउनु, अर्की राम्री र आफ्नो कुरा मान्ने बुढी माग्ने बिचार आउनु, सोही अनुसार वरदान माग्नु, वरिपरि बुढी नै बुढी आउनु धेरै बुढी देखेर बुढो आत्तिनु, पुनः सबै बुढीलाई फर्काउने वर माग्नु, त्यसो गर्दा आफ्नी पहिलेकी बुढी पनि गाएब हुनु, बुढो चिन्तित हुनु र अन्तिम वरदानको कौडाले आफ्नी पुरानी वुढी माग्नु । पुनः उस्तै दुखी जीवन बिताउनु कथाको अन्त्य भाग हो ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-शिव पार्वती पृथ्वीमा घुम्न आउनु,

- शिवले वरदानका कौडा दिनु,

- कौडा फाल्दा मागे अनुसारका कुरा पाइनु,

**ग) पात्र :**

प्रस्तुत कथामा अलौकिक पात्र शिव पार्वतीलाई प्रयोग गरिको छ । कथाको मुख्य पात्रका रूपमा दुई जना वृद्ध दम्पतीहरूलाई देखाइएको छ । गरिव र मूर्ख बुढाबुढीमा एकअर्कामा समझदारी नहुँदा पाएको कुरा पनि गुम्न पुगेको छ ।

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । ग्रामीण क्षेत्र यस कथाको स्थानगत

परिवेश हो भने मुर्खताका कारण अवसरको प्रयोग गर्न नजान्ने नेपाली समाजको मानसिकतालाई पनि कथाको परिवेश बनाइएको छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथाको मुख्य उद्देश्य भाग्य नै सबैभन्दा ठूलो कुरा हो भाग्यमा नभए जे गरे पनि केही पाउन सकिँदैन भन्ने भाग्यवादी चिन्तन प्रस्तुत गर्नु हो । यसका साथै मानिसले अवसरलाई वुद्धिमत्ता पूर्वक सदुपयोग गर्न जान्नु पर्छ भन्ने पाठ सिकाउनु पनि यस कथाको अर्को महत्वपूर्ण उद्देश्य हो ।

**च) कथोपकथन :**

यस कथामा शिव र पार्वतीका बीचको संवाद रोचक रहेको छ यसका साथै वृद्ध दम्पतिका बीचको कथोपकथन पनि प्रयोग गरिएको छ जसले यस कथालाई रोचक बनाएको छ । जुन यसप्रकार रहेका छन् :-

-उनले पति महादेवलाई भनिछन्,-"प्रभु ! हजुर त यस संसारको सृष्टिकर्ता, हजुरले सृष्टि गरेको प्राणी पनि यस्तो दुःखी कसरी भयो प्रभू ? यो त अन्याय हुन्छ प्रभू जसरी भए पनि यी दुःखी दम्पतीमाथि कृपा गरिबक्सियोस् ।"

-पार्वतीको कुरा सुनेर महादेवले भनेछन्, - "प्रिय यिनीहरूको भाग्य नै यस्तै छ, यिनीहरूको भाग्यमा सुख लेखेको छैन यिनीहरूले भाग्यमा दुःख मात्र लिएर आएका छन् त्यसैले यिनीहरूले यस जुनीमा सुख पाउन सक्दैनन् ।"

**छ) भाषा :**

यस कथामा मध्य पहाडी भेगको बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

प्रस्तुत 'भाग्यको फल' कथा पनि पूर्णमनोरञ्जनात्मक बन्न पुगेको छ । बुढाबुढीको मूर्खतालाई कलात्मक ढङ्गबाट देखाइँदा कथामा हाँस्य वातावरण बनेको छ । यसका साथै कथा छोटो आकारको भए तापनि उद्देश्य पूरा गर्न सफल भएको छ ।

## ३.६ पुन्टे र भुन्टेको कथा

### ३.६.१ परिचय

चुरियामाई गा.वि.स. वडा नं ८ बाट सङ्कलित 'पुन्टे र भुन्टेको कथा' मानिसको विषेश स्वभाव वा प्रकृतिलाई समेटिएको लोककथा हो । गलत काम गरे पनि सही नियत राखेर वा वाध्यतावश गरिएको त्यस्तो कार्यको माफी हुन सक्छ भन्ने कुरा कथामा देखाउन खोजिएको छ । यसका साथै आफ्नो संस्कृतिप्रति विश्वास राख्नु पर्ने सन्देश पनि कथाले बोकेको छ ।

### ३.६.२ मूलपाठ

एकादेशमा एउटा चितपुर नामको सानो गाउँ थियो । त्यस गाउँमा पुन्टे र भुन्टे दुई चोर दाजुभाई पनि बस्दथे । गाउँ एकदमै प्रकृतिले भरिएको हुँदा त्यो गाउँ सुन्दर र रमणीय थियो । गाउँका मानिसहरू पनि एकदमै बाठा, शिक्षित र सज्जन थिए तर पनि कसैलाई थाहा थिएन कि ती दाजुभाइहरू चोर हुन् भनेर । सानै उमेरमा बाबुआमा बितेका ती दुई टुहुराहरूलाई आफ्ना इष्टमित्रले समेत गाउँबाट निकाला गरिदिएपछि उनीहरू यस गाउँमा आइपुगेका थिए । गाउँलेहरूले पनि उनीहरूलाई शरण दिई गाउँमै एउटा सानो झुप्रो बनाइदिइएका थिए र उनीहरू त्यही झुप्रोमा बस्दथे । दाजुको नाम पुन्टे र भाइ चाहिँको नाम भुन्टे थियो ।

प्रायजसो अरुको काम गरेर अरुको भरमा जिविका चलाउने ती दाजुभाइ कहिले काँही भने चोरी गर्दथे तर हिउँदको समयमा भने उनीहरूलाई त्यति काम नपाउने हुँदा उनीहरूलाई जीविकोपार्जन गर्न गाह्रो थियो । सँधै जस्तो यसपालिको हिउँद महिना सुरु भएपछि ती दुई दाजुभाइ पिरोलिन थाले । दिनहरू बिताउँदै एकदिन भुन्टेले एक्कासी हतारिएर भन्यो,-"ए दाइ , ए दाइ हामी दुई चोरी गर्न जाऔँ" यो सुन्नासाथ पुन्टेले भन्यो,"कहाँ ?" फेरि भुन्टेले जवाफ दियो, "राजाको ढुकुटीमा अन्त कहाँ ? फेरि चोरी गर्न नगए पनि हामी भोकै छौँ । खाना नपाए ज्यान पनि जान्छ त्यसैले जौन दाइ अहिले नै ।" भुन्टे एकोहोरो भन्न थाल्यो । पुन्टेलाई पनि हो जस्तै लाग्यो र भन्यो "जानि त हो तर अहिले यति राति कसरी जानु ? फेरि गार्डले थाहा पायो भने मार्छन् ।" भुन्टेले भन्यो, "राती नगए दिउसो त थाहा पाइहाल्छ नि , बरु चुपचाप हिड छिटो । " उनीहरु दुई राजाको ढुकुटीमा गए ।

रात अन्धकार र सुनसान थियो । गार्डहरु निदाईसकेकाले उनीहरूको डर अली कम भयो । राजाको ढुकुटी सुरुङ्ग हुँदै जानुपर्ने थियो । जाँदा उनीहरुलाई त्यस्तो कुनै गाह्रो भएन । ढुकुटीमा पुगिसकेपछि त्यहाँ रहेका मालसामानहरू देख्नासाथ उनीहरू अचम्मित भए र लोभिए । दुवै दाजुभाई मिली आफूलाई चाहिने गरगहना रूपैयाँ आदि लिएर फर्कंदै थिए अचानक पालेहरूले थाहा पाए र उनीहरूलाई खोज्न थाले । एकातिरको सुरुङ्गको  मुखबाट भुन्टेको खुट्टा समातेर तान्न थाले भने अर्कोतिर पुन्टेले भाईको , अन्त्यमा केही सीप नचल्दा भाईले भन्यो, "दाई मलाई उनीहरुले पक्रिसकेका छन् कुनै पनि हालतमा म उम्कन सक्दिन यदि केही गरी मेरो अनुहारले चिने भने तपाइलाई पनि छोड्ने छैनन् त्यसैले मेरो शिर छेदन गरी मेरो शिर सहित यो मालसामान लगि घर फर्कनुहोस् ।" यो सुन्दा पुन्टेले भन्यो , "म तँलाई कुनै पनि हालतमा छोड्न सक्दिन ।" आखिर केही नचल्दा पुन्टेले भाईको शिर छेदन गरी त्यहाँबाट कुलेलम ठोक्यो ।

यता राजाले चोर त पक्के तर शिर नभएको हुँदा को हो भनी चिन्न सकेनन् । चोर नै चिन्न नसकेको हुँदा पालेहरूलाई त्यस शरीरलाई जलाइदिनु भनी आदेहश दिए । यो थाहा पाउनासाथ पुन्टेले  शीरलाई अचानोमा धुजाधुजा गरी काट्यो र बन्दाकोपी र पिठोमा मोलेर रोटी बनायो र साधु बनी त्यो रोटीका साथ मसानघाट गयो । जब पालेहरूले भुन्टेको शरीरमा आगो लगायो तत्काल पुन्टेले भन्यो, "भाइहरू हो म एकदमै भोकाएको छु यो रोटी पोलेर खान्छु नी हुन्छ ?" यस्तो सुन्दा एउटाले भन्यो, "कहाँ बाजे यस्तो लास जलाएको आगोमा पनि कोही रोटी पोलेर खान्छ ? हुँदैन बाजे अन्तै जानुहोस् आगो खोज्न ।" यती के भनेको थियो पुन्टेले रुँदै भन्यो, "ठिक छ बाबु हो तिमीहरूले भनिहाल्यौ म यो आगोमा रोटी पोलेर खान्न तर के गरुँ म हिँड्न पनि सक्दिन त्यसैले अब म यहाँ भोकै मर्छु ।" यो सुनेपछि उनीहरूलाई पनि नरमाइलो लाग्यो र भन्यो, "ठिक छ बाजे यदि तपाईंलाई यहाँ पोलेर खानु हुँदा केही हुन्न भने तपाईं  यो आगोमा रोटी पोलेर खान सक्नुहुन्छ ।" यो सुनेपछि पुन्टे खुसी हुँदै ती रोटीहरू आगोमा हाल्यो अब त उसको उद्देश्य पूरा भयो तर पनि रोटी डढेर खरानी नबनुन्जेल  मलामीहरूलाई भुलाउनत्रु पर्ने थियो त्यसैले उसले आफ्नो बाल्यकालको कुराहरू भन्न थाल्यो र सबै साँचो कुरा गऱ्यो मात्र उनीहरू चोर भएको बाहेक यति कुरा गरुन्जेल त रोटी पनि पुरै खरानी भइसकेको थियो यो देखी पुन्टे फेरि छाती पिट्दै रुँदै भन्न थाले, "बल्ल बल्ल जम्मा गरेको पिठोको रोटी

बनाएको थिएँ त्यो पनि खान पाइन ।" यो सुन्दा मलामीहरूलाई नराम्रो लागेर आयो र आफूसँग भएको रूपैयाँ गरहगना दिई अबदेखि त्यसरी नहिँड्नु भनेर दरबारतिर फर्के ।

यता दरबारमा मलामी गएकाहरूले राजालाई सब वृत्तान्त सुनाए । यो सुन्नासाथ राजाले क्रोधित भएर भन्यो, "उल्लु हो , त्यो जोगी होइन सायद त्यो बुढो चोरको बुवा हुन सक्छ । नत्र लास जलाएको आगोमा पनि कोही रोटी पालेर खान्छ ? जाओ अब फेरि कहीँ त्यस बुढोलाई देख्यौ भने पक्रेर ल्याऊ ।" यो सुन्दा सबै पहरेदारहरू अचम्मित भए । यता पुन्टे रुँदै दिनहरू काट्दै थियो । आफ्नो परम्परा अनुसार मृतकको लास जलाएको भोलिपल्ट मलामीहरूको लुगा धोई उनीहरूलाई सन्तोषी बनाउनु पर्ने थियो । त्यसैले ऊ भेष बदलेर बाटोमा दही बेच्न बसे । जब पहरेदारहरू घर फर्कँदै आफूतिर आइरहेका देखे तत्कालै पुन्टेले दहीमा बेहोस बनाइदिने औषधि हालिदिए । जब पहरेदारहरू आफ्नो नजिक आइपुगे पुन्टेले तत्काल भन्यो, "लौ हजुर ताजा ताजा दही" यो सुनेपछि उनीहरू दहीतिर लोभिए किनभने चैतबैसाकको टन्टलापुर घाममा हिँड्दा उनीहरू निकै थाकेका थिए । त्यसैले उनीहरूले दही मागे यही मौका पारी पुन्टेले सबैजनालाई दही दियो राम्रोँग खान नपाउँदै उनीहरू लठ्ठिएर बहोश भए । जब उनीहरूको होश आयो तब हेर्दा न आफ्नो शरीरमा न त लुगा नै छ नत त्यहाँ दही बेच्ने मान्छे नै, उनीहरूको लुगा त धोएर सुकाइराखेको थियो । यो देख्दा उनीहरू फेरि आश्चर्यमा परे ।

यो कुरा फेरि राजाले थाहा पाएपछि यो चोर कुनै चानचुने होइन भनी राजाले यो चोर जो भए पनि दरबारमा उपस्थित भएमा उसका सबै सजायहरू मिनाहा गरिने खबर देशभरि फिँजाउन लागाए । यो खबर सुनेपछि पुन्टे दरबारमा पुग्यो । चोरलाई देखेर राजाले "बाबु तिमी यस्तो बुद्धिमानी र बलवान छौ तै पनि तिमी किन यस्तो चोरी गर्ने काममा लागेको हँ ?" भनी सोधे । चोरले म रहरले नभई बाध्यताले गर्दा चोरी गर्न लागेको हुँ सरकार भनेर भन्यो । चोरको बुद्धि र इमान्दारीता देखेर राजाले उसलाई धेरै धन सम्पत्ति दिएर फर्काइदिए ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत : सानु कान्छा दोङ, चुरियामाई-८

### ३.६.३ लोककथाका तत्त्वका आधारमा 'पुन्टे र भुन्टेको कथा' को विवेचना

**क) कथानक**

प्रस्तुत कथा दुई जना चोर दाजुभाइको जीवनका घटनाहरूमा केन्द्रित छ । कथामा दाजुभाइ गरिब हुनु, परिश्रम गरेर खानु तर परिश्रम गरेर पनि कहिलेकाहीँ खान नपुग्दा बाध्यताबश चोरी गर्नु, कथाको आदि भाग हो । भने चोरी गर्न राजाको घर जानु, भुन्टेलाई पालेहरूले समाउनु, राजाले चिन्लान भनी भाइको शिर छेदन गरी दाइ कुलेलम ठोक्नु कथाको विकास भाग हो । पुन्टेले भाइको शिरलाई किचेर रोटी बनाई लास जलाउने ठाउँमा जोगीको भेष गरी पुग्नु र रोटी पोल्ने निहुँ गरी भाइको अन्तेष्टीमा सहभागी हुनु, उसलाई मलामीहरूले चिन्न नसक्नु, यो सबै सुनेर राजा रिसाउनु, त्यस जोगीलाई समात्न आदेश दिनु, यो कुरा थाहा पाएर पुन्टेले राजाका मानिसहरूलाई दहीमा बेहोसीको औषधि मिलाएर खुवाउनु र उनीहरूका कपडा खोली धुनु, यी सबै घटनाहरू थाहा पाएपछि राजाले यो चोर जो सुके भए पनि उसको चलाखी र वौद्धिकताको कदर गर्दै सबै सजाय माफ गर्ने घोषणा गरी चोरलाई दरबारमा बोलाउनु र पुन्टे दरबारमा जानु र राजाले उसलाई धेरै धनसम्पति दिएर पठाउनु कथाको अन्त्य भाग हो । यसरी कथा आदि मध्य र अन्त्यको श्रृङ्खलामा प्रस्तुत भएको छ ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-दाजुले भाइको शिर छेदन गर्नु,

-भाइको टाउकोको रोटी बनाउनु,

**ग) पात्र :**

प्रस्तुत कथा धेरै पात्रहरू प्रयोग गरिएको कथा हो । यहाँ राजा, पालेहरू, पुन्टे र भुन्टे गाउँलेहरू जस्ता पात्रहरू प्रयोग भएका छन् । पुन्टे र भुन्टे कथाका मुख्य पात्रहरू हुन् । उनीहरूलाई कथामा निकै चतुर मानिसका रूपमा देखाइएको छ । त्यसै गरी दाजु पुन्टेमा हिन्दु धर्म अुनसारका कर्मकाण्ड अनुसार मानिसले गर्नु पर्ने कर्मप्रति सचेतता देखिन्छ । आफ्नो कर्तव्य पूरा गर्न पुन्टेले धेरै जोखिमयुक्त कामहरू गरेकाले ऊ कथामा साहसी पात्रका रूपमा पनि चिनिन्छ ।

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । ग्रामीण क्षेत्र यस कथाको स्थानगत परिवेश हो भने गरिबीका कारण मानिसले गलतबाटो समेत अबलम्बन गर्नु पर्ने नेपाली समाजको यथार्थ र बाध्यात्मक अवस्थालाई पनि कथाको परिवेश बनाइएको छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथामा हामीले आफूले गर्नु पर्ने कर्म जसरी पनि पूरा गर्नु पर्छ र कुनै पनि काम गर्दा चलाखी पूर्वक गऱ्यो भने अवश्य सफल भइन्छ भन्ने पाठ सिकाउनु नै यस कथाको मुख्य उद्देश्य हो ।

**च) कथोपकथन :**

यस कथामा लामा छोटा कथोपकथन पनि प्रयोग गरिएका छन् जसले यस कथालाई रोचक बनाएको छ । जुन यसप्रकार रहेका छन् :-

-एकदिन भुन्टेले एक्कासी हतारिएर भन्यो,-"ए दाइ , ए दाइ हामी दुई चोरी गर्न जाऔँ"

-यो सुन्नासाथ पुन्टेले भन्यो,"कहाँ ?"

-फेरि भुन्टेले जवाफ दियो, "राजाको दुकुटीमा अन्त कहाँ ? फेरि चोरी गर्न नगए पनि हामी भोकै छौँ । खाना नपाए ज्यान पनि जान्छ त्यसैले जौन दाइ अहिले नै ।"

**छ) भाषा :**

यस कथामा मध्य पहाडी भेगको बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

प्रस्तुत कथामा मानवीय आचरणलाई विषयवस्तु बनाइएको छ । आफ्नो संस्कृति र परम्परा बचाउन कथाका पात्रहरूले खेलेको भूमिका प्रशंशनीय छ । यसबाट कथा सन्देशमूलक बन्न पुगेको छ ।

## ३.७ अन्धो जोगी

### ३.७.१ परिचय

प्रस्तुत 'अन्धो जोगी' कथालाई पनि सांस्कृतिक लोककथाको रूपमा लिन सकिन्छ । यसमा तपस्या गरेर वर पाइने जस्ता अन्धविश्वास युक्त नेपाली समाजको मानसिकतालाई टेकेर कथा तयार पारिएको छ । जहाँ भगवान प्रशन्न हुँने कुरालाई जीवनको एउटा अवसरको रूपमा देखाइएको छ र यस्ता अवसरहरूलाई बौद्धिता पूर्वक प्रयोग गर्न सके धेरै लाभ लिन सकिन्छ भन्ने सन्देश दिने कोशिस पनि प्रस्तुत कथामा देखिन्छ ।

### ३.७.२ मूलपाठ

भारतको विहारको कुनै ठाउँ थियो त्यहाँ एउटा अन्धो जोगी रहेछ । त्यो अन्धो जोगीको एउटै इच्छा वा आकांक्षा आँखा देख्न पाउने थियो । हे भगवान् म आँखा देख्न पाऊँ, आख देख्न पाएँ भने मैले संसार देख्न पाउँथे  भन्ने चाहना थियो । त्यसैले काशी गयाका मठ मन्दिरहरूमा हे भगवान आँखा देख्न पाउँ भन्दै भौतारिदो रै'छ । यसै क्रममा त्यहाँको जान्ने मान्छे वा पुजारीले हेर ! देवादी देव महादेव नेपाल खण्डको पशुपतिमा छन् तिमी यहाँ भौतारिनु भन्दा नेपाल जाऊ । त्यहाँ तिमी साक्षात महादेव भेट्टाउन सक्ने छौ र तिमीले आँखा देख्न सक्छौ भन्ने सल्लाह दिएछन् । जोगीलाई यो कुरा मन परेछ । तर बिचरा ऊ अन्धो मान्छे त्यतिबेला कुनै यातायातको सुविधा थिएन यति टाढा कसरी जाने ? यस्तो चिन्ताले जोगी लाई सतायो । तर जसरी भए पनि पशुपतिनाथ पुगेरै छाड्ने दृढ अठोट जोगीले गर्छ र यात्रा सुरु गर्छ । सोध्दै, खोज्दै, कतै कसैको साहारा लिँदै कयौँ हप्ता, कयौँ महिनासम्म हिँड्दा हिँड्दा धेरै महिनापछि बल्ल बल्ल ऊ नेपाल आउन सफल भयो । आइसकेपछि अरुसँग सोध्दै ऊ पशुपतिनाथ पुग्यो । बाहिरी आँखाले त उसले देख्दैनथ्यो तर भित्री आँखाले देखेर उसले पशुपतिनाथ यिनै हुन् भन्ने ठान्यो र पशुपतिनाथको अगाडि "हे.भगवान् म आँखा देख्न सकूँ, अरु मलाई केही चाहिँदैन" भन्दै रातदिन प्रार्थना गर्न थाल्यो । उसले हृदयदेखि नै भगवानलाई सम्भेर कामना गरेको, पुकार गरेको हुँदा महादेवले पनि यसले त असाध्यै गऱ्यो यसलाई त दर्शन दिनै पऱ्यो भनेर महादेव उसको अगाडि उपस्थित हुन भयो र भन्नु भयो, "भक्त तिम्रो तपस्याबाट म प्रसन्न भएँ के वरदान माग्छौ माग" यो सुनेर जोगी निक्कै खुसी भयो । वरदान माग्न भनेको सुनेपछि

उसले सोच्न थाल्यो । हुन त उसको मुख्य  चाहना आँखा देख्ने मात्रै थियो तर आँखा देखेपछि त स्वास्नी पनि चहिएला, छोराछारी पनि चाहिएला, धन सम्पत्ति पनि चाहिएला भन्ने विचार आयो । ऊभित्र यस्तो विचार आएको भगवान् शिवले थाहा पाइहाले किनकि भगवान् त अन्तर्यामी थिए अब यसले धेरैवटा वरदान माग्ने भयो, भनेर हत्त पत्त भगवान्ले भन्नुभयो, -"ल ल छिटो माग तर जे माग्छौ एउटा मात्र वरदान माग ।" यो सुनेर जोगी अलमलियो उसलाई त धेरै चिज माग्नु छ तर भगवान्ले एउटामात्र वरदान माग्न भन्नु भएको छ । उसले यसो विचार गऱ्यो र झटपट भन्यो -"हे भगवान् मेरो माहिलो छोराले सुनको थालमा दुध र भात खाएको देख्न पाऊँ ।" यसरी जोगीले चलाखीपूर्वक एउटै वरदान माग्यो त्यसैले महादेवले तथास्तु भनी वरदान दिए । यसरी जोगीले यसवरदानबाट माहिलो छोरो भनेको हुनाले कम्तिमा पनि तीन छोरा हने, त्यस्तै छोराछारी हुनको लागि श्रीमती पनि चाहियो र सुनको थाल भनेपछि धन सम्पत्ति पनि प्रशस्त हुने, दुध र भात खाएकोभन्दा भैंसी र खेतीपाती हुने भो भने देख्न पाऊँ भने पछि आँखा पनि खुल्ने जस्ता थुप्रै कुराहरू प्राप्त गर्न सफल हुन्छ । यसरी अन्धो जोगीले सुखपूर्वक जीवन बिताएछ ।

सुन्नेलाई  सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत : राम बहादुर पार्खिन, चुरियामाई-५

### ३.७.३ लोककथाका तत्त्वका आधारमा 'अन्धो जोगी' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथा एक जना अन्धो जोगीको आँखाको ज्योति प्राप्त गर्ने चाहनासँग सम्बन्धित छ । उसले आँखाको ज्योति प्राप्त गर्न भारतका विभिन्न तीर्थस्थलहरूमा धाएको प्रसङ्गबाट कथा प्रारम्भ भएको छ । एकजना पुजारीको सल्लाह बमोजिम देवताका पनि देवता महादेवको पुण्य भूमि नेपालको पशुपतिनाथ भएको कुरा थाहा पाएपछि ऊ नेपाल जान तयार हुनु, विभिन्न दुःख कष्ट झेल्दै लामो समय लगाएर नेपाल आइपुग्नु र पशुपतिनाथको कठोर तपस्या गर्न थाल्नु कथाको मध्य भाग हो । जोगीको तपस्याबाट महादेव प्रशन्न हुनु, र बरदान माग भन्नु, जोगीको मनमा धेरै कुरा माग्ने विचार आउनु, महादेवले एउटामात्र वरदार माग्न भन्नु र जोगीले

चलाखीसाथ एउटै वरबाट धेरै कुराहरू माग्नु कथाको अन्त्य भाग हो । यसरी आदि, मध्य र अन्त्यको श्रृङ्खलामा अगाडि बढेको छ ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-आँखाको ज्योति प्राप्त गर्न जोगीले तीर्थस्थलहरू धाउनु,

-जोगीको तपस्याबाट महादेव प्रसन्न हुनु,

-महादेवले वरदान दिनु ।

**ग) पात्र :**

प्रस्तुत कथा धेरै पात्रहरूको प्रयोग गरिएको छैन । कथाको मुख्य पात्र अन्धो जोगी रहेको छ भने अलौकिक पात्रका रूपमा महादेवलाई प्रयोग गरिएको छ , गौण पात्रका रूपमा पुजारी रहेको छ ।

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । भारत र नेपालका विभिन्न क्षेत्रलाई यस कथाले स्थानगत परिवेश परिवेश बनाएको छ तपस्याबाट पनि आफ्ना मनका चाहनाहरू पूरा गर्न सकिन्छ भन्ने मानसिकता लाई पनि कथाको परिवेशका रूपमा लिइएको छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथामा कर्म गरे फल प्राप्त हुन्छ भन्ने कुरा देखाउन खोज्नुलाई उद्देश्यका रूपमा लिइएको छ भने कुनै पनि कार्य चलाखीपूर्वक गर्दा धैरै भन्दा धेरै फाइदा लिन सकिन्छ भन्ने कुरा देखाउनु पनि कथाको अर्को उद्देश्य हो ।

**च) कथोपकथन :**

यस कथामा लामा छोटा कथोपकथन पनि प्रयोग गरिएका छन् जसले यस कथालाई रोचक बनाएको छ। जुन यसप्रकार रहेका छन् :-

- भगवान्ले भन्नुभयो, -"ल ल छिटो माग तर जे माग्छौ एउटा मात्र वरदान माग।"
- उसले यसो विचार गऱ्यो र झटपट भन्यो -"हे भगवान् मेरो माहिलो छोराले सुनको थालमा दुध र भात खाएको देख्न पाऊँ।"

**छ) भाषा :**

यस कथामा बोलचालको नेपाली भाषाको प्रयोग भएको छ। जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गऐको छ।

प्रस्तुत 'अन्धो जोगी' कथामा समाजमा व्याप्त अन्धविश्वास र मूल्य मान्यताहरुलाई देखाउनुका साथै मानिसको चातुर्यलाई पनि जोडदार रूपबाट देखाइएको छ। स्रोतालाई कुनै पनि काम गर्दा बुद्धिमत्तापूर्वक गर्नु पर्छ त्यसो भएमा सानो अवसरबाट पनि ठूलो लाभ लिन सकिन्छ भन्ने सन्देश दिन सफल प्रस्तुत कथा व्यापक भौगोलिक परिवेशलाई समेटिएको, रोचक र उद्देश्यपूर्ण बन्न पुगेको छ।

## ३.८ घमण्डी बाघ

### ३.८.१ परिचय

'घमण्डी बाघ' शीर्षकको कथामा बाघलाई मानवीकरण गरेर देखाइएको छ। यसकारण यसलाई पशुपंक्षीका कथा अन्तर्गत राख्न सकिन्छ तर पनि कथा मनोरञ्जन प्रदान गर्नेमात्र नभई बाघको माध्यमबाट समाजलाई मूर्ख हुन नहुने सन्देश दिन समेत सफल देखिन्छ।

३.८.२ मूलपाठ

एकादेशमा एउटा घना जङ्गल थियो । त्यस जङ्गलमा एउटा बुढो बाघ थियो । उसले आफूलाई जङ्गलको राजा सम्भन्थ्यो । एकदिनको कुरा हो । धैरै दिनदेखि केही खान नपाएको बुढो बाघ शिकारको खोजीमा हिँड्दै थियो । यत्तिकैमा एउटा इनार भेटियो । बाघले इनारमा हेर्‍यो । उसले त्यस इनारभित्र पनि आफूजस्तै बाघ देखेपछि उसलाई रिस उठ्यो र ड्यार्रर गर्‍यो । इनारभित्रको बाघ पनि त्यसै गरी ड्यार्रर गर्छ यो दखेर उसलाई अभ्र रिस उठ्यो तँलाई नमारी छाड्दिन भन्दै इनारमा हामफाल्यो । इनारमा देखिएको बाघ कुनै अर्को बाघ नभएर त्यो उसकै छायाँ भएकाले अर्को बाघ भेटिने कुरै भएन । अब त्यस बाघले त्यो इनारबाट निस्किने धेरै कोशिस गर्‍यो तर सकेन र बचाउ बचाउ भन्दै कराउन थाल्यो । त्यसैबेला त्यही इनारको बाटो गरेर एकजना मानिस कतै जाँदै थियो । इनारभित्रबाट बचाऊ बचाऊ भन्ने आवाज आएको सुनेर के रै'छ भनेर इनारभित्र हेर्‍यो । इनारभित्र बाघ छलपटाइ रहेको थियो । मानिसलाई देखेर बाघले "ए दाइ म त मर्नैआँटे लौन मलाई बचाऊ" भन्यो । अनि मानिसले भन्यो, "तिमी बाघ हौ मैले तिमीलाई बचाएँ भने त तिमीले मलाई खाइहाल्छौ नि अहँ म त तिमीलाई बचाउँदिन ।" मानिसको कुरा सुनेर बाघ अभ्र दुःखी हुँदै सत्यसत्य म तिमीलाई खान्न मलाई बचाऊ दाई तिमीलाई धेरै धर्म हुन्छ भन्दै रुन लाग्यो । बाघको अवस्था देखेर मानिसलाई दया लाग्यो र भन्यो, "पक्का हो त ? पक्का मलाई खान्नौ ?" बाघले पनि पक्का भन्दै नखाने बाचा गर्‍यो । त्यसपछि त्यस मानिसले डोरी खोजेर ल्यायो र बाघलाई समात्न दियो अनि बाघलाई बाहिर निकाल्यो । बाहिर निस्किसकेपछि धेरै दिनदेखि केही नखाएकाले बाघले असाध्यै कमजोर भएको महसुस गर्‍यो । अब यस्तो हालतमा शिकार गर्न पनि सकिँदैन यही मान्छेलाई नै खानु पर्‍यो क्यारे भनेर मानिसलाई भनेछ । "अब म तिमीलाई खान्छु ।" यो सुनेर मानिस आत्तियो र भन्यो, "अघि भर्खर नखाने भनेर बाचा गरेको होइन" हुन त हो तर मलाई त असाध्यै भोक लागेको यदि मैले तिमीलाई खान पाइन भने त म भोकले नै मर्छु त्यसैले मत तिमीलाई नखाइ छाड्दिन भनेर बाघले जिद्धी गर्न थाल्यो । यस बैगुनी बाघलाई मानिसले अनेक कुरा गरेर सम्भाउन खोज्यो तर अहँ त्यस बाघले 'खान्छु' कि 'खान्छु' मात्र भन्न थाल्यो मानिसको कुनै उपाय र तर्क काम लागेन । बाघसँग केही सीप नगेपछि मानिसले अब अन्तिम प्रयास गर्ने विचार गर्‍यो र भन्यो, "उसो भए ल ठिकै छ तिमी मलाई खाऊ तर म तिन

जनासँग गुन गर्नेलाई मार्नु हुन्छ कि हुँदैन भनेर सोध्छु, ती सबैले खानु हुन्छ  भने भने तिमीले मलाई खानु ।" मानिसको यो कुरा बाघलाई ठिकै लाग्यो र भन्यो "ल हिँड उसो भए कल्लाई सोध्ने हो छिटो सोध" अब दुबै जना बाटोमा हिँड्न थाले । सबै भन्दा पहिले बाटामा एउटा रूख भेटियो मानिसले रूखलाई बिनम्रताका साथ सोध्यो,"ए रूखदाई गुन गर्ने मानिसलाई मार्नु हुन्छ त ?" रूखले विचारै नगरी भन्यो, "किन नहुनु मानिसले हामीलाई पनि काटेर कत्ति दुःख देका छन् हुन्छ हुन्छ मान्छेलाई मारे हुन्छ ।" रूखको कुरा सुनेर मानिस निराश भयो भने बाघ खुसी भयो । फेरि बाटामा एउटा बँदेल भेट भयो बँदेललाई पनि मानिसले त्यसै गरी बिनम्रताका साथ सोध्यो बँदेलले पनि ठस्किँदै भन्यो, "किन नहुनु मानिसले हाम्रो शिकार गरेर हामीलाई मार्छन् त्यसैले मारे हन्छ ।" दुईजनाले यस्तो भनिसकेपछि अब मान्छेको बाँच्न पाउने आशा लगभग मऱ्यो । उता बाघले पनि अब खाउँ त भनेर अत्याउन थाल्यो । तै पनि मानिसले पर्खन दाइ अझ एक जना त बाँकी छ नि उसले पनि यस्तै भन्यो भने अनि खाउला नि एकै छिन त पर्खन मानिसले अनुरोध गऱ्यो । अलि अगाडि पुग्दा एउटा परबाट आउँदै गरेको स्याल देखियो नजिकै आएपछि मानिसले स्याललाई भन्यो, "स्याल दाइ गुन गर्ने मानिसलाई मार्नुहुन्छ त ?" "तिम्रो कुरा मैले बुझिन राम्ररी बुझाऊ न अनि बल्ल हुन्छ कि हुन्न भनेर भन्न सक्छु कुरै राम्ररी नबुझी म कसरी भनूँ हुन्छ कि हुन्न ।" - स्यालले भन्यो, स्यालको कुराले मानिसमा अलिकति आशा जाग्यो र सबै कुरा सविस्तार वर्णन गऱ्यो । मानिसको कुरा सुने पछि स्यालले घोरिँदै भन्यो, "म यसको निर्णय यो सबै घटना भएको ठाउँ नहेरी र पहिलेको अवस्था कस्तो थियो त्यो नबुझी त दिन सक्दिन त्यसैले तिमीहरूलाई निर्णय चहिन्छ भने मलाई घटना घटेको स्थान र पहिलेको अवस्था देखाऊ ।" स्यालको कुरा सुनेपछि सबैजना इनार भएतिर लागे एकै छिनमा सबै इनार भएको ठाउँमा पुगे । इनारनिर पुगेपछि स्यालले इनारलाई वरिपरि घुमेर हेऱ्यो र भन्यो, "यत्रो जाबो इनारमा तिमी परेको ? मलाई त पत्यार लागेन" बाघले हो म यही इनारमा परेको हो भनेर स्याललाई विश्वस्त पार्न खोज्यो । तर स्यालले पत्याएन बाघले स्याललाई विश्वस्त पार्ने कोशिस गरि नै रह्यो । अन्यमा "उसोभए ल फेरि एकपल्ट इनारभित्र छिरेर देखाऊ अनिमात्र म तिम्रो कुरा पत्याउँछु ।"-स्यालले भन्यो । स्यालको कुरा सुनेर केही विचारै नगरी बाघ इनारमा हामफाल्यो । यसरी बाघ फेरि इनारमा खस्यो । यसपछि स्याले मानिसलाई भन्यो, "ल आज एक दिन त मैले तिमीलाई बचाएँ अबदेखि कसैलाई सहयोग गर्नु

भन्दा पहिले राम्ररी सोचेरमात्र गर्नु ।" मानिस पनि हवस् स्याल दाइ अबदेखि म त्यसै गर्छु भन्दै आफ्नो बाटो लाग्यो ।

सुन्नेलाई  सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : धन बहादुर कार्की, चुरियामाई-२

### ३.८.३ लोककथाका  तत्त्वका आधारमा 'घमण्डी बाघ' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथा नेपाली समाजमा लोकप्रिय कथा हो । यस कथामा एक जना मानिस र मानवेतर पात्र बाघको मूर्खतालाई विषयवस्तु बनाइएको छ । मानिसले इनारमा परेको बाघलाई विचारै नगरी बचाउनु कथाको आदि भाग हो । इनारबाट निस्केपछि बाघले मानिसलाई खान्छु कि खान्छु भन्नु, मानिसले तीन जनालाई सोधौं सबैले खाए हुन्छ भनेमा खानु भन्ने तर्क गरेपछि बाटोमा भेटिएकाहरूलाई सोध्दै हिंड्नु कथाको मध्य भाग हो भने स्यालले जुक्ति लगाएर बाघलाई पुनः इनारमै खसालिदिनु कथाको अन्त्य भाग हो । स्यालको चातुर्यले कथालाई निकै रोचक र कुतहत बनाएको छ ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-बाघले मानिससँग सहयोग माग्नु,

-रूखले पनि मानिसले जस्तै कुरा गर्नु,

-स्यालले वुद्धि प्रयोग गरेर बाघलाई मार्नु ।

**ग) पात्र :**

प्रस्तुत कथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । यहाँ बाघ, स्याल, रूख, बँदेल जस्ता जनावरहरूलाई पात्रको रूपमा प्रयोग गरिएको छ । मानवेतर पात्रलाई मानवीकरण गरिएको हुँदा कथाको पात्र योजना रमाइलो बन्न पुगेको छ । बाघलाई घमण्डी र

मूर्ख पात्रका रूपमा, रूख र बँदेललाई बिचारहीन पात्रका रूपमा देखाइएको छ भने स्याललाई चतुर पात्रका रूपमा देखाइएको छ

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । कुनै ठाउँको वनक्षेत्रलाई कथाको स्थानगत परिवेश बनाइएको छ । एक दिनको समयवधिमा कथाका सम्पूर्ण घटनाहरू घटेकाले समयगत परिवेशमा छोटो अवधिलाई लिइएको छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथामा कुनै पनि कार्य गर्दा सोचेर मात्र गर्नु पर्छ । बिचारै नगरी काम गर्दा धोका हुन सक्छ भन्ने कुरा देखाउनु कथाको मुख्य उद्देश्य हो । साथै कसैलाई पनि छिट्टै विश्वास गरिहाल्नु हुँदैन भन्न खोज्नु पनि कथाको अर्को उद्देश्य हो ।

**च) कथोपकथन** :

यस कथामा मानिस जनावर र रूख विरुवासँगका लामा छोटा कथोपकथनको प्रयोग गरिएको छ । जसले यस कथालाई रोचक बनाएको छ ।  जुन यसप्रकार रहेका छन् :-

- मानिसलाई देखेर बाघले “ए दाइ म त मर्नैआँटे लौन मलाई बचाऊ” भन्यो ।
- मानिसले रूखलाई बिनम्रताका साथ सोध्यो,“ए रूखदाई गुन गर्ने मानिसलाई मार्नु हुन्छ त ?”
- रूखले विचारै नगरी भन्यो, “किन नहुनु मानिसले हामीलाई पनि काटेर कत्ति दुःख देका छन् हुन्छ हुन्छ मान्छेलाई मारे हुन्छ ।”

**छ) भाषा :**

यस कथामा बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

प्रस्तुत कथामा मानवेत्तर प्राणी बाघलाई पात्रका रूपमा प्रयोग गरेर कथालाई मनोरञ्जनात्मक बनाइएको छ । मानिस र जनावरहरूका बीच देखाइएको संवादले कथालाई अझ रोचक बनाएको छ । समग्रमा कथा मनोरञ्जपूर्ण  र सन्देशमूलक बनेको छ ।

## ३.९ अंशवण्डा

### ३.९.१ परिचय

'अंशवण्डा' कथा समाजमा विद्यमान ठग प्रवृत्तिलाई आधार बनाएर लेखिएको कथा हो । यसमा परिवारमा हुने धोका र बेइमानीको भण्डाफोर गरिएको छ । यस अर्थमा प्रस्तुत कथा मानवीय आचरण र प्रवृत्तिसँग सम्बन्धित कथा हो भन्न सकिन्छ ।

### ३.९.२ मूलपाठ

एकादेशका दुई जना दाजुभाई थिए । अनि दाइ चाहिँ असाध्यै बाठो थियो छट्टु थियो, भाइचाहिँ सिधा थियो । अनि एत्तिकैमा के भएछ भने देखि अब उनीहरू ठूला भए भाइचाहिँलाई भाउजु ले'नि हेला गर्नी दाइले'नि हेला गर्नी अनि त्यो भए'सी दाइचाहिँले भने छ "तँ छुट्टी बाबु, तँलाई हामी पाल्न सक्दैनौं ।" भनेछ है भाग अंश लगाएछन्, भाग अंश लगाएपछि सबै कुरा भाग अंश भएछ तर एउटा गाई र राडीमा गएर भाग अंश रोकियो । अब गाई कसरी बाँड्नी काटेर बाँड्न भएन, राडी पनि च्यात्यो भने काम लाग्दैन । त्यसैले दाइचाहिँ बाठो थियो उसले भनेछ, "बाबु यो राडी चाहिने दिउसभरि तँलाई रातभरि मलाई, अनि यो गाई पनि टाउकोपट्टि तँलाई अनि यतापट्टि थुनपट्टि खुट्टापट्टि चाहिँ मलाई" भनेछ । त्यसो भइ सकेपछि भाइचाहिँले पनि "हुन्छ" भनेछ । अब हुन्छ भन्नै पर्‍यो दाइ टाठोबाठो थियो नभनीकन सुख छैन "हुन्छ" भनिदियो । दिनभरि ऊ चैं के गर्दो रे'छ घाँस काट्नी, कुँडो ख्वाउनी सबै गर्दो रे'छ अनि थुन पट्टिको भाग त दाइको छ नि त, ऊ चैं मजासँग बाल्टीमा दुध दुहेर खाँदो रै'छ । अनि राडी पनि दिनभरि ऊ सुकाउनीओर्नी गर्दो रै'छ । धोई पखाली गर्दो रै' छ अनि रातको बेलामा ओच्छ्याउनु पर्ने बेला त रात भयो नि त, रातको बेलामा चैं मेरो पालो बाबु भनेर लिएर जाँदो रै'छ ऊ मजासँग लगेर राडी ओच्छ्याउदो रे'छ अनि एक दिन सह्यो, एक महिना सह्यो, दुई महिना सह्यो, चार महिना सह्यो । ऊ त सधैंभरि गाईलाई घाँस काटेको काट्यै गर्नी भयो दाइचाहिँ दुध खानी भयो । राडी पनि त्यस्तै भयो । अनि उल्ले एकजना मान्छेलाई गुनासो गरेछ । मलाई त यसो यसो भयो के गर्नी होला भनेपछि त्यो मान्छेले उसलाई अर्ती दिएछ "हेर बाबु त्यस्तो होइन यसो गर्न, त्यो राडी पनि दिउँसो तेरो भागमा होइन ? सुकाउनेओर्नी होइन पानीमा लगेर चोबलेर राख्दे न, अनि जब तेरो दाइले गाइको

पछाडि पट्टि दुध दुहुन थाल्छ गाईको थुतुनोमा गएर लठ्ठीले हिर्काइदे न टाउको पट्टि होइन तेरो भाग हिर्काइदे गाईले दुधै दिँदैन ।" भनेछ नभन्दै उल्ले पनि त्यही गरेछ । राडी चिसो पारेर राख्दियो । बेलुका भाउजु चैं आई राडी लिनलाई राडी चिसो पारेको देखेपछि "किन यो चिसो पाऱ्या" भनेर भाउजु चाहिँले भनी । "अनि दिउँसो मेरो पालो होइन ? मेरो भागको पालामा जेसुकै गरूँ तपाईंलाई के मतलब ? चिसो पारूँ कि तातो पारूँ मेरो खुसी ।" भनेर भनिदिएछ । उसले अनि दाइचाहिँलाई लगेर कुरा लाइछ । अनि दाइचाहिँ आएर भन्यो, "किन बाबु तैँले यसो गरिस् ?" दाइचाहिँलाई पनि उसले त्यही जवाफ दियो । "मेरो भाग दिउँसोमा पऱ्या छ, मलाई मन लागेको मैले गरेँ । राति तपाईंलाई मन लागेको तपाईं गर्नुस् ।" भनेछ । अनि गाई दुहुन गयो बाल्टिन लिएर, उसले गाई दुहुन बस्नासाथ गाईलाई लौरोले हिर्काएर गाईलाई बिच्काइदियो । है । अनि "के गऱ्या तैँले यस्तो ?" "मेरो टाउकोपट्टिको भाग हो मैले जे सुकै गरूँ, तपाईंलाई के मतलब ?" अनि त्यहाँबाट चैं उसले हार खाएर ल बाबु अब त्यसो होइन राडी पनि आदि आदि गरौँ, पन्ध्र दिन तँ ओच्छ्या, पन्ध्र दिन म ओच्छ्याउँछु । दुध पनि आदि आदि गरौँ, घाँस पनि आदि आदि भनेर भाग मिलाएछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : लक्ष्मण दाहाल, चुरियामाई-१

### ३.९.३ लोककथाका तत्त्वका आधारमा 'अंशवण्डा' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथामा नेपाली समाजमा विद्यमान ठग प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । मूलतः दाजुभाइका बीच अंश बण्डामा हुने खिचातानीलाई यहाँ मुख्य विषयवस्तु बनाइएको छ । कथामा दुई दाजुभाइ मध्ये कान्छो साह्रै सोझो हुनु, दाजुभाउजुलाई भाइलाई पाल्नु पर्दा दिक्क लाग्नु र छुट्याइदिनु, अंशवण्डा गर्दा एउटा गाई र राडी बराबर गरी बाँड्न नमिल्नु दाजुले बठ्याइँ गरेर राडी दिनभरि भाइको भागमा र रातभरी आफ्नो भागमा पार्नु र गाई पनि टाउको तिर भाइलाई र थुनतिर आफूलाई पार्नु, कथाको आदि भाग हो भने भाइले धेरै दुःख गरेर गाइलाई घाँस काटेर खुवाउनु, राडी दिनभरि घाममा सुकाउनु, सफा गर्नु , तर दाइले मजासँग

गाइको दुध दुहेर खानु र राडी पनि रातभरि मजाले ओच्छ्याउनु, जस्ता घटनाहरू कथाको मध्य भाग हो । त्यसै गरी सधै आफूले दुःख गर्ने तर फाइदा दाजुले मात्र लिएकोमा भाइलाई चित्त नबुभ्नु, तेस्रो मानिससँग सल्लाह लिनु, सल्लाह बमोजिम गर्नु, अनिमात्र दाजुले आफूले भाइलाई ठगिरहेको कुराको स्वीकार गर्नु  र सधै ठग्न नसकिने ठानेर बराबर गरी व्यवहार गर्नु कथाको अन्त्य भाग हो ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-भाइ असाध्यै सोभ्फो हुनु,

-दाजुले गरेको अन्याय लामो समयसम्म सहेर बस्नु,

**ग) पात्र :**

प्रस्तुत कथाका दाजु र भाइ नै मुख्य पात्र हुन् कथामा अन्य पात्रहरू भाउजु, सल्लाह दिने मानिस जस्ता पात्रहरूको प्रयोग भए तापनि उनीहरूको भूमिका गौण देखिन्छ । मानवेतर पात्रका रूपमा गाईलाई प्रयोग गरिएको छ तर गाईको खासै उल्लेखनीय भूमिका भने कथामा देखिँदैन ।

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । कुनै गाउँलाई  कथाको स्थानगत परिवेश बनाइएको छ । ५ देदि ६ महिनासम्मको  समयवधिमा घटेका घटनाहरूलाई कथामा उल्लेख गरिएकाले कथा खासै लामो नभए तापनि समयगत परिवेश भने लामो हुन पुगेको छ ।

**ङ ) उद्देश्य :**

प्रस्तुत कथामा कसैलाई पनि ठग्नु हुँदैन । ठगप्रवृत्तिले कसैलाई पनि सधैँभरि पुग्दैन भन्ने कुरा देखाउनु कथाको मुख्य उद्देश्य हो । साथै कसैले पनि कसैलाई सधैँभरि ठग्न नसक्ने र

सोझो मान्छे पनि एक न एक दिन अन्यायको विरुद्धमा सचेत हुने कुरा देखाउनुलाई नै कथाले आफ्नो उद्देश्य बनाएको छ ।

**च) कथोपकथन :**

यस कथामा पनि केही लामा छोटा कथोपकथनको प्रयोग गरिएको छ । जसले यस कथालाई रोचक बनाएको छ । जुन यसप्रकार रहेका छन् :-

- दाइचाहिँले भने छ "तँ छुट्टी बाबु, तँलाई हामी पाल्न सक्दैनौँ ।"
- उसले भनेछ, "बाबु यो राडी चाहिने दिउसभरि तँलाई रातभरि मलाई, अनि यो गाई पनि टाउकोपट्टि तँलाई अनि यतापट्टि थुनपट्टि खुट्टापट्टि चाहिँ मलाई"
- "अनि दिउँसो मेरो पालो होइन ? मेरो भागको पालामा जेसुकै गरुँ तपाईँलाई के मतलब ? चिसो पारूँ कि तातो पारूँ मेरो खुसी ।" भनेर भनिदिएछ ।

**छ) भाषा :**

यस कथामा बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । जनजीवनको बोलचालको भाषा प्रयोग भएकोले भाषा सरल र आकर्षक बनेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

प्रस्तुकथा मानिसको प्रवृत्तिसँग सम्बन्धित छ । मानिसभित्रका खराब प्रवृत्तिलाई देखाएर समाजलाई सहीमार्गमा डोऱ्यानु यस कथाको मुख्य अभिष्ट बनेको छ । यसका साथै सोझो औंलाले घ्यु नआए औंला बङ्ग्याउनु पर्छ भन्ने सन्देश पनि कथाले दिन खोजेको छ समग्रमा कथाले मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक सन्देश दिन सफल बनेको छ ।

## ३.१० विद्वान पण्डित

### ३.१०.१ परिचय

यो कथा चुरियामाई-१ बाट सङ्कलित कथा हो । यसमा सामाजिक मूल्यमान्यता र संस्कृतिका कुरालई देखाइएको हुँदा यस कथालाई पनि सांस्कृतिक लोककथाको वर्गमा राखेर हेर्न सकिन्छ । प्रस्तुत कथामा भाग्यवाद जस्तो रूढीवादी परम्परलाई आत्मसात गर्ने गरेको नेपाली समाजको चित्र देखाइएको छ । कथामा भाग्यमा भए जे पनि हुन सक्छ भने भाग्यमा नभए जति मिहिनेत गर्दा पनि सफलता हात लाग्दैन त्यसैले भाग्य नै जीवनको सारथी हो भन्ने भाव व्यक्त गर्न खोजिएको छ ।

### ३.१०.२ मूलपाठ

एकादेशमा एउटा पण्डित थियो । पण्डित कामको खोजीमा धेरै तिर भौँतारियो । सोही क्रममा त्यही देशको राजाका आफ्नो सम्पूर्ण विद्वत्ताको प्रमाणपत्रहरू पेश गऱ्यो । अनि पेश गर्दा पनि राजाले चाहिँ उसका कुराहरू केही पनि सुनेन हेर्दा पनि हेरेन र उसलाई चै त्यो बेलाँ भ्रामरीको दशा लागेको रै'छ । अनि एकदिन उसका ती भ्रामरीको दसा सिद्धिए अनि सिद्धाको दसा आएछन् आएपछि सन्जोगबस राजाले पनि उसका कागजतहरू हेर्ने क्रममा त्यो पण्डितका विद्वत्ताका प्रमाणपत्रहरू पनि उल्ले हेऱ्यो; हेरे पछि आठ पहरियाहरूलाई बोलाएर फालानो पण्डितलाई लेराऊ भनेर पठायो अनि पठाएपछि आठपहरियाहरू आउनु भन्दा केहीछिन अगाडि त्यो घरमा लक्ष्मीले पनि प्रवेश गर्दै थिइन् र लक्ष्मीले के भनिन् भने, “ल बाबु अब तिम्रो घराँ म केही दिन बस्छु त्यो दिनसम्म तिम्ले जेजे भन्छौ त्यो त्यो कुराहरू पूरा हुन्छन्, सोचेर विचार गरेर काम गर्नू” भनेर पसिन् त्यही बेलामा ठ्याक्क आठपहरियाहरू पनि आए । आएपछि अनिखेर तपाईंलाई राजाले बोलाउन पठा'को ल हिन्नुस् रे भनेर भने । भनेपछि उसले भन्यो, “भनेपछि म जान्न, यत्रो दिन मैले दुःख पाउन्जेल राजाले हेरेन अब चाहिँ मलाई यो देशमा यो राजालाई के को खाँचो म जान्न त्यही भन्दे ।” भनेर भन्यो । त्यसो भनेपछि आठ पहरियाहरू गए । गएर चाहिँ अनिखेर राजालाई विद्वानले जे कुरा भनेको हो त्यही कुरा दर्शाए दर्शाइसकेपछि ओहो मैले चाहिँ वास्तवमै गल्ति नै गऱ्या रै'छु । यति ठूलो मान्छेको चैं मैले

अपमान नै गऱ्यार'छु । आफैँ गएर उल्लाई लिएर आउनु पऱ्यो भनेर राजाको सवारी भो, “ल हिँड बाजे म तिम्लाई मेरो सल्लाहकार परिषदमा नियुक्ति गर्दै छु । जानु पऱ्यो” भनेर राजाले भने । भनेपछि उसले यसो विचार गऱ्यो हैन जानु त पऱ्यो अब यो राजलाई मैले त्यहीँ गएर ठीक पार्छु भनेर गयो । गएपछि उनीहरूको त्यहाँ भारदारी सभा बसिराख्या'थ्यो । अनि त्यही क्रममा चैँ आज त म यो राजालाई सिध्याउँछु भनेर चैँ राजाको पछाडि पट्टि ऊ बसिराथ्यो । त्यही बेलामा चाहिँ उसले मौका मिलाएर राजालाई जमाएर लात्ताले हान्यो । राजा चैँ धेरै पर घिस्रेर पुगे सन्जोग के भयो भने ठ्याक्क राजा बसेको माथिको छत भ्यान्द्रयाङ्ग खसेर तल आयो । अनिखेर यसो हेरे राजाले आमामामामामाामा कति चैँ ठूलो विद्वानलाई मैले अपमान गऱ्या रै'छु त ? आज यो नभा'भे त म त मर्थँ । यस्तो खस्ने कुरा समेत यसलाई थाहा हुँदो रै'छ कत्रो चाहिँ मैले चाहिँ नकाम गऱ्या रै'छु है मलाई धिक्कार छ भन्ठानेर राजाले आएर अँगालो मारेर हे भविष्य द्रष्टा तिम्रो मैले ठूलो अपमान गऱ्या रै'छु भनेर चैँ उल्टो क्षमा माग्यो । अनि उल्ले पनि सोच्यो ओहो वास्तवमा लक्ष्मीले मलाई भन्या'थ्यो सोचेर काम गर्नु भन्या'थ्यो लक्ष्मी दाहिने भएर नै मलाई यस्तो भएको हो । नत्र मैले यलाई त मार्नी नै हिसाब गऱ्या' हो । भनेर सोच्यो । त्यस्तै भो' उल्ले जुनजुन काम चैँ नराम्रो सोचेर गर्दा खेरी पनि राम्रो हुनी । अनि हुँदा हुँदा सम्पत्ति पनि अकुत भो' सधैँ एक ठा' बसेर काम गर्दै जाँदाखेरि त राजाप्रति पनि माया पलाउँदै गयो । राजाप्रति ऊ चैँ एकदम बफादार हुँदै गो' हैन उही तपाइँको चाहिँ तुलसी गिरी महेन्द्रको बफादार भा' जस्तै । यस्तै हुँदै गो । अनि हुँदै हुँदै हुँदै गइसकेपछि एक दिन अफिस जान भनेर ठ्याक्क निक्ल्या'थ्यो त्यही बेलामा लक्ष्मी पनि निक्लिन् । “ल म छउन्जेल सम्म चाहिँ तिम्लाई राम्रै भा'थ्यो, राजालाई लात्ताले हान्दाखेरि पनि तिमी बच्या'थ्यौ अब म हिँडे नी यो घरबाट अब चाहिँ विचार गर्नु ।” भन्दै हिँडिन् । हिँडेपछि अनिखेर गयो अब त उल्लाई त माया पालाइ सक्याछ नि राजाप्रति अब त्यहाँको दानापानी खायो त्यहीबाट मोटायो हैन सुन्नी सक्या'छ । अब चाहिँ मैले सोच्नै पर्छ अबदेखि यस्तो गल्ती काम गर्दिन भन्दै गा'थ्यो अनि जानि बित्तिकै राजालाई के भो' “ल बाजे आजदेखि तिमी घटुवा भयौ तिमी मेरो द्वारपाल” भन्द्यो । कहाँको सल्लाहकार परिषदको मान्छे है राजाको खोपीको द्वारपाल भएर पो बस्न पर्नी भो लठ्ठी ले'र । लठ्ठी लेर बसिरा'थ्यो राजाले भने, “हामी खोपीमा एकछिन सुकला गर्छौं तिमी कोही आउला हेर्नू” हस् भन्या'थ्यो । त्यही बेलामा कहाँ कहाँबाट एउटा विर (सुँगुरको पाठो) आइपुग्यो चाँचाँ

र चुँचुँ गर्दै उसैलाई टोक्न आउँछ लखेट्छ । लौरोले हान्न खोज्या खोपीभित्र छिरी गो' छिऱ्यो छिरेपछि अनिखेर हान्नीभो राजा रानीलाई भ्याउनी भो' भनेर यत्रा यत्रा दारा पनि छन्, लौरो ले'र ग'को थ्यो सुँगुर कता गयो कता गयो त्यही बेलामा राजा व्यूँझे लौरो यसरी उज्याइरा' बेलामा ठ्याक्क देखे । "ए बदमास कहिको, एल्ले त हामीलाई मार्न पो आइ राख्या रे'छ " भनेर सोझै चाहिँ उसलाई आठपहरियाहरू लगा'र निकाल्दियो ।

सुन्नेलाई  सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्ति : वासुदेव प्याकुरेल, चुरियामाई-१

### ३.१०.३ लोककथाका तत्त्वका आधारमा 'विद्वान पण्डित' कथाको विवेचना

**क) कथानक :**

प्रस्तुत कथामा नेपाली समाजमा विद्यमान भाग्यवादसँग सम्बन्धित छ । यहाँ भाग्यमा भए जे पनि हुन्छ तर भाग्यमा छैन भने केही पनि हुँदैन भन्ने कुरालाई मुख्य भावभूमि बनाइएको छ । एकजना विद्वान पण्डितलाई दशा लागेका कारण जति काम खोज्दा पनि कतै काम नपाउनु कथाको आदि भाग हो ।  तर एक दिन उनको घरमा लक्ष्मीले प्रवेश गरेपछि उनले काम गर्दिन भन्दा पनि राजा कहाँबाट प्रस्ताव आउनु, उसले राजामाथि कुनियत राखेर विभिन्न काम गर्दा पनि परिणम राम्रो राम्रो आउनु, पण्डितले प्रशस्त धन सम्पति कमाउनु, कथाका मध्य भागका घटनाहरू हुन् । त्यस्तै एक दिन लक्ष्मीले घर छाडेर जानु, त्यस दिन देखि उसका नराम्रा दिन सुरु हुनु, जागिरमा उसको घटुवा हुनु, राम्रो नियत राखेर काम गर्दा पनि विभिन्न अपजसहरू आइलाग्नु र जागिरबाटै हातधुन पर्नु कथाको अन्तिम भाग हो ।

**ख) अभिप्राय :**

यस कथाका कथानक रुढी वा (अभिप्राय) लाई निम्नानुसार देखाउनु सकिन्छ ।

-पण्डितको घरमा लक्ष्मीको प्रवेश हुनु,

-लक्ष्मीको वर्हिगमन हुनु,

**ग) पात्र** :

प्रस्तुत कथामा मुख्य पात्रका रूपमा पण्डित देखिएका छन् । कथामा राजा, भारदारहरू, आठपहरियाहरू, पाले लगायतका थुप्रै पात्रहरूको प्रयोग भए तापनि कथामा सबै पात्रहरूको उत्तिकै भूमिका देखिँदैन । राजाको भूमिका केही बढी देखिए पनि उनी अलि बढी मूर्ख पात्रका रूपमा देखिएका छन्

**घ) परिवेश :**

यो कथा नेपाली ग्रामीण भेगमा प्रचलित कथा हो । कुनै देशको राजधानीलाई  कथाको स्थानगत परिवेश बनाइएको छ । यहाँ बेरोजगार पण्डितले रोजगारी पाएदेखि सुरु भएर उसको जागिर  सकिँदासम्मको  घटनालाई समेटिएको हुँदा कथाले लामो समयवधिलाई समेटेको देखिन्छ ।

**ङ) उद्देश्य :**

प्रस्तुत कथाले भाग्यको महत्वलाई देखाउने उद्देश्य बोकेको देखिन्छ । भाग्य हुँदा सानो प्रयासमा पनि ठूलो उपलब्धि हात लाग्न सक्छ भने भाग्यमा नभए जति सुकै कडा मिहिनेत गर्दा पनि सफलता प्राप्त हुन सक्दैन भन्ने भाग्यवादी सोचलाई प्रमाणित गरेर देखाउनमा नै कथाका  सम्पूर्ण घटनाहरू  घटाइएको हुँदा भाग्यवादलाई नै कथाको मुख्य उद्देश्य मान्न सकिन्छ ।

**च) कथोपकथन :**

यस कथामा पनि केही लामा छोटा कथोपकथनको प्रयोग गरिएको छ । जसले यस कथालाई रोचक बनाएको छ ।  जुन यसप्रकार रहेका छन् :-

- लक्ष्मीले के भनिन् भने, “ल बाबु अब तिम्रो घराँ म केही दिन बस्छु त्यो दिनसम्म तिम्ले जेजे भन्छौ त्यो त्यो कुराहरू पूरा हुन्छन्, सोचेर विचार गरेर काम गर्नू ।
- उसले भन्यो, “भनेपछि म जान्न, यत्रो दिन मैले दुःख पाउन्जेल राजाले हेरेन अब चाहिँ मलाई यो देशमा यो राजालाई के को खाँचो म जान्न त्यही भन्दे ।”

**छ) भाषा :**

यस कथामा बोलचालको नेपाली भाषाको प्रयोग भए तापनि कतै कतै केही तत्सम शब्दहरूको समेत प्रयोग भएको देखिन्छ । नेपाली झर्रा शब्द र तत्सम शब्दहरूको कुशल संयोजनले भाषा सुमधुर बन्न पुगेको छ ।

**ज) शैली :**

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गएिको छ ।

प्रस्तुत कथा नेपाली सामाजको मूल्य मान्यतालाई आधारभूमि बनाएको एक सामाजिक कथा हो । जसमा समाजमा विद्यामान रुढीबुढीहरूलाई देखाउन खोजिएको छ । भाग्यवादी सोचले समाज कति ग्रसित छ भन्ने कुरा कथामा प्रष्टसँग देखाइएको छ । सँगसँगै कथामा मनोरञ्जनात्मकतालाई पनि उत्तिकै जोडदार रूपमा प्रस्तुत गरिको छ । समग्रमा कथा विधातात्त्विक हिसाबले सफल बन्न पुगेको छ ।

## ३.११ निष्कर्ष

मकवानपुरको चुरियामाई गा.वि.स. मा प्रचलित विभिन्न लोककथाहरूलाई सङ्कलन गरी सङ्कलित कथाहरू मध्येबाट विषयवस्तुका आधारमा छनोट गरी जम्मा १० वटा कथाहरूको विधातात्त्विक आधारबाट विश्लेषण गरिएको छ । जसमा चुरियामाई-२ बाट सङ्कलित 'मुसेको कथा' अरुलाई बिगार्न खोज्दा आफ्नै विनास हुने र इमान्दार मान्छे सधैं सफल हुने सन्देश दिन सफल देखिन्छ । त्यस्तै चुरियामाई-५ बाट सङ्कलित 'पापको बाबु लोभ' कथाले लोभ नै पापको मुख्य स्रोत भएकाले लोभ गर्न नहुने कुरा बताउन खोजेको छ भने चुरियामाई-३ बाट सङ्कलित 'टुहुरी छोरीको कथा' ले पूर्ण मनोरञ्जनात्मकतालाई अङ्गालेको छ । चुरियामाई-८ बाट सङ्कलित 'स्यालको कथा' मा हाम्रो समाजमा विद्यमान ठग प्रवृत्तिको भण्डाफोर गर्दै चतुर्‍याईको प्रयोग गरी ठगहरूलाई पनि ठेगान लगाउन सकिने कुरा देखाइएको छ । चुरियामाई-२ बाट सङ्कलित अर्को कथा 'भाग्यको फल' कथा भने हाम्रो समाजमा जरा गाडेर बसेको भाग्यवादी सोँचलाई देखानुका साथै स्रोतालाई हँसाउन पनि सफल भएको छ । त्यतिमात्र

नभई अवसरको सदुपयोग गर्न नजान्ने नेपालीहरूको कमजोर वुद्धिलाई पनि कथाले व्यङ्ग्य गरेको छ । त्यस्तै यस अध्यायमा प्रस्तुत 'पुन्टे र भुन्टेको कथा' ले आफ्नो धर्म र संस्कृतिका लागि मानिसले कसरी जोखिमयुक्त काम गर्नु पर्छ भन्ने कुरा देखाउँदै गलत कामै गर्दा पनि यदि त्यसको नियत सही छ भने त्यस्तो गल्तीले माफी पाउन सक्छ भन्ने तथ्यलाई पनि प्रस्तुत गरिएको छ । चुरियामाई-५ बाट सङ्कलित 'अन्धो जोगी' कथामा हामीले प्रयोग गरेको अवसरलाई वौद्धिक ढङ्गबाट प्रयोग गने सके त्यसबाट ठूलो लाभ लिन सकिन्छ भन्ने सन्देश भेटिन्छ । त्यस्तै 'घमण्डी बाघ शीर्षकको कथा' चुरियामाई-२ बाट सङ्कलित कथा हो । यस कथामा बाघको घमण्ड र मूर्ख वुद्धिका कारण बचिसकेको ज्यान समेत गएको प्रसङ्ग देखाउँदै जीवनमा कसैले पनि घमण्ड गर्न नहुने नैतिक सन्देश व्यक्त गरिएको छ । चुरियामाई-१ बाट सङ्कलित 'अंशवण्डा' शीर्षक कथामा ठग प्रवृत्ति सधैँ नटिक्ने र त्यो कुनै न कुनै दिन अवश्य पर्दाफास हुने हुँदा त्यस्तो प्रवृत्ति कसैका लागि पनि हितकर  नहुने आशय व्यक्त भएको छ । त्यस्तै चुरियामाई-१ बाटै सङ्कलित अर्को कथा 'विद्वान पण्डित' कथाले पनि भाग्यवादलाइ नै आफ्नो भावभूमि बनाएको हुँदा उक्त कथाले भाग्य जीवनको सारथी हो; भाग्यमा भए जीवनमा जेपनि प्राप्त हुन्छ र भाग्यमा नभए जतिसुकै मिहिनेत गरे पनि सफलता प्राप्त हुन सक्दैन भन्ने आशय व्यक्त गरेको छ ।

यस प्रकार लोककथाले समाजमा व्याप्त विचार, प्रवृत्ति र व्यवहारलाई प्रतिनिधित्व गरेका हुन्छन् । साथसाथै समाजमा व्याप्त त्यस्ता खराब प्रवृत्तिको अन्त्य गर्दै समाज सुधारको चाहना पनि लोककथामा व्यक्त भएको हुन्छ । यसका अलावा मनोरञ्जनात्मकता पनि लोककथाको अर्को महत्त्वपूर्ण विशेषता हो भन्ने कुरा माथि उल्लेखित कथाहरूको भावबाट स्पष्ट हुन्छ ।

# अध्याय - चार

# उपसंहार

## ४.१ सारांश :

कथातत्त्वका आधारमा 'मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स.मा प्रचलित लोककथाहरू सम्बन्धी अध्ययन' शीर्षकमा लेखिएको प्रस्तुत अध्ययनपत्रमा चार अध्यायहरू रहेका छन् ।

पहिलो अध्यायमा अध्ययन परिचय, समस्याकथन, उद्देश्य कथन, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययको क्षेत्र तथा सीमा, अध्ययन विधि, सामग्री सङ्कलन विधि, अध्ययन रूपरेखा आदि शीर्षकहरूका बारेमा प्रकाश पारिएको छ ।

दोस्रो अध्यायमा लोककथाको परिभाषा, लोककथाका विशेषता, लोककथाका तत्त्व, लोककथाको वर्गीकरण, लोककथाको अध्ययनपरम्परा, र निष्कर्ष आदि शीर्षकहरूका बारेमा प्रकाश पारिएको छ ।

तेस्रो अध्यायमा कथातत्त्वका आधारमा मकवानपुको चुरियामाई गा.वि.स.मा प्रचलित नेपाली लोककथाहरूको अध्ययन र विश्लेषण रहेको छ र यसै अध्यायको अन्तमा लोककथाको निष्कर्ष लेखिएको छ ।

चौथो अध्यायमा उपसंहार राखिएको छ । उपसंहारको शुरुमा सारांश लेखिएको छ भने अन्तमा सम्पूर्ण अध्यायहरूको बारेमा सामान्य जानकारी र निष्कर्ष दिइएको छ ।

अध्ययनका आधारभूत तत्त्व र संरचना प्रणालीमा आबद्ध प्रस्तुत अध्ययनपत्र सङ्गठितर प्रमाणित बनाइएको छ ।

## ४.२ निष्कर्ष

लोकसाहित्य संसारकै सर्वप्राचीन सिर्जना हुन् । यसमा परम्पराका मूल्यमान्यताको अंश रहेको हुन्छ । त्यसमा पनि लोककथा विधा श्रुति-स्मृति परम्पराबाट पुस्तौँपुस्ता हस्तान्तरित हुने विशेष सरल र बढी लोकप्रिय विधामा पर्दछ । लोक समुदायको मूल्य-मान्यताको धरोहर बनेर उभिएको यो सम्पत्तिको छुट्टै वैशिष्ट्य रहेको छ । मानिसका दुःख-सुखको साथी, बसिबियाँलोको माध्यम तथ मनोरञ्जनको साधन बनेको लोककथा विभिन्न घटनाहरूमा आधारित हुन्छन् । मानिसलाई नैतिक सन्देश प्रदान गरेर सत्मार्गमा डोऱ्याउने काम यिनले गरेका हुन्छन् । लोककथालाई आधुनिक साहित्य एवम् संस्कृतिका चालचलनले विस्तथापित गर्न लागेझैँ देखिने आजको समयमा यसको संरक्षण सम्बर्द्धन गर्नु आवश्यक देखिन्छ । जुन कार्यमा लोकसाहित्यका अध्येयताहरूले यसमा चासो देखाई गरेका सङ्कलन, वर्गीकरण, विश्लेषणका कदमले पनि केही हदसम्म उक्त संरक्षण गर्ने अभियानमा बल प्रदान गरेको छ ।

नेपाल अधिराज्यको मध्य भागमा अवस्थित मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा पर्ने मकवानपुर जिल्लाको अलग पहिचान छ । देशेको भित्रीमधेशमा पर्ने यो जिल्ला सुमधुर मौसमी अवस्था रहेको जिल्ला हो । यहाँ तराई र उच्च पहाडी दुबै क्षेत्रमा पाइने मौसमी अवस्थाको स्वाद चाख्न पाइन्छ । तसर्थ विभिन्न जात जाति र संस्कृति बोकेका मानिसहरूको बसोबास रहेको याो जिल्ला विविधता युक्त जिल्लाको रूपमा परिचित छ । जिल्लाभरि नै जातीय हिसाबले तामाङ्ग समुदायको बाहुल्यता रहे तापनि यस अध्यन क्षेत्र (चुरियामाई गा.वि.स) मा भने सबै जात जातिको मिश्रित समुदाय रहेको छ त्यसमा पनि बाहुन क्षेत्री र नेपाली भाषाको सम्पर्कका काराण यहाँको तामाङ्ग समुदायलाई पनि नेपाली भाषा र संस्कृतिले प्रभाव पारेको देखिन्छ ।

लोकसाहित्यको समाजको ऐना हो । यसमा लोकजीवनको सांस्कृतिक, धार्मिक, सामाजिक आदि पक्षहरू प्रतिबिम्बित भएका हुन्छन् । यस्तो सर्वप्राचीन र महत्वपूर्ण धरोहर लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा लोककथा आउँछ । जीवनशैली, लोकव्यवहार, दुःखसुख, लोकभावना प्रतिबिम्बित हुन लोककथा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाँदा घटना र प्रस्तुतीशैलीले नवीनता ग्रहण गर्दै जान्छ । मूलवस्तु कालान्तरमा पृथक बन्दै गए पनि कथाका सहायक प्रसङ्गहरू अति छिटो परिवतर्तित हुने गदैछन् । परिवर्तनको विशेषता अवलम्बन गर्दै

जाँदा तत्कालीन समाजको विविध पक्ष ग्रहण गरी आधुनिक कथाको रूपमा परिणत हुन सक्ने हुनाले आधुनिक कथा लोककथाकै पुष्ठभूमिबाट जन्मेको मानिन्छ । लोककथ भन्ने र सुन्ने परम्परा अद्यापि प्रशस्त रहेको पाइने मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स. मा कथाभन्ने र सुन्ने काममा बुढापाकाहरू र केटाकेटीहरू नै बढी सहभागी रहने गरेको पाइन्छ । यसबाट बुढापाकाले केटाकेटीहरूलाई नैतिक सन्देश तथा अर्ती उपदेश दिन कथालाई माध्यम बनाउने गरेको देखिन्छ ।

मकवानपुरको यस चुरियामाई गा.वि.स.मा प्रचलित लोककथाहरू पौराणिक, धार्मिक, साँस्कृतिक, किंवदन्तीमूलक, सामाजिक आदि विषयको सेरोफेरोमा संरचित छन् । पशुपंक्षी र भूतप्रेतसँग सम्बन्धित कथा, भाग्य एवम् जीवनदृष्टिका विषय समेटिएका कथाहरू पनि यहाँ प्रशस्त भेटिन्छन् । पराक्रम, प्रेमवासनायुक्त, मानवीय प्रवृत्ति, हाँस्य, मनोवैज्ञानिक, नीतिपरक आदि कथाले यहाँ जनमानसको विभिन्न खाले मूल्य-मान्यता र जीवन पद्धतिको चित्र उतारेको छ । मेलापात, घाँसदाउरा, गोठाला जाँदा वा पैदल यात्रामा उकालोओरालो गर्दा, साँझमा पिँढीका डिल र आँगनमा बसी वातावरण र सन्दर्भ अनुसारको कथा हाल्ने चलन यहाँ भेटिन्छ । धार्मिक परम्परालाई निरन्तरता दिन, सांस्कृतिक मान्यतालाई स्थापित गर्न व्यक्तिलाई आचरणयुक्त र नैतिकवान् बनाउन कथा सुनाउने प्रचलन बढी देखिन्छ । प्रस्तुतिका क्रममा विभिन्न घटनाका फुँदा गाँस्दा गाँस्दै यसलाई रोचक र मनोरञ्चक बनाउँदै हाउभाउकासाथ कथा भन्दा यसको अभिप्राय प्रष्टिने हुँदा कथावाचक सचेत हुनु पर्नेमा जोड दिइन्छ । चुरियामाई गा.वि.स.मा प्रचलित सामाजिक सन्देश प्रवाह गर्ने लोककथाहरूमा संवेदशीलताको कमी भएका पात्रहरूबाट कथालाई गति दिइएको पाइन्छ भने भाग्यवाद र रुढीवुढीको कट्टर सोचबाट प्रेरित भएर व्यवहारिक जीवनमा त्यस्ता मान्यता आत्मसात् गरेको देखिन्छ । नीतिपरक र भाग्य सम्बन्धी कथाहरू पनि प्रचलनमा रहेको यस जिल्लामा पराक्रम, प्रेम, वासनायुक्त मनोवैज्ञानिक कथाहरू पनि केही मात्रामा पाइन्छन् । यसका तुलनामा पशुपंक्षी र भूतप्रेम, हाँस्य, सामाजिक परिवेश खिचिएका कथा बढी पाइन्छन् ।

चुरियामाईवासी लोकसमुदायको जीवनमा आवद्ध भएका लोककथाहरूले स्थानीय भाषिक अभिलक्षणको प्रतिनिधित्व गरेको छ । बोलीचालीको कथ्यभाषालई समेटेको लोककथाहरूमा भाषिकाको स्वरूप समेत आत्मसात भएको छ । सहज र सम्प्रेष्य ढङ्गबाट प्रस्तुत भएका कथाका

विषय साह्रै गौण तथा पात्रगत संयोजनको बुद्धिमानी नपुगेकासमेत प्रतीत हुन्छन् । जे होस् समग्रमा यहाँका कथाहरूले लोकजीवनको प्रतिबिम्ब उतारेको छ । विशिष्ट मूल्य-मान्यता, गुण एवम् विशेषताहरूलाई यहाँका कथाको सङ्कलन कहीँकतैबाट नभएकाले सङ्कलन अभियान प्रारम्भ गरी प्राप्त भएका २०-२५ लोककथाहरूलाई छानविन गरी विषयगत आधारमा जम्मा १० वटा कथालाई विश्लेषणको कसीभित्र राखिएको छ । यस क्षेत्रमा प्रचलित लोककथाको अवस्था स्वरूप तथा गहनताको अध्ययन गर्न जोसुकैलाई आधार मिल्ने कुरामा अध्येता विश्वास गर्दछ । लोककथाको अध्ययन सम्बन्धी यो सानो अभियानले समग्र नेपाली लोककथाको क्षेत्रमा थोरै भए पनि सहयोग पुऱ्याउने विश्वास लिन सकिन्छ । यस्ता विधागत अध्ययन जुनसुकै क्षेत्र र विधामा हुनु पर्दछ । जसले लोक घेराहरूको संरक्षण गर्ने कार्यको धरातलमा एकपछि अर्को इँटा थपी लोकसाहित्यिक सम्पतिको सबल स्वरूप निर्माणमा टेवा पुऱ्याउन सक्दछ । यस्ता सम्पत्तिको संरक्षण गर्ने अभियानमा चासो देखाउने एवम् जिज्ञासा मेट्न खोज्ने भावी पिँढीका अध्येता, पाठक एवम् सर्जकहरूलाई प्रस्तुत क्षेत्रमा लाग्नु हुन अध्येता आह्वान गर्दछ ।

## सङ्कलित लोककथा वाचकहरूको परिचय

| क्र.सं. | लोकथाको शीर्षक | वाचकको नाम | ठेगाना | उमेर |
|---|---|---|---|---|
| १ | मुसेको कथा | नकुल प्र. अधिकारी | चुरियामाई-२ | ५१ वर्ष |
| २ | पापको बाबु लोभ | केशब बर्तौला | चुरियामाई-५ | ५५ वर्ष |
| ३ | टुहुरी छोरीको कथा | कृष्ण प्र. अधिकारी | चुरियामाई-३ | ३० वर्ष |
| ४ | स्यालको कथा | कुमार स्याङ्तान | चुरियामाई-८ | ३५ वर्ष |
| ५ | भाग्यको फल | देवराज पौडेल | चुरियामाई-२ | ४० वर्ष |
| ६ | पुन्टे र भुन्टेको कथा | सानु कान्छा दोङ् | चुरियामाई-८ | ४४ वर्ष |
| ७ | अन्धो जोगी | राम बहादुर पार्खिन | चुरियामाई-५ | ४८ वर्ष |
| ८ | घमण्डी बाघ | धन बहादुर कार्की | चुरियामाई-२ | ६० वर्ष |
| ९ | अंश वण्डा | लक्ष्मण दाहाल | चुरियामाई-१ | ५२ वर्ष |
| १० | विद्वान पण्डित | वासुदेव प्याकुरेल | चुरियामाई-१ | ५५ वर्ष |

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज/ भट्टराई, बद्रीविशाल (२०६८), काठमाडौं **प्रयोगात्मक नेपाली शब्दकोश,** विद्यार्थी प्रकाशन प्रा.लि.

अमात्य, साधना (२०६४), नेपाली विभाग, मानविकी तथा समाजशास्त्र सङ्काय, त्रि.वि.काठमाडौं **"मकवानपुर जिल्ला अन्तर्गत पालुङ उपत्यकाका सांस्कृतिक तथा ऐतिहासिक लोककथाहरूको सङ्कलन र विश्लेषण"** (अप्रकाशित शोधपत्र)

तामाङ्ग, अमृत (२०५८),काठमाडौं **तामाङ्ग साहित्यको इतिहास,** काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), काठमाण्डौं **नेपाली लोकसाहित्यको विवेचना** त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, मोतीलात (२०६३), काठमाडौं **सोरठी नृतय नाटिका,** दीक्षान्त पुस्तक प्रकाशन ।

पराजुली, मोतीलात र गिरी, जीवेन्द्र देव (२०६८), काठमाडौं **नेपाली लोकसाहित्यको रूपरेखा,** साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४०),काठमाडौं **नेपाली बृहत् शब्दकोष** , नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

प्रसाइँ, शशीकलाकुमारी (२०६५) नेपाली विभाग, मानविकी तथा समाजशास्त्र सङ्काय, त्रि.वि.काठमाडौं **"कथातत्त्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन"** (अप्रकाशित शोधपत्र)

बन्धु, चुडामणि (२०५८),काठमाडौं **नेपाली लोकसाहित्य**, एकता बुक्स ।

शर्मा, मोहनराज/लुइटेल, खगेन्द्र (२०६३),काठमाडौं **लोकवार्ताविज्ञान र लोकसाहित्य,** विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, कृष्ण प्रकास (२०६३), काठमाण्डौं **नेपाली किंवदन्ती माला,** ए.वी.एस्. प्रेस ।